# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा मानवीय र सामाजिक वस्तु हो । समाजमा बसोबास गर्ने व्यक्तिहरूको विचार विनिमयको मुख्य साधन भाषा हो । मानवका उच्चारण अवयवद्वारा उच्चारित मानवीय अभिव्यक्ति नै भाषा हो (लामिछाने, २०६५, पृ. ३) । यसरी उच्चारण अवयवद्वारा उच्चरित ध्वन्यात्मक अभिव्यक्ति नै भाषा हो । भाषा शिक्षण भनेको भाषिक सीपको शिक्षण हो । भाषिक सीप भन्नाले सुनाइ, बोलाइ, पढाइ र लेखाइमा कुनै भाषामा स्पष्टता र पूर्णता प्राप्त गर्नु नै भाषा शिक्षण हो । भाषा शिक्षणका चारवटा सीपमध्ये उच्चारण बोलाइ सीपसँग सम्बन्धित कुरा हो ।

उच्चारण भनेको बोलीसँग सम्बन्धित कुरा हो । बोली मानव मुखका विभिन्न उच्चार्य अङ्गका माध्यमले ध्वन्यात्मक रूपमा प्रकट हुन्छ । भाषैपिच्छे ध्वनि उच्चारहरू फरक फरक हुन सक्छन् । नेपाली भाषाका खण्डीय र खण्डेतर वर्णहरूको उच्चारणमा आफ्नै किसिमका प्रयत्न, कम्पन, घन्को र श्वासको मात्रा हुन्छन् । हरेक वर्णहरू अक्षरमा, अक्षरहरू रूपमा, रूपहरू शब्दमा, शब्दहरू पदावलीमा, पदावलीहरू उपवाक्य तथा वाक्यमा र हरेक वाक्यहरू सङ्कथनमा उनिएर सिङ्गो भाषिक अभिव्यक्ति तयार हुने हुनाले यी सबैका लागि उच्चारण आधारभूत एवम् महत्त्वपूर्ण पात्र हो । उच्चारणसित हलन्त, अजन्त, गति, यति, सुर, लय, अनुतान, आघात आदि अभिव्यक्तिका अन्य विविध भाषिक पक्षहरूको पनि महत्त्वपूर्ण भूमिका हुन्छ । सही र शुद्ध उच्चारण भए मात्र भाषाको सही अभिव्यक्ति तयार हुन्छ र सबैका निम्ति ग्राह्य र सम्प्रेष्य बन्दछ । उच्चारणगत कमजोरी वा अशुद्धिले बोलीमा अस्पष्टता, अनिर्भरता, अप्रभावकारिता तथा अशोभनीयताको सिर्जना हुन्छ । हरेक भाषिक सीपसँग उच्चारणको सहसम्बन्ध गाँसिएको हुन्छ । जस्तो बोल्यो त्यस्तै सुनिने, जस्तो सुनियो त्यस्तै धारण गरिने, जस्तो उच्चार्य धारणा बनायो त्यस्तै उच्चारण गरी बोलिने र पढिने अनि जस्तो बोल्यो, पढ्यो त्यस्तै लेखिने विशेषताहरू उच्चारणकै कारणले हुने गर्दछ । लेख्य अभिव्यक्ति पनि कथ्य अभिव्यक्तिकै प्रतिरूप भएकाले त्यसलाई सुनिश्चित रूप गोरेटोमा हिँडाउन उच्चारणले सुगम भूमिका खेल्दछ ।

नेपाल बहुजाति, भाषा र संस्कृतिले सम्पन्न राष्ट्र हो । वि.सं. २०६८ को जनगणनानुसार नेपालमा विभिन्न भाषा परिवारका १२३ भाषा बोल्ने गरिन्छ । तीमध्ये १० प्रमुख भाषाहरूमा नेपाली मैथिली, भोजपुरी, थारु, तामाङ, नेवार, बज्जिका, मगर, डोटेली र उर्दू बोल्ने गरेका छन् । यी दशवटा प्रमुख भाषाहरूमध्ये मैथिली नेपाली भाषा पछिको सबभन्दा बढी बोलिने भाषा हुन् । जसका वक्ताहरू २०६८ का जनगणनानुसार ११.६७% रहेका छन् । नेपालको संविधान (२०७२) भाग १, परिच्छेद ६ ले नेपालमा बोलिने सबै मातृभाषा र नेपालका राष्ट्रभाषा हुन् भनी राष्ट्र भाषाको मान्यता दिएको छ । मैथिली भाषा पनि नेपालको राष्ट्र भाषाको रूपमा परिचित र विकसित हुँदै नेपालीभाषी वक्ता पछिको दोस्रो स्थानमा सबभन्दा बढी बोलिने भाषाको रूपमा परिचित भएको छ । मैथिली भाषा मुख्य रूपमा मिथिला प्रदेश सिरहा, सप्तरी, धनुषा, महोत्तरी, मोरङ, सुनसरी आदि जिल्लाहरूमा बसोबास गर्ने वक्ताहरूले बढी बोल्ने गर्दछ । मैथिलीभाषीहरूले दोस्रो भाषाका रूपमा नेपाली भाषा सिक्ने र बोल्ने गर्दछ । नेपालमा मैथिली भाषामा पठनपाठन आधारभूत, माध्यमिक र विश्वविद्यालय तहसम्म हुँदै आइरहेको छ । पहिलो भाषा प्राकृतिक वातावरणमा सहज रूपमा सिकिन्छ भने दोस्रो भाषा उद्देश्यअनुसार व्यवस्थित र नियन्त्रित वातावरणमा सिकिने गर्दछ जसले गर्दा पहिलो भाषाले दोस्रो भाषा सिक्दा केही सार्थक र बाधकका रूपमा प्रभाव पर्दछ । मैथिलीभाषी विद्यार्थीहरूले पठनपाठनको क्रममा दोस्रो भाषाका रूपमा नेपाली सिक्दा नेपाली शब्दहरूको, वाक्यहरूको उच्चारण गर्दा धेरै त्रुटि गर्ने गर्दछ ।

मैथिलीभाषी वक्ताहरूले गर्ने नेपाली उच्चारण क्षमताको अवस्था के-कस्तो रहेछ भन्ने विषयमा केन्द्रित भई मैथिली भाषा बढी बोल्ने प्रमुख थलो महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको अवस्था के-कस्तो रहेछ भन्ने शीर्षकमा अहिलेसम्म अनुसन्धान नभएकोले यस शीर्षकमा रही प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.२ समस्याकथन

महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको अध्ययन गर्नु नै प्रस्तुत शोधकार्यको मुख्य समस्या रहेको छ ।

उक्त समस्याको समाधानको लागि निम्नलिखित शोधप्रश्नहरूको विश्लेषण गरिएको छ :

(क) महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता के-कस्तो रहेको छ ?

(ख) विद्यालय प्रकृतिका आधारमा उक्त विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता के-कस्तो छ ?

(ग) लैङ्गिक आधारमा उक्त विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको तुलनात्मक स्थिति के-कस्तो छ ?

## १.३ शोधकार्यको उद्देश्य

महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको अध्ययन गर्नु नै प्रस्तुत शोधकार्यको मूल उद्देश्य रहेको छ । उल्लिखित मूल उद्देश्य प्राप्तिका लागि निम्न अन्य उद्देश्यहरू रहेका छन् :

(क) महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको अध्ययन गर्नु,

(ख) विद्यालय प्रकृतिका आधारमा उक्त विद्यार्थीहरूको उच्चारण क्षमताको अध्ययन गर्नु,

(ग) लैङ्गिक आधारमा उक्त विद्यार्थीहरूको उच्चारण क्षमताको तुलनात्मक विश्लेषण गर्नु ।

## १.४ शोधकार्यको सान्दर्भिकता र उपादेयता

भाषिक सामर्थ्यतामा उच्चारण क्षमताको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । भाषा सिकाइको शुरुवात बोलीबाट हुने भएकोले उच्चारणमा स्पष्टता र शुद्धता भएमा मात्र भाषालाई मानक बनाउन सकिन्छ । मैथिलीभाषी विद्यार्थीहरूले दोस्रो भाषाका रूपमा नेपाली उच्चारण गर्दा विभिन्न त्रुटिहरू गर्ने सम्भावना रहने हुँदा महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको उच्चारण क्षमताको अध्ययन वर्तमान समयसम्म नभएकोले प्रस्तुत शीर्षकमा अध्ययन अनुसन्धान गर्न सान्दर्भिक रहने देखिन्छ । साथै महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता के-कस्तो रहेको छ भनी पत्ता लगाउन यो अध्ययन उपयोगी रहने देखिन्छ । यस अध्ययनले लैङ्गिक आधारमा ती विद्यार्थीको उच्चारण क्षमताको भिन्नता थाहा पाउन पनि सहयोग पुऱ्याएको छ ।

उच्चारणको परिचय, शिक्षणक्रम, उच्चारण शिक्षणको तरिका, उच्चारणका त्रुटिका क्षेत्रहरू र उच्चारणमा देखिएका त्रुटिका समाधानहरूबारे जानकारी पाउन पनि प्रस्तुत अध्ययन उपयोगी हुनेछ । त्रुटि विश्लेषणको सैद्धान्तिक ज्ञान हासिल गर्न चाहनेहरूका लागि प्रस्तुत अध्ययन उपयोगी रहने देखिन्छ । मैथिलीभाषी विद्यार्थीहरूको उच्चारणगत क्षमता र त्रुटि पहिचान गरी उच्चारण क्षमता वृद्धि गर्नको लागि यस अध्ययनले सहयोग पुऱ्याउन सक्ने देखिन्छ । शिक्षक, विद्यार्थी, भाषाविद्, पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण तथा प्रस्तुत शीर्षकको बारेमा ज्ञान प्राप्त गर्न चाहने जो सुकैलाई प्रस्तुत अध्ययन औचित्यपूर्ण रहेको छ । आगामी अध्ययनलाई आधार प्रदान गर्न पनि प्रस्तुत शोधपत्र उपयोगी रहेको छ

## १.५ शोधकार्यको सीमाङ्कन

शोधकार्य जटिल, संवेदनशील र व्यापक कार्य भएकोले यसको अध्ययनको सीमाङ्कन गर्नु आवश्यक रहन्छ । अध्ययनलाई निश्चित दिशा प्रदान गर्न, वस्तुनिष्ठ बनाउन र अध्ययनको उद्देश्यलाई औचित्यपूर्ण बनाउन सीमा निर्धारण आवश्यक रहन्छ । तसर्थ प्रस्तुत शोधकार्य निम्न सीमामा रहेर अध्ययन गरिएको छ :

(क) यस अध्ययनमा महोत्तरी जिल्लाको कक्षा आठमा अध्ययनरत मैथिली मातृभाषी विद्यार्थीहरूलाई मात्र समावेश गरिएको छ ।

(ख) प्रस्तुत अध्ययनलाई महोत्तरी जिल्लाका विद्यालयहरूमा मात्र सीमित रहेको छ ।

(ग) विद्यालय प्रकृतिका आधारमा पाँचओटा सामुदायिक र पाँचओटा संस्थागत विद्यालय गरी जम्मा दश विद्यालयलाई मात्र अध्ययनमा समावेश गरिएको छ ।

(घ) लैङ्गिक आधारमा ५ ओटा संस्थागत विद्यालयका २५/२५ जना छात्रछात्राहरू र ५ ओटा सामुदायिक विद्यालयका २५/२५ जना छात्रछात्राहरू गरी जम्मा १०० जना मैथिलीभाषी विद्यार्थीहरूमा अध्ययन सीमित गरिएको छ ।

(ङ) प्रस्तुत अध्ययनमा मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको अध्ययन शब्द, वाक्य र कविताको पङ्क्ति तहमा सीमित गरिएको छ ।

(च) विद्यार्थीहरूले सही उच्चारण गरे नगरेको पहिचान गर्नका लागि प्रयोगात्मक नेपाली शब्दकोशमा रहेको उच्चारण व्यवस्थालाई मात्र आधार बनाइएको छ ।

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

अनुसन्धानका क्रममा सम्बन्धित विषयमा यसअघि सम्पन्न गरिएका पुस्तक, पत्रपत्रिका, लेख, शोध, प्रबन्ध, प्रतिवेदन आदि कार्यहरूको व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । यसले सम्बन्धित विषयमा के कति अध्ययन अनुसन्धान भएका छन् र के-कति काम बाँकी छन् भन्ने कुराको जानकारी प्रदान गर्दछ । पूर्वकार्यको अध्ययनले अनुसन्धान कार्यलाई सजिलो र व्यवस्थित ढङ्गले अगाडि बढाउन सहयोग गर्नुका साथै यसले पूर्वकार्य सम्बन्धित विषयमा कुन प्रयोजन र प्रकृतिसँग के कति मिल्दछ र कुन विधि तथा पद्धति अपनाएको छ भन्ने थाहा पाउन पनि सहयोग पुऱ्याउँछ । त्यसैले अनुसन्धान कार्यमा पूर्वकार्यको महत्त्व रहेको हुन्छ । पूर्वकार्यको अध्ययनबाट शोधकार्यलाई सैद्धान्तिक पृष्ठभूमिको बारेमा जानकारी हुने, समस्याको अवगत हुने, अध्ययन गर्न खोजेका विषयमा थप मार्गनिर्देशन हुने, विशिष्टीकरण गर्न सिकाउने, पुनरावृत्तिलाई कम गर्ने र सम्भावित त्रुटिबाट जोगाउनुका साथै समस्याको जड पत्ता लगाउन समेत सहयोग पुग्दछ ।

प्रस्तुत शोधकार्यका लागि उच्चारण क्षमता र उच्चारण त्रुटिको अध्ययनसँग सम्बन्धित हालसम्म भएका पूर्वकार्यहरूमध्ये केही पुस्तक र शोधको अध्ययन/पुनरावलोकन पूर्वकार्यको समीक्षाको रूपमा उल्लेख गरिएको छ ।

### २.१.१ पुस्तक समीक्षा

ढकाल र पोखरेल (२०६५) द्वारा 'साधारण नेपाली' पुस्तकमा नेपाली वर्ण र अक्षरअन्तर्गत नेपाली वर्णको उच्चारण र नेपाली अक्षरको उच्चारण र लेखन र पहिचान, नेपाली वर्णविन्यासअन्तर्गत ह्रस्व र दीर्घ नियम, अजन्त र हलन्तको प्रयोग जस्ता विषयवस्तुको चर्चा गरिएको छ । उक्त पुस्तकमा नेपाली वर्ण र अक्षरहरूको पहिचान र उच्चारण कसरी गर्ने, ह्रस्व, दीर्घ, अजन्त-हलन्त के कस्तो शब्दमा प्रयोग गर्ने भन्ने कुराहरूको पहिचान, प्रयोग गर्ने भन्ने कुराहरूको पहिचान, प्रयोग कसरी गर्ने सैद्धान्तिक अवधारणा निर्माण गर्न उक्त पुस्तक उपयोगी हुने देखिन्छ ।

लामिछाने (२०६५) द्वारा लिखित 'सामान्य र प्रायोगिक भाषाविज्ञान' पुस्तकमा खण्ड (ख) को दोस्रो अध्यायमा त्रुटि विश्लेषणअन्तर्गत त्रुटि विश्लेषणका परिचय, भाषा शिक्षणमा प्रतिको स्थान, भाषा शिक्षणमा त्रुटि विश्लेषणको उपयोगिता त्रुटिको प्रकृति तथा प्रकार, त्रुटि विश्लेषणको प्रक्रिया, चरणहरू र त्रुटि विश्लेषणको अभ्याससम्बन्धी चर्चा गरिएको पाइन्छ । उक्त पुस्तकमा त्रुटि विश्लेषणका क्षेत्रहरूअन्तर्गत उच्चारणभित्र केकस्ता त्रुटिहरू पर्दछन् र त्रुटि निराकरण गर्न केकस्ता अभ्यासहरू गर्नुपर्दछ भन्ने कुराहरूको सैद्धान्तिक र प्रायोगिक अवधारणा निर्माण गर्न सहयोगी र उपयोगी हुने देखिन्छ ।

ढकाल (२०६९) द्वारा 'नेपाली भाषा शिक्षण : परिचय र प्रयोग' पुस्तकमा उच्चारण शिक्षणको परिचय, महत्त्व र आवश्यकता, उच्चारण शिक्षणमा पाइने त्रुटिका क्षेत्रहरू, त्रुटिका कारण, उपायहरू र उच्चारण शिक्षणका तरिकाहरू जस्ता विषयवस्तुमा चर्चा गरिएको छ । उक्त पुस्तकमा उच्चारणको परिचय लगायत यसमा त्रुटि हुने कारण र उपायहरूको विस्तृत रूपमा चर्चा गरिएको हुनाले उक्त पुस्तक प्रस्तुत शोधपत्रका लागि मैथिली मातृभाषी वक्ताहरूले सबभन्दा बढी त्रुटि गर्न सक्ने सम्भाव्य क्षेत्रहरू पत्ता लगाउन र उच्चारणगत क्षेत्रहरूको शब्दहरूको छनोट गर्नमा उक्त पुस्तक सहयोगी हुने देखिन्छ ।

ढुङ्गेल र दाहाल (२०७०) द्वारा 'सामान्य र प्रायोगिक भाषाविज्ञान' नामक पुस्तक प्रकाशित भएको पाइन्छ । उक्त पुस्तकमा भाषा शिक्षणको सामान्य परिचय, भाषा शिक्षणका सामान्य सिद्धान्तहरू नेपाली भाषा शिक्षणको आवश्यकता र नेपाली भाषा शिक्षणका समस्या र तिनका समाधानका उपायहरूबारे विस्तृत चर्चा गरिएको पाइन्छ । साथै उच्चारण र वर्णविन्यासको सम्बन्ध, उच्चरणमा पाइने प्रमुख त्रुटिका क्षेत्रहरू, उच्चारण शिक्षणका क्रियाकलाप र उच्चारणसम्बन्धी कमजोरीका कारणहरू तिनको निराकरणका उपायबारे समेत उल्लेख गरिएको पाइन्छ । प्रस्तुत पुस्तक प्रस्तुत शोधकार्यमा उच्चारणगत त्रुटिको क्षेत्रहरूको पहिचान गर्नमा सैद्धान्तिक धारणा निर्माण गर्नका साथै वास्तविक रूपमा उच्चारण हुनुको प्रमुख कारणहरू के के हुन सक्छन् र त्यसको निराकरण कसरी गर्न सकिन्छ भन्ने कुराहरूको प्रयोगात्मक परीक्षण गर्नमा पनि सहयोगी सामग्रीको रूपमा देखिन्छ ।

पौडेल (२०७०) द्वारा 'नेपाली भाषा शिक्षण' पुस्तकमा भाषा शिक्षणका सिद्धान्त र नेपाली भाषाका विविध स्वरूप, विविध भाषाकला सीप शिक्षण प्रविधि, वर्णविन्यास शिक्षण,

शब्दार्थ, शब्दभण्डार, वाक्य रचना तथा व्याकरण शिक्षा अध्यापन योजना, शिक्षण सामग्री र भाषिक मूल्याङ्कनका बारेमा विस्तृत चर्चा गरिएको छ । उच्चारणको स्पष्ट धारणा, उच्चारणमा पाइने त्रुटिका प्रमुख क्षेत्रहरूको पहिचान गरी उपयुक्त शिक्षण कार्यकलाप र निराकरणका उपाय प्रस्तुत गर्न उक्त पुस्तक प्रस्तुत शोधकार्यको लागि उपयोगी हुने देखिन्छ ।

भुसाल (२०७०), द्वारा लिखित 'सामान्य भाषाविज्ञान' पुस्तकमा पहिलो अध्यायमा भाषाको परिचय, परिभाषा, विशेषता र नवौँ अध्यायमा नेपाली भाषा र नेपालका भाषाअन्तर्गत नेपाली भाषाको उत्पत्ति ऐतिहासिक विकासक्रम, मतमतान्तर, नेपाली भाषाको भौगोलिक र सामाजिक स्थिति, भाषा परिवार र नेपालमा बोलिने भाषाहरूबारे उल्लेख गरिएको पाइन्छ । उक्त पुस्तक प्रस्तुत शोधकार्यमा भाषाको परिचय, परिभाषा र भारोपेली भाषाअन्तर्गत पर्ने मैथिली भाषाको सामान्य जानकारी लिन सहयोग पुऱ्याएको छ ।

ढुङ्गेल र दाहाल (२०७२) द्वारा *नेपाली भाषा शिक्षण* पुस्तक प्रकाशित भएको पाइन्छ । उक्त पुस्तकमा विविध सन्दर्भमा नेपाली भाषा शिक्षण एकाइअन्तर्गत पहिलो भाषा र दोस्रो भाषा सिकाइका स्वरूप, दोस्रो भाषाको प्रकार, पहिलो भाषा र दोस्रो भाषामा भिन्नता, द्विभाषिक र बहुभाषिक कक्षामा नेपाली भाषा शिक्षण इत्यादि विषयवस्तुको चर्चा गरिएको छ । नेपाली भाषा शिक्षण गर्दा आइपर्ने समस्याहरू समाधान गर्दै कसरी शिक्षण गर्न सकिन्छ भन्ने कुराको समाधानको लागि उक्त पुस्तक प्रस्तुत शोधकार्यको लागि उपयोगी हुने देखिन्छ ।

उल्लिखित विभिन्न विद्वान् तथा लेखकहरूका पुस्तकहरूमा अध्ययनबाट भाषाको परिचय, परिभाषा, उच्चारणगत त्रुटिका क्षेत्रहरू, नेपालका प्रमुख भाषाहरू, भारोपेली परिवारका भाषाहरू, त्रुटि विश्लेषण, उच्चारणगत त्रुटि गर्नका कारण, त्यसको निराकरणका उपाय तथा अभ्यास, उच्चारणगत त्रुटिहरूको पहिचान र प्रयोग, नेपाली भाषा सिकाइमा मैथिली मातृभाषी विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारण गर्दा गर्ने त्रुटिका क्षेत्रहरू र उच्चारण गर्दा आइपर्ने समस्याहरूलाई कसरी निदान गर्न सकिन्छ भने कुराहरू समेटिएको हुनाले यी पुस्तकहरूको समीक्षाले प्रस्तुत शोधकार्यलाई सैद्धान्तिक रूपमा र आधारभूत रूपमा सहयोग पुऱ्याएको पाइन्छ ।

### २.१.२ शोधकार्यको समीक्षा

मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता र मैथिली विद्यार्थीहरूले नेपाली उच्चारण गर्दा गर्ने त्रुटिहरूको अध्ययन भन्ने शोधकार्यको ढाँचास्वरूप र प्रकृति एउटै एउटै भएको पाइएको कारण प्रस्तुत शोधकार्यसँग सम्बन्धित उच्चारण क्षमता र उच्चारण गर्दा देखिने त्रुटिहरूको शीर्षकमा धेरै शोधपत्रहरू तयार भएको पाइन्छ । ती शोधकार्यहरू प्रस्तुत शोधकार्यको महत्त्वपूर्ण पूर्वकार्यको रूपमा लिइएको छ । उच्चारणलाई विषयवस्तु बनाएर विभिन्न विद्यार्थीहरूले शोधपत्रहरू तयार पारिएको पाइन्छ । तिनै शोधपत्रहरूलाई प्रस्तुत शोधकार्यको पूर्वकार्यको रूपमा लिन सकिन्छ ।

प्रस्तुत शोधकार्यसँग सम्बन्धित केही शोधकार्यहरूको समीक्षा निम्नानुसार गरिएको छ :

यादव (२०६९) द्वारा 'सप्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिकाइमा गर्ने उच्चारणगत त्रुटिको अध्ययन' शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको छ । सप्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत मैथिली मातृभाषी विद्यार्थीहरूले गर्ने त्रुटिको पहिचान गर्नु, ग्रामीण र सहरी सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको उच्चारण क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, लैङ्गिक आधारमा छात्र र छात्राहरूको तुलनात्मक स्थिति पत्ता लगाउनु र उक्त कक्षामा अध्ययनरत विद्यार्थीले गर्ने त्रुटि निराकरणका लागि सुझावहरू दिनु यस शोधको उद्देश्य रहेको छ । सप्तरी जिल्लाका दुई ओटा सहरी भेगका सामुदायिक र दुई ओटा ग्रामीण भेगका सामुदायिक विद्यालयबाट कक्षा आठमा अध्ययनरत १०/१० जना गरी ४० जना विद्यार्थीहरू पूर्व अनुमानित उच्चारण क्षेत्रसँग सम्बन्धित १०० ओटा शब्दहरू उच्चारण गर्न लगाएर प्राप्त तथ्याङ्कलाई तालिकीकरण, व्याख्या र विश्लेषण गरिएको छ । यस शोधमा मातृभाषाको प्रभावका कारण 'क्ष' वर्णलाई 'छ' उच्चारण गरेको, 'य' लाई 'ए' र 'ए' लाई 'य' उच्चारण गरेको र 'ण' वर्णको उच्चारणमा निकै कठिनाइ भएको, हलन्तको ठाउँमा अजन्त र अजन्तका ठाउँमा हलन्तको उच्चारण त्रुटि भएको कुरा उल्लेख गरिएको छ । उक्त शोधपत्र प्रस्तुत शोधकार्यका लागि कक्षा आठका लागि छनोट गरिएका शब्दहरू के कस्ता रहेका छन् र कहाँबाट छनोट गर्ने भन्ने कुरामा सहयोग पुऱ्याउने देखिन्छ ।

खत्री (२०७२) द्वारा 'उदयपुर जिल्लाका कक्षा आठमा अध्ययनरत थारुभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन' शीर्षकमा स्नातकोत्तर शोधपत्र सम्पन्न गरिएको पाइन्छ । उदयपुर जिल्लामा कक्षा आठमा अध्ययनरत थारु भाषी विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटिहरू पहिचान गर्नु, उक्त त्रुटिहरू हुने कारणहरू पत्ता लगाउनु, उक्त त्रुटिहरूको वर्णन विश्लेषण गर्नु र उक्त त्रुटि निराकरणका उपायहरू सुझाउनु जस्ता उद्देश्यहरूमा उक्त शोधपत्र आधारित रहेको देखिन्छ । यस अध्ययनमा उदयपुर जिल्लाका पाँचवटा सामुदायिक र पाँचओटा संस्थागत गरी जम्मा १० ओटा विद्यालयबाट १०० जना विद्यार्थीहरूलाई नमुना छनोट गरी उच्चारणमा त्रुटि हुन सक्ने २०० ओटा शब्दहरू उच्चारण गर्न लगाई सामग्री सङ्कलन गरिएको देखिन्छ । सामग्री सङ्कलनका लागि प्राथमिक र द्वितीयक स्रोतको उपयोग गरिएको देखिन्छ । थारु भाषी विद्यार्थीहरूले संयुक्त र मिश्र शब्दहरूको उच्चारणमा त्रुटि गर्ने, 'त' र 'ट' वर्णको उच्चारणमा बढी त्रुटि गर्ने, हलन्त र अजन्तमा बढी त्रुटि गर्ने र 'अ' र 'इ' को उच्चारणमा त्रुटि गर्ने जस्ता निष्कर्ष निकालिएको पाइन्छ । यस अध्ययनले प्रश्नावलीको ढाँचा निर्माणमा सहयोग प्रदान गरेको छ ।

नुगो (२०७२) द्वारा 'कक्षा पाँचमा अध्ययनरत लिम्बु मातृभाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । लिम्बु मातृभाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिको क्षेत्र र कारण पत्ता लगाई त्रुटि निराकरणका लागि उपायहरू सुझाउने उद्देश्य राखिएको उक्त शोधकार्यमा नमुना छनोट पद्धतिद्वारा ५० जना विद्यार्थीलाई २०० वटा शब्दहरूको उच्चारण गर्न लगाई तथ्याङ्क सङ्कलन गरिएको छ । यस शोधपत्रमा कक्षा पाँचमा अध्ययनरत लिम्बुभाषी विद्यार्थीहरूको उच्चारणमा, घोषत्व र प्राणत्व उच्चारणमा, 'झ' र 'ह' वर्णको उच्चारणमा 'झ' वर्ण 'ज' वर्णमा रूपान्तरण गरी र 'ह' वर्णलाई लोप गरी उच्चारण गर्ने, 'य' को ठाउँमा 'ए' उच्चारण गर्ने जस्ता त्रुटिहरू गर्ने निष्कर्ष निकालिएको छ । वर्णको उच्चारणमा मात्र केन्द्रित रहेको यस अध्ययन कक्षा पाँचमा नै केन्द्रित रहेको र मगर, लिम्बु दुबै भोटवर्मेली भाषा परिवारमा पर्ने भएकाले मगरभाषी विद्यार्थीहरूले सो कक्षामा गर्न सक्ने त्रुटिको पूर्वानुमान गर्न र मापनीय साधन निर्माणमा उपयोगी हुन्छ । यस शोधकार्यको अध्ययनले प्रस्तुत शोधकार्यमा उच्चारणगत त्रुटिका क्षेत्रहरू पहिल्याउन थप सहयोग पुगेको छ ।

भण्डारी (२०७२) द्वारा 'बर्दिया जिल्लाका कक्षा आठमा अध्ययनरत थारुभाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । जनसङ्ख्या छनोट, प्रतिनिधि नमुना छनोट, सामग्री निर्माण, तथ्याङ्क सङ्कलन, व्याख्या विश्लेषण र प्रस्तुतीकरण विधिको प्रयोग गरिएको यस अध्ययनपत्रको उद्देश्य कक्षा आठमा अध्ययनरत थारुभाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिहरू पत्ता लगाउनु, त्रुटि हुनाका कारणहरू पत्ता लगाउनु र त्रुटिहरू निराकरणका उपायहरू पत्ता लगाउनु रहेका छन् । क्षेत्रीय अध्ययन विधि, वर्णनात्मक विधि र पुस्तकालयीय विधिको प्रयोग गरिएको यो शोधपत्रमा नेउलापुर, बगनाह र शिवपुर गरी तिनओटा गा.वि.स. का पाँचओटा सामुदायिक विद्यालयबाट २०/२० जनाका दरले १०० जना नमुना विद्यार्थी छनोट गरी अध्ययन गरिएको छ । यस शोधपत्रमा वर्णविन्यासका सम्पूर्ण त्रुटिहरूलाई नसमेटी पदयोग र पदवियोग, चन्द्रन्दि र शिरविन्दु हलन्त र अजन्त, ब र व, क्ष र छे/छ, य र ए, अ र आ, श, ष र स, त र ट को उच्चारण सम्बन्धी त्रुटिहरूको अध्ययन गरिएको र यी त्रुटिको मुख्य कारण प्रथम भाषाको प्रभाव, अर्थमा भिन्नता आउने कुराको ज्ञात नहुनु असचेतता, नेपाली भाषाको संरचनागत जटिलता आदि रहेको कुरा उल्लेख गरिएको छ । उक्त शोधपत्रले तथ्याङ्कहरूको व्याख्या विश्लेषण गर्न सहयोग पुऱ्याउने देखिन्छ ।

महर्जन (२०७२) द्वारा 'कक्षा पाँचमा अध्ययनरत नेवारभाषी विद्यार्थीहरूले नेपाली शब्दोच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन' शीर्षकमा स्नातकोत्तर शोधपत्र सम्पन्न गरिएको पाइन्छ । कक्षा पाँचमा अध्ययनरत नेवारभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणको क्रममा गर्ने त्रुटिहरू पत्ता लगाउनु, उक्त त्रुटिहरू हुनका कारण पत्ता लगाउनु र त्रुटि निराकरणका उपायहरू पहिल्याउनु जस्ता उद्देश्यहरूमा उक्त शोधपत्र आधारित रहेको देखिन्छ । यस शोधपत्रमा मूलतः अनुसन्धानात्मक र प्रयोगात्मक विधि प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनका लागि कीर्तिपुर नगरपालिकाका १० ओटा विद्यालयका कक्षा पाँचमा अध्ययनरत १०० जना विद्यार्थीहरूलाई उच्चारणका दृष्टिले त्रुटि हुन सक्ने शब्दहरू उच्चारण गर्न दिई टेपरेकर्ड गरी सामग्री सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीलाई तथ्याङ्कशास्त्रीय विधिद्वारा व्याख्या र विश्लेषण गरी नेवार भाषी विद्यार्थीहरूले 'त' र 'ट' वर्णको उच्चारणमा त्रुटि गर्ने 'त' वर्णका ठाउँमा 'ट' र 'ट' वर्णका ठाउँमा 'त' वर्ण उच्चारण गर्ने, क्ष र छ लाई छ वर्ण उच्चारण गर्ने, य र ए मा त्रुटि ण को सट्टा न को प्रयोग जस्ता

त्रुटिहरू गर्ने निष्कर्ष निकालिएको पाइन्छ । यस पूर्वकार्यको अध्ययनले साहित्यको पुनरावलोकन गर्ने कार्यमा सहयोग पुऱ्याएको छ ।

घलान (२०७३) द्वारा 'मकवानपुर जिल्लाका कक्षा आठमा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न भएको छ । उक्त शोधपत्रको उद्देश्य लैङ्गिक आधारमा, विद्यालय प्रकृतिको आधारमा र समग्रताको आधारमा मकवानपुर जिल्लाका कक्षा आठमा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूको उच्चारण क्षमता पत्ता लगाउनु रहेको छ । क्षेत्रीय अध्ययन विधिमा आधारित उक्त शोधकार्यबाट विद्यार्थीहरूको उच्चारण क्षमता राम्रो रहेको, सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको उच्चारण क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्य प्रस्तुत शोधपत्र उच्चारण क्षमतासँग सम्बन्धित रहेको कारण उच्चारण क्षमतामा आधारित भएर के कस्तो ढाँचा अपनाएर शोधकार्य निर्माण गर्नमा सहयोग पुऱ्याउने छ ।

तिमल्सिना (२०७३) द्वारा 'सर्लाही जिल्लाका तामाङ भाषी विद्यार्थीहरूले नेपाली भाषा उच्चारण क्षमताको अध्ययन' शीर्षकमा स्नातकोत्तर शोधपत्र सम्पन्न गरिएको पाइन्छ । सर्लाही जिल्लाका तामाङ भाषी विद्यार्थीहरूको नेपाली भाषा उच्चारण क्षमता पहिचान गर्नु, कक्षा सातमा अध्ययनरत छात्र वा छात्राको उच्चारण क्षमता तुलना गर्नु, सामुदायिक तथा संस्थागत विद्यालयका तामाङभाषी विद्यार्थीहरूको नेपाली भाषा उच्चारण क्षमताको तुलना गर्नु जस्ता उद्देश्यहरूमा उक्त शोधपत्र आधारित रहेको देखिन्छ । सर्लाही जिल्लाका ४ ओटा सामुदायिक र ४ वटा संस्थागत विद्यालयबाट ८० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा छनोट गरिएको देखिन्छ । विद्यार्थीहरूलाई समस्यापूर्ण वर्ण उच्चारण गर्न लगाई प्राप्त तथ्याङ्कलाई मानक विचलन, मध्यमान, प्रतिशताङ्क र तालिकीकरण गरी व्याख्या विश्लेषण गरिएको छ । समग्र विद्यार्थीहरूमध्ये ५८.७५ प्रतिशतको मध्यमानभन्दा माथि र ४१.२५ प्रतिशत विद्यार्थीको मध्यमानभन्दा तल उच्चारण क्षमता देखिएको, सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान ६६.६ र संस्थागत विद्यालयको मध्यमान ६५.८७ रहेकाले यी दुबै बिच खासै अन्तर नरहेको निष्कर्ष निकालिएको देखिन्छ । प्रस्तुत शोधपत्र पनि उच्चारण क्षमतासँग सम्बन्धित भएकाले उक्त पूर्वकार्य विद्यार्थीहरूको उच्चारणगत त्रुटि क्षेत्रहरू पहिचानको लागि उपयोगी रहेको देखिन्छ ।

पण्डित (२०७३) द्वारा 'सुनसरी जिल्लाका कक्षा नौमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारणमा गर्ने त्रुटिहरू' शीर्षकमा शोधपत्र तयार पारिएको पाइन्छ । उक्त शोधकार्यको उद्देश्य कक्षा नौमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटि पत्ता लगाउनु, उक्त कक्षाका विद्यार्थीहरूले गर्ने त्रुटिहरूको वर्गीकरण गर्नु, विद्यार्थीहरूले गर्ने त्रुटिहरूको वर्गीकरण गर्नु र विद्यार्थीहरूले गर्ने त्रुटिका कारण पत्ता लगाउनु रहेको छ । उक्त शोधपत्रमा सुनसरी जिल्ला ईनरुवा नगरपालिकाका ८ वटा विद्यालयबाट कक्षा नौमा अध्ययनरत ८० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा लिई त्रुटि सिद्धान्तअनुसार प्रस्तुत शोध मैथिलीभाषी विद्यार्थीहरूको वर्ण र शब्द उच्चारणमा गर्ने त्रुटिहरूको पहिचान गरी विश्लेषणमा सीमित रहेको देखिन्छ । आनुनासिक वर्णहरूको उच्चारणमा बढी त्रुटि पाइएको र चन्द्रविन्दु लागेका शब्दहरूको उच्चारणमा ख्याल नगरिएको मैथिली भाषा र नेपाली भाषा एउटै भारोपेली भाषा परिवारभित्र पर्ने भएपनि यी दुबै भाषाबीच वर्ण र शब्द उच्चारणको तहमा धेरै त्रुटिहरू देखिन्छ भन्ने निष्कर्ष निकालिएको छ । मैथिलीभाषीको नेपाली उच्चारणमा गर्ने त्रुटि भन्ने शीर्षकमा केन्द्रित रहेकोले प्रस्तुत अध्ययनका मैथिलीभाषीहरूले गर्ने त्रुटिका क्षेत्रहरू थाहा पाई सम्भाव्य शब्दहरू छनोट गर्नमा सहयोगी हुने देखिन्छ ।

लामा (२०७३) द्वारा 'धादिङ जिल्लाका कक्षा छमा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता' शीर्षकमा शोधपत्र तयार पारिएको पाइन्छ । उक्त शोधको उद्देश्य धादिङ जिल्लाका कक्षा छमा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूको, विद्यालय प्रकृति, लैङ्गिकता र समग्रताको आधारमा उच्चारण क्षमताको तुलनात्मक विश्लेषण गर्नु रहेको छ । समग्रमा विद्यार्थीको उच्चारण क्षमता १४ देखि १०० प्रतिशतसम्म रहेको, विद्यालय प्रकृतिको आधारमा संस्थागत विद्यालयको र लैङ्गिक आधारमा छात्राको उच्चारण क्षमता उच्च रहेको निष्कर्ष उक्त शोधपत्रमा निकालिएको छ । क्षेत्रीय अध्ययन विधिमा आधारित उक्त शोध वर्णहरूको उच्चारणको अध्ययनमा मात्र सीमित रहेको छ । अध्ययनको समग्र प्रक्रिया र ज्ञान हासिल गर्न उक्त शोधपत्र निकै उपयोगी रहन्छ । प्रस्तुत शोधपत्र लैङ्गिक आधारमा उच्चारण क्षमताको विश्लेषण गर्ने स्वरूप निर्धारण गर्न र सङ्कलन गरिएका स्रोत सामग्रीहरूलाई कसरी विश्लेषण गरी निष्कर्ष निकाल्ने भन्ने कुरामा सहयोग पुऱ्याउने देखिन्छ ।

अर्याल (२०७४) द्वारा 'धादिङ जिल्लाका कक्षा आठमा अध्ययनरत तामाङ, मातृभाषी विद्यार्थीहरूको नेपाली उच्चारण' शीर्षकमा शोधपत्र तयार पारिएको छ । प्रस्तुत शोधपत्रको उद्देश्य धादिङ जिल्लाका कक्षा आठमा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको विश्लेषण गर्नु विद्यालयको प्रकृतिअनुसार लैङ्गिक आधारमा तुलना गर्नु रहेको छ । प्रस्तुत शोधपत्र ५ संस्थागत र ५ सामुदायिक लगायत १० विद्यालयका ५० जना छात्रा र ५० जना छात्रलाई नमुनाको रूपमा छनोट गरिएको छ । प्रस्तुत शोधपत्रमा उच्चारणअन्तर्गत पर्ने वर्ण, शब्दहरूको छनोट गरी उच्चारण गर्न लगाएर रेकर्डअनुसार तथ्याङ्कको विश्लेषण गरेको छ । जसअनुसार निष्कर्षमा विद्यार्थीहरू सबभन्दा बढी प्राणत्वअन्तर्गत महाप्राणलाई अल्पप्राण र अल्पप्राणलाई महाप्राण उच्चारण गरेको बढी पाइयो र छात्रको तुलनामा छात्राहरूको उच्चारण क्षमता उच्च रहेको पाइयो । प्रस्तुत शोधपत्र कक्षा आठका विद्यार्थीहरूसँग सम्बन्धित भएको हुनाले यस स्तरका लागि केकस्ता शब्दहरूको छनोट केका आधारमा गर्ने भन्ने पूर्ण रूपमा भाषागत रूपमा मेल नखाए पनि केही रूपमा सहयोगी प्रस्तुत अध्ययनको लागि देखिन्छ ।

यादव (२०७५) द्वारा 'कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । उक्त अध्ययनमा कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूले लैङ्गिकताका आधारमा, विद्यालय प्रकृतिको आधारमा स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरू पत्ता लगाउनु, त्रुटिहरूको वर्गीकरण गर्नु जस्ता उद्देश्यमा केन्द्रित रहेको पाइन्छ । यस अध्ययनमा सुनसरी जिल्लाको चार वटा सामुदायिक र चार वटा संस्थागत विद्यालयका जम्मा असी जना छात्र छात्राहरूलाई नमुना छनोटको रूपमा लिइएको छ । यस अध्ययनमा मुख्य रूपमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी सामग्रीको सङ्कलन र विश्लेषण गरेको पाइन्छ । उक्त अध्ययनमा मैथिलीभाषी विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारण गर्दा य/ए, छ/क्षे, ड/ढ/र, ट/त, ण/न वर्ण, हलन्त र अजन्त, संयुक्त वर्ण उच्चारण सम्बन्धी, बढी त्रुटि भएको र समग्रमा मैथिलीभाषी विद्यार्थीहरूलाई तल्लो तहदेखि ध्वनि, वर्ण र उच्चारणमा विशेष अभ्यास गराउनु पर्ने निष्कर्ष निकालिएको देखिन्छ । प्रस्तुत शोधले प्रस्तुत शोधकार्यलाई तथ्याङ्क सङ्कलन गर्न सहयोग पुऱ्याउने छ ।

उक्त अध्ययनहरूमा नेपालमा रहेका विविध भाषभाषी विद्यार्थीहरूले नेपाली उच्चारण क्षमता सम्बन्धमा विविध खालका उच्चारणगत त्रुटिहरूको विश्लेषणात्मक अध्ययन भएको देखिन्छ । मैथिलीभाषी विद्यार्थीलाई नै आधार बनाएर अध्ययन गरिएको शोधपत्रहरू

कमै मात्रामा पाइन्छ । यस्तो भए तापनि उक्त शोधहरूले उच्चारणगत त्रुटि र उच्चारणगत क्षमताको आधारमा शोध गर्दा के कस्ता प्रक्रिया र के कस्ता विधिहरू छनोट गरेर गर्ने भन्ने कुराहरूको महत्त्वपूर्ण जानकारीहरू प्रदान गरेका छन् । त्यसैले उक्त शोधकार्यहरू प्रस्तुत शोधका निम्ति महत्त्वपूर्ण आधार स्तम्भका रूपमा रहेका छन् । उक्त शोधकार्यहरूले विभिन्न भाषाभाषीका विद्यार्थीहरूले उच्चारण के-कसरी गर्दछ र उच्चारणमा गर्ने त्रुटिहरूको महत्त्वपूर्ण अध्ययन विश्लेषण गरेर देखाएका छन् । ती त्रुटि मैथिलीभाषी विद्यार्थीहरूको सम्बन्धित नेपाली उच्चारणसँग नभए पनि उच्चारणगत क्षमता तथा त्रुटिहरूको अध्ययन कसरी गर्न सकिन्छ र व्याख्या विश्लेषण गरी कसरी निष्कर्ष निकाल्न सकिन्छ भन्ने महत्त्वपूर्ण सहयोगी प्रदान गरेका छन् । त्यसैले उक्त शोधकार्यहरू प्रस्तुत शोधका निम्ति पनि महत्त्वपूर्ण आधार स्रोत रहेका छन् । यस्तो भए पनि महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययन गर्ने विद्यार्थीहरूलाई आधार बनाएर हालसम्म कसैले पनि उच्चारणगत क्षमताको अध्ययन नगरेका हुनाले प्रस्तुत शोध छुट्टै विशेषतायुक्त र उपयोगी हुने छ भन्ने विश्वास गरिएको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ उच्चारणको परिचय

उच्चारण बोलीको माध्यमबाट अभिव्यक्त हुन्छ । मानवीय विचारलाई ध्वन्यात्मक रूपमा प्रकट गर्ने प्रक्रियालाई वा मौखिक स्वरूपलाई उच्चारण भनिन्छ । कुनै पनि शब्दको उच्चारण फोक्सोबाट निस्केको श्वास मानवीय विभिन्न उच्चारण अवयवमा ठोकिएर वा घर्षण भएर हुन्छ । शब्द निर्माणका लागि वर्णहरूको उचित क्रम मिलाई बोल्नुलाई उच्चारण भनिन्छ । उच्चारण शिक्षण बोलाइको पहिलो र महत्त्वपूर्ण आधार हो । शब्द उच्चारणमा फोक्सोदेखि माथि ओठसम्मका सबै अङ्गहरूको सहभागिता रहेको हुन्छ । उच्चारणमा सक्रिय हुने अवयवलाई उच्चारण स्थान भनिन्छ (न्यौपाने र भण्डारी, २०६९, पृ. २८) । उच्चारण हुन मानवीय उच्चारण अवयवहरू (ओठ, दाँत, वर्त्स, कठोर तालु, कोमल तालु, मूर्धा, किलकिले, जिब्रो, मुखविवर, घोक्रो, गलजिब्रो, नासिका विवर, स्वरयन्त्र, फोक्सो, स्वासनली) ले महत्त्वपूर्ण भूमिका खेल्दछन् ।

मस्तिष्कमा भएका भाव, विचारलाई आवाज निकालेर प्रकट गर्नु उच्चारण हो । उच्चारण बोलीसँग सम्बन्धित हुन्छ । उच्चारण गर्न सक्ने खुबी उच्चारण क्षमता हो । यस्तो क्षमता बालकको रुचि चाहना, स्तर, वातावरण, आदिका आधारमा फरक-फरक हुन्छ ।

नेपाली भाषाको शब्द उच्चारणका क्षमता दोस्रो भाषाका रूपमा नेपाली सिक्ने बाल बालिकाको तुलनामा नेपाली पहिलो भाषाका रूपमा नेपाली सिक्ने बाल बालिकाको उच्चारण क्षमता बढी हुन्छ । अशिक्षित वर्गका बालबालिकाको तुलनामा शिक्षित वर्गका बाल बालिकाको उच्चारण क्षमता बढी हुन्छ । ग्रामीण भेगका बालबालिकाको उच्चारण क्षमताका तुलनामा शहरी भेगका बाल बालिकाको उच्चारण क्षमता बढी हुन्छ । नेपाली भाषाका खण्डीय र खण्डेत्तर वर्णहरूको उच्चारण आफ्नै किसिमका प्रयत्न, कम्पन, घन्को स्वास मात्रा हुन्छन् । उच्चारण सित हलन्त अजन्त गति, यति, सुर, लय, अनुतान आदि अभिव्यक्तिका अन्य विविध भाषिक पक्षहरूको पनि उत्तिकै महत्त्वपूर्ण भूमिका हुन्छ (पौडेल २०७०, पृ. ८१-८२) । उच्चारणगत कमजोरीले अशुद्धताले बोलीमा अस्पष्टटा, अनर्थता सिर्जना गरी बाल बालिकाको उच्चारण क्षमतामा ह्रास ल्याउने गर्दछ । ध्वनिका उच्चारण स्थान, उच्चारण प्रक्रिया वा प्रयत्न, सासको मात्रा वा प्राणत्व, घोषत्व स्वास प्रस्वासको दिशा वा अन्तर्गामी र बहिर्गामी, स्वास प्रस्वास जस्ता पक्षहरूको अध्ययन गर्दछ (न्यौपाने, भण्डारी र अन्य २०६९, पृ. २६) शब्द उच्चारणमा स्वर र व्यञ्जनको उच्चारण गरिन्छ ।

वक्ताको उच्चारणलाई शुद्ध र स्पष्ट बनाउन गरिने सचेत र योजनाबद्ध शिक्षण नै उच्चारण शिक्षण हो । उच्चारण शिक्षणले नेपाली भाषा शुद्धसँग, स्पष्टसँग प्रयोग गर्न मद्धत गर्दछ । उच्चारण शिक्षण प्रारम्भिक कक्षाहरूमा प्राथमिकताका साथ गराउन आवश्यक हुन्छ । नेपाली भाषाको स्थानीय भाषिका प्रभावित उच्चारण वा बोलीमा सुधार गर्न इतर नेपाली भाषाको उच्चारण प्रभावबाट मुक्त गराउन स्तरीय, मानक उच्चारणमा समेत परिष्कार ल्याउन उच्चारण शिक्षणले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ (पौडेल, २०७०, पृ. ८३) । उच्चारण शिक्षण गर्दा विद्यार्थीहरूका सम्भावित त्रुटि क्षेत्र, त्रुटि गर्ने कारण पहिचान गरी वर्गीकरण गर्नुका साथै समाधान र निराकण पनि गरिन्छ ।

### २.२.२ उच्चारणको महत्त्व र आवश्यकता

साक्षर-निरक्षर मान्छेका अनौपचारिक औपचारिक गतिविधिमा बोलाइ (मौखिक अभिव्यक्ति) विचार प्रकटीकरणको अनिवार्य र अपरिहार्य उपाय हो । सरल, सहज, सर्वसुलभ र प्रभावकारी प्रदानात्मक उपाय बोलाइ नै हो । यस्तो महत्त्वपूर्ण अभिव्यक्तिको उपायलाई अपेक्षाअनुकूल बनाउन उच्चारण शिक्षण आवश्यक छ । ध्वनि उच्चारणलाई अनौपचारिक रूपमा प्राप्त गरेर बालकले ध्वनि उत्पादनको प्रयास गर्दछ । जबसम्म उसको ध्वनि

उच्चारणको क्रम स्थिर र स्थापित हुँदैन, तबसम्म उसको अभीष्ट उद्देश्य अपेक्षाकृत रूपमा पूरा हुँदैन । वक्ताले आफ्ना विचारको सम्प्रेषण ठीक ढङ्गले नगरेसम्म श्रोताले ठीक ढङ्गले अर्थ र अभिप्राय बुझ्न सक्दैन । वक्ताले खास प्रयोजनका लागि विचारका प्रकटीकरण गर्दछ । ध्वनिहरूको शुद्ध र स्पष्ट उच्चारणको कमी भयो भने विचार प्रकटीकरणको प्रयोजन पूरा हुँदैन र कहिले अनर्थ लाग्न पुग्दा उल्टो असर पर्ने स्थिति पनि हुन्छ । यसर्थ अभिव्यक्तिलाई प्रयोजनीय बनाउन उच्चारणलाई शुद्ध, स्पष्ट, स्तरीय र मानक ढाँचाअनुकूल बनाउनु आवश्यक हुन्छ ।

उच्चारणको महत्त्व र आवश्यकतालाई निम्नानुसार बुँदागत रूपमा उल्लेख गर्न सकिन्छ :

- पहिलो भाषाका रूपमा नेपाली सिक्ने र दोस्रो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीहरूलाई स्तरीय र मानक उच्चारणमा अभ्यस्त गराउन उच्चारण शिक्षण आवश्यक छ ।
- स्थानीय वा भाषिक भेदबाट प्रभावित भाषालाई मानक वा स्तरीय रूप प्रदान गर्न उच्चारण शिक्षण अनिवार्य रहेको छ ।
- स्तरीय भाषिक प्रयोग गर्न उच्चारण शिक्षण आवश्यक हुन्छ ।
- सामाजिक, सांस्कृतिक तथा वैयक्तिक सम्बन्ध स्थापित गर्न,
- उच्चारण दोष सुधार गर्दै जान,
- कुशल वक्ता हुन,
- अन्य भाषाको प्रभावबाट मुक्त भई स्तरीय नेपाली भाषा उच्चारण गर्न,
- शिष्ट, स्तरीय र स्पष्ट अभिव्यक्ति क्षमताको विकास गर्न,
- उच्चारण शिक्षणबाट भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) चारवटै सीपमा स्पष्टता शुद्धता ल्याउन सकिन्छ,
- उच्चारणगत हुने वा गर्ने त्रुटिहरूको क्षेत्र त्रुटि गर्ने कारण पहिचान गर्नुका साथै ती त्रुटिहरूको समाधान र निराकरण गर्न उच्चारण शिक्षणको महत्त्व र आवश्यकता रहेको छ ।

यसरी निष्कर्षमा भन्नुपर्दा भाषाका चारवटा सीपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मध्ये बोलाई सीपमा दक्षता बढाउन अर्थात् आफ्नो मनमा लागेका कुराहरूलाई सही र प्रभावकारी रूपमा प्रस्तुत गर्न उच्चारण शिक्षण आवश्यक हुन्छ । अशुद्ध उच्चारणले भाषा सिकाइ र शिक्षण दुबै प्रक्रियामा बाधा पुऱ्याउँछ । पहिलो भाषा शिक्षण गर्दा विद्यार्थीमा मानक तथा स्तरीय उच्चारण सीप विकास गर्नु उच्चारण शिक्षण आवश्यक देखिन्छ । पहिलो भाषा शिक्षण र दोस्रो भाषा शिक्षण दुबैका सन्दर्भमा पहिलो चरणमा शुद्ध उच्चारणको शिक्षण गरिन्छ । शिक्षणका क्रममा उच्चारण शिक्षण गराउनाले विद्यार्थीमा कुनै पनि मुद्रित वा अमुद्रित लेख्य सामग्रीलाई शुद्ध तथा प्रभावकारी ढङ्गमा सस्वर वाचन गर्न सक्ने क्षमता विकसित हुन्छ ।

### २.२.३ उच्चारणको त्रुटि क्षेत्र

उच्चारण बोलाइको एउटा महत्त्वपूर्ण पक्ष हो । हरेक वर्णहरू अक्षरमा, अक्षरहरू रूपमा, रूपहरू शब्दमा, शब्दहरू पदावलीमा पदावलीहरू उपवाक्यमा तथा वाक्यहरूमा र वाक्यहरू सङ्कथनमा समेटिने हुँदा उच्चारणको सम्बन्ध भाषिक एकाइहरूको सम्पूर्ण तहसँग हुन्छ । नेपाली भाषाको उच्चारणमा विभिन्न कारणले त्रुटिहरू देखा पर्दछन् । त्रुटिहरू नेपाली भाषाका क्षेत्रीय तथा सामाजिक भेदका कारण, मातृभाषाका उच्चारणगत विशेषताका कारण, वातावरणीय प्रभावका कारण, व्यक्तिका शारीरिक मानसिक अवस्थाका कारण, हेलचेक्र्याइँ तथा प्रयत्न लाघवका कारण, शब्द संक्षेपण गर्ने प्रवृत्ति जस्ता विभिन्न कारणले हुने गर्दछन् । उच्चारणका त्रुटि क्षेत्रलाई निम्न लिखित बुँदामा प्रस्तुत गर्न सकिन्छ :

१. महाप्राणी वर्णहरू अल्पप्राणी उच्चारण गर्न जस्तैः

भाँडा > बाँडा, भनेको > बनेको

घडी > गडी, झोला > जोला आदि ।

२. 'र' ध्वनि 'ल' का रूपमा उच्चारण गर्नु, जस्तैः

तरकारी > तरकाली /तर्काली

विराटनगर > विलाटनगर आदि ।

३. 'य' ध्वनि 'ज' का रूपमा परिवर्तन हुनु, जस्तैः

यजमान > जजमान

यमराज > ज्यामराज

येनकेन > जेनतेन

सूर्य > सूर्जे आदि ।

४. सघोष वर्णहरू अघोष भई उच्चारण हुनु, जस्तैः

लोग्ने > लोक्ने, नगद > नकद

सबै > सपै, सदस्य > सतस्य /सतस्से आदि ।

५. 'त' वर्गीय ध्वनि 'ट' वर्गीय रूपमा उच्चारण हुनु, जस्तैः

ठाउँ > थाउँ, भोट > भोत

टालो > तालो, टपरी > तपरी आदि ।

६. अकारलाई 'आ' कारका रूपमा उच्चारण गर्नु, जस्तैः

घर > घार, खर > खार

व्यक्ति > व्याक्ति, व्यक्तिगत > व्याक्तिगत आदि ।

७. ड र ढ ध्वनि 'र' मा परिणत गरी उच्चारण गर्नु, जस्तैः

छोडिदिनु > छोरीदिनु

टाढा > टारा, पढ्नु > पर्नु

सडक > सरक आदि ।

८. शब्दान्तमा भएको अकारको लोप हुनु, जस्तैः

मूर्ख > मूर्ख् / मुरख

धर्म > धर्म् / धरम

अर्थ > अर्थ् / अरथ आदि ।

९. पदादिमा आउने हलन्त 'स' को उच्चारण इस्/ अस्का रूपमा उच्चरित हुनु, जस्तैः

स्थान > इस्थान > अस्थान

स्थायी > इस्थायी > अस्थायी

स्पष्ट > इस्पष्ट / अस्पष्ट

स्मरण > इस्मरन / अस्मरन आदि ।

१०. अघोष वर्ण सघोष वर्णका रूपमा उच्चारित हुनु, जस्तैः

तँ कहाँबाट आइस् > तँ काँड आइस् / तँ काँबड आइस्

म त्यहाँबाट आएँ > म त्याँड / त्याँबाड आएँ आदि ।

११. 'व' ध्वनि 'ओ' का रूपमा उच्चरित हुनु, जस्तैः

वकिल > ओकिल, महत्त्व > महत्तो

वरिपरि > ओरिपरि, मातृत्व > मातृत्तो, आदि ।

१२. 'य' ध्वनि 'ए' का रूपमा उच्चरित हुनु, जस्तैः

कतिपय > कतिपए, कर्तव्य > कर्तब्बे

भविष्य > भविस्से, धन्यवाद > धन्नेवाद आदि ।

१३. द + ध = द्ध जस्तो संयुक्त अवस्थामा 'ध' को लोप भएर 'द' ध्वनि दोहोरिनु (द्वित्व हुनु), जस्तैः

शुद्ध > सुद्ध, बद्ध > बद्द

पद्धति > पद्दति, सिद्धान्त > सिद्दान्त आदि ।

१४. पदमध्येमा 'वा' पदान्तमा हुने 'ह' लोप हुनु, जस्तैः

महासचिव > मासचिव

महाकवि > माकवि, मह > मअ

सहसचिव > ससचिव आदि ।

१५. अल्पप्राणी व्यञ्जनहरू महाप्राणी भई उच्चरित हुनु, जस्तैः

विद्या > विद्धया

विद्यालय > विद्धयालय

विद्यार्थी > विद्धयार्थी

खाद्य > खाद्धय आदि ।

१६. वर्णहरू विपर्मास (उल्टोपाल्टो) हुनु, जस्तैः

प्रभाव > पर्भाव, प्रगति > पर्गति

प्रसाद > प्रर्साद, प्रकाश > पर्कास आदि ।

१७. अनुनासिक (चन्द्रविन्दु) ध्वनि नासिक्य ध्वनि (ङ, न, म) का रूपमा उच्चरित हुनु, जस्तैः

आउँदैन > आउन्दैन

हुँदैन > हुन्दैन, रुँदा > रुन्दा

गराउँछ > गराउन्छ आदि ।

१८. 'ण' ध्वनि न का रूपमा उच्चरित हुनु, जस्तैः

निर्माण > निर्मान, प्रमाण > प्रमान

कारण > कारन, गणेश > गनेस आदि ।

१९. 'क्ष' ध्वनि 'छ' का रूपमा उच्चरित हुने, जस्तैः

कक्षा > कछ्या, पक्ष > पछ्य

लक्ष्य > लछ्य, रक्षा > रछ्या आदि ।

२०. वर्णविन्यासका कारण उच्चारण प्रभावित हुनु, जस्तैः

सफलता > सफल्ता, सामाजिकता > सामाजिक्ता

हलचल > हल्चल्, जनकपुर > जनक्पुर आदि ।

२१. आदिस्थानमा प्रयुक्त हुने 'र' को उच्चारणमा 'अ' थपिने र विपर्मास हुने अवस्था देखिनु, जस्तैः

प्रभाव > परभाव, प्रधान > परधान/पर्धान

प्रमुख > परमुख / पर्मुख,

प्रशस्त > परसस्त / पर्सस्त आदि ।

२२. उच्चारणमा विदेशी भाषाको प्रभाव देखिनु, जस्तैः

जर्मन > जमन, जापान > जपान

छनोट > छनौट, ब्याग > बेग आदि ।

२३. भाषिकागत प्रभाव शिष्ट र मानक भाषामा देखा पर्नु, जस्तैः

सतचालीस > सैतालिस /सच्चालिस

उनन्चास > उनान्चास / उनपचास

पैतालीस > पैंचालिस

उनन्तीस > उनान्तिस

जाऔँ > जाऊँ, रहेछ > रेछ आदि । (ढकाल, २०६९, पृ. २०२-२०४) ।

### २.२.४ उच्चारण शिक्षणका कार्यकलाप/तरिका

कुनै पनि भाषालाई समृद्ध, स्तरीय र मानक बनाउका लागि त्यस भाषाको हरेक पक्षमा शुद्धता, स्पष्टता र स्तरीयता हुन आवश्यक हुन्छ । शब्दको उच्चारणले लेखाइ, पढाइ सिपलाई प्रभाव पार्ने हुन्छ अर्थात शुद्ध उच्चारणले शुद्ध पढाइ र लेखाइ सिपको विकास गराउँदछ । उच्चारण शिक्षणको कार्यकलाप गराउँदा शिक्षक विद्यार्थी दुबैले ध्यान दिनु पर्ने हुन्छ । उच्चारण शुद्ध, स्पष्ट, स्तरीय र प्रभावपूर्ण बनाउनका लागि शिक्षणका खासखास तरिकालाई क्रमिकता प्रदान गर्नु जरुरी हुन्छ । उच्चारण शिक्षणका चरणहरूलाई बुँदागत रूपमा यसरी देखाउन सकिन्छ :

- मौखिक अभिव्यक्तिका विभिन्न कार्यकलाप (ध्वनि, उच्चारण, कुराकानी, संवाद, प्रश्नोत्तर, वस्तु वर्णन, प्रतिमूर्ति वर्णन र चित्रवर्णन, कथाकथन, छलफल, वादविवाद, खास समस्या वा परिस्थितिवर्णन, अभिनय,

नाटकीकरण, चिठ्ठाखेल परिचर्चा, भाषण आदि) मा विद्यार्थीलाई सरिक गराउनुपर्दछ ।

- विद्यार्थीलाई उक्त कार्यकलापमा आवश्यक निर्देशन दिई सरिक गराएका बखत उनीहरूको मौखिक अभिव्यक्तिमा देखिएका त्रुटिहरूको सावधानीपूर्वक टिपोट वा रेकर्ड गर्नुपर्छ ।
- सङ्कलित त्रुटिहरूको पहिचान र वर्गीकरण गर्नुपर्छ ।
- सङ्कलित त्रुटिहरूका कारण पहिल्याई त्यसका निराकरणका लागि उच्चारणको अभ्यास गराउन (सार्थक-सार्थक वा सार्थक-निरर्थक शब्द, पदावली, वाक्यांश वाक्य अनुच्छेदहरू) को सङ्कलन वा निर्माण गर्नुपर्छ ।
- विद्यार्थीहरूको वैयक्तिक भिन्नताको पहिचान गरी छुट्टाछुट्टै समूह बनाएर समूहीकृत विद्यार्थीलाई सावधान गराएर शुद्ध र स्पष्ट ढङ्गले ध्वनि, वर्ण, रूप, शब्द, पदावली, वाक्यांश र वाक्यहरूको आदर्श उच्चारण गर्नुपर्छ । उच्चारण गर्दा सम्भव भएसम्म उच्चारक अङ्गहरूको प्रत्यक्ष अवलोकन गराउनुपर्दछ । प्रत्यक्ष अवलोकन गराउन व्यावहारिक रूपमा सम्भव नभए चित्रात्मक प्रस्तुतिद्वारा स्पष्टीकरण दिने प्रयास गर्नुपर्दछ ।
- प्रत्यक्ष वा चित्रात्मक प्रस्तुतिका साथसाथै शुद्ध, स्पष्ट र मानक उच्चारणको सामूहिक र व्यक्तिगत रूपमा अनुकरण गराई उच्चारण अभ्यास गराउनुपर्छ ।
- त्रुटि भएका र नभएका सार्थक-सार्थक, सार्थक-निरर्थक, वर्ण, रूप, शब्द, पदावली, वाक्यांश, वाक्यहरू कालोपाटीमा लेखी उच्चारण गर्ने र उनीहरूलाई उच्चरित भाषिक एकाइ देखाउन लगाउन सकिन्छ ।
- शब्दको आदि, मध्य र अन्त्य सबै भागमा समस्यापूर्ण वर्ण प्रयोग भएका शब्द खोजेर उच्चारण अभ्यास गराउनुपर्छ । एउटै वर्ण तर भाषागत दृष्टिले फरक रूप भएका नमुनाहरू शब्दमा पारेर प्रशस्त उच्चारण अभ्यास गराउनुपर्छ ।

- एउटै वर्णको भिन्नताले अर्थ भेदक र अभेदक हुने शब्दयुग्महरू खोजी श्रुति लेखन गराएर, कक्षामा उच्चारण गरी सुनाउन लगाउनुपर्दछ ।
- उच्चारणमा कठिन हुने संयुक्त र मिश्र अक्षरलाई टुक्र्याएर प्रदर्शन गरी छुट्टाछुट्टै उच्चारण गराउनुपर्दछ र छुट्टाछुट्टै र एकैचोटि उच्चारण गर्दा फरक स्पष्ट पारी सतर्क र सचेत तुल्याउनुपर्छ ।
- उच्चारण शुद्धता र स्पष्टताका लागि गति र यतिको प्रमुख स्थान हुने भएकाले विभिन्न लिखित सामग्रीलाई सस्वर पठन गर्न लगाई गति र यति मिलाउनुपर्ने ठाउँमा विद्यार्थीलाई सचेत गराउनुपर्छ ।
- टुक्रे र प्रारम्भिक सामग्रीका आधारमा आघात, अनुतान, दीर्घता, नासिक्यता आदि खण्डेतर वर्णहरूका उपयुक्त ख्याल राखी उच्चारण गर्ने अभ्यास गराउनुपर्छ । मौखिक अभिव्यक्तिलाई प्रभावकारी बनाउन सचेत तुल्याउनु पर्छ ।
- उच्चारण अभ्यास सामुहिक वा वैयक्तिक दुबै रूपमा गराउनुपर्दछ । सामुहिक अभ्यासले सङ्कोच मान्ने प्रवृत्ति हटाउन सकिन्छ । सामूहिक अभ्यासपछि व्यक्तिगत र पुनः समूह अभ्यास गराई शिक्षण विविधता कायम गर्नुपर्छ ।

### २.२.५ उच्चारण शिक्षणको क्रम

उच्चारण शिक्षणका लागि निम्नानुसारको शिक्षण क्रमउपयुक्त हुन सक्छ :

१. उपयुक्त नमुना सामग्री प्रदर्शन वा सङकेत (वर्ण, पद, पदावली र वाक्य )

२. आदर्श उच्चारण र श्रवण (शिक्षक, स्रोत व्यक्ति वा यान्त्रिक उपकरणद्वारा)

३. अनुकरण उच्चारण अभ्यास (समूहगत टुक्रे समूहगत र वैयक्ति क्रममा)


४. शिक्षकबाट गल्ती निर्देशन, पृष्ठ पोषण र निराकण तथा

५. प्रयाप्त निराकृत र स्वतन्त्र अभ्यासद्वारा पुनर्बलन (पौडेल, २०७० : ८५) ।

### २.२.६ उच्चारण सम्बन्धी कमजोरीका कारणहरू

कुनै पनि भाषाको उच्चारण गर्दा विद्यार्थीहरूले विभिन्न कारणले उच्चारणमा गल्ती गर्ने गर्दछन् । विशेषगरी दोस्रो भाषा सिकाइमा बाल बालिकाको उच्चारण क्षमतामा कमजोरी देखापर्दछ । उमेर अपरिपक्वता, भाषा, भाषिकागत प्रभाव, संस्कृति, रहनसहन, सञ्चारको साधनको अभावले गर्दा पनि भाषिक उच्चारण सम्बन्धी कमजारीहरू हुने गर्दछ । ध्वनि वर्णहरूले उचित विन्यास गर्न नसक्नुका साथै मिल्दा जूल्दा उच्चारण लेखनले गर्दा पनि भाषा अशुद्ध अस्पष्ट हुन्छ । शब्द उच्चारणका कमजोरीका कारणहरू उच्चारण अवयवसम्बन्धी कमजोरी, भाषिक वातावरण, सिकारुको भाषिक पृष्ठभूमि तथा पूर्वानुभव, सचेतताको अभाव, संवेगात्मक असन्तुलन, अभ्यासको कमी, दक्ष शिक्षकको कमी, अवसरको कमी, व्याकरणिक नियमको जानकारीको अभाव, उत्सुकताको कमी, सरलीकरण गर्ने प्रवृत्ति, अतिसामान्यीकरण गर्ने प्रवृत्ति, बेवास्ता गर्ने प्रवृत्ति, साना आकारका अक्षर, दृष्टिजन्य कमजोरी, मुद्रणसम्बन्धी कमजोरी, भकभकाएर वा अकमकाएर पढ्नु र शब्दको उच्चारण गर्न सङ्कोच मान्नु आदि रहेका छन् ।

अशुद्ध उच्चारणका प्रमुख कारणहरू ढुङ्गेल र दाहाल (२०७२) का अनुसार निम्नलिखित रहेका छन् :




(क) दोषयुक्त सुनाइ : वक्ताले बोलेका कुरा स्रोताले सुन्दा उपयुक्त तरिकाले नसुन्नाले पनि उच्चारणगत त्रुटि हुन सक्छ ।

(ख) स्थानीय भाषा तथा भाषिकाको प्रभाव : स्थानीय भाषा वा भाषिकाको प्रभाव पर्दा पनि अशुद्ध उच्चारण हुन सक्छ ।

(ग) भाषाको उच्चारणसम्बन्धी नियमको साधराण ज्ञान नहुनु : कुनै पनि भाषामा रहेका वर्ण, शब्द र वाक्यहरू आआफ्नै भाषागत उच्चारण र नियममा आधारित हुन्छन् । एउटा भाषाको उच्चारणसम्बन्धी नियम अर्को भाषामा मिल्दैन । यसले गर्दा पनि अशुद्ध उच्चारण हुन सक्छ । जस्तैः नेपालीमा 'आज' शब्दमा रहेको 'ज' को उच्चारण अजन्तका रूपमा हुन्छ भने हिन्दी वा मैथिलीमा हलन्तका रूपमा हुन्छ ।

(घ) अशुद्ध उच्चारण गर्ने व्यक्तिहरूको सङ्गत : बालकले अनुकरणका माध्यमबाट भाषा सिक्छ । उसले जस्तो किसिमको बोली सुन्दछ वा उच्चारणसँग संसर्ग गर्छ त्यस्तै उच्चारण गर्ने हुन्छ । अतः अशुद्ध उच्चारण गर्ने व्यक्तिहरूबाट उसले गलत उच्चारण सिक्दछ ।

(ङ) मनोवैज्ञानिक दोष : कति मानिसहरू यस्ता हुन्छन् जो बोल्दा सङ्कोच मान्ने, हडबडाउने, ढिलो गरी बोल्ने गर्दछन् । यसो हुनुको कारण आत्मविश्वासको कमी हो । आत्मविश्वासको कमी मनोवैज्ञानिक दोष हो । यसका कारणले पनि अशुद्ध उच्चारणको समस्या आउने गर्दछ ।

(च) असावधानीपूर्ण उच्चारण : असावधानीपूर्ण उच्चारणले अशुद्ध उच्चारण हुन सक्ने धेरै सम्भावना रहन्छ । कुनै पनि मानिसले नाके स्वरले बोल्नु, कर्कश स्वरले बोल्नु, उच्चारणगत अवयवको प्रयोगमा वास्ता नगर्नु आदि असावधानीपूर्ण उच्चारणसँग सम्बन्धित कुराहरू हुन् ।

(छ) उच्चारण अवयवको कमजोरी : ओठ, दाँत, तालु, कलनासोजस्ता मानव उच्चारणमा क्रियाशील उच्चारण अवयवमा भएका कमजोरीहरूको कारणले पनि विद्यार्थीहरूको उच्चारण प्रभावित हुन्छन् ।

(ज) शिक्षकद्वारा उपयुक्त निर्देशन र अभ्यासको कमी : कक्षामा शिक्षकले पर्याप्त अभ्यास नगराउँदा पनि उच्चारणगत त्रुटि हुन सक्छ ।

कुनै पनि भाषाका मौखिक र लिखित दुई माध्यम हुन्छन् । उच्चारण मौखिक प्रक्रियामा आधारित हुन्छ । उच्चारण भाषिक सिपको वाक् अभिव्यक्ति भित्र पर्दछ । मानवीय विचार ध्वन्यात्मक रूपमा प्रकट गर्ने प्रक्रियालाई उच्चारण भनिन्छ । कुनै पनि शब्दको उच्चारण फोक्साबाट निस्केको साँस मानवीय विभिन्न उच्चारण अवयवमा ठोकिएर वा घर्षण भएर हुन्छ । शब्द उच्चारण क्षमता बालकको रुचि, चाहना, स्तर वातावरण आदिका आधारमा फरक फरक हुन्छ । नेपाली दोस्रो भाषी वक्ताको तुलनामा नेपाली पहिलो भाषी वक्ताको उच्चारण क्षमता बढी हुन्छ । बाल बालिकाको उच्चारणगत कमजोरी हटाउन उच्चारण शिक्षण गर्नुपर्छ । उच्चारण स्तरीय र मानक भएमा लेखाइ पनि स्तरीय र मानक हुने भएकाले शिक्षक र विद्यार्थी दुवैले उच्चारणमा विशेष ध्यान दिनुपर्ने हुन्छ । उच्चारण शिक्षण प्रारम्भिक तहबाट नै गरिनुपर्छ । बाल बालिकाले शब्द उच्चारणमा कमी कमजोरीहरू शिक्षकले पहिल्याई पथप्रदर्थक भई सही र शुद्ध उच्चारण गरी उच्चारण गर्न प्रेरणा प्रदान गर्नुपर्दछ । उच्चारण व्यक्तिगत तथा सामूहिक रूपमा पनि गराउन सकिन्छ । सहि उच्चारणले बाल बालिकाको उच्चारण क्षमतामा वृद्धि गर्दछ ।

### २.२.७ उच्चारणसम्बन्धी समस्याहरूको समाधानका उपायहरू

विद्यार्थीहरूमा देखिएका उच्चारणसम्बन्धी समस्याहरू समाधान गर्नका लागि उच्चारण शिक्षणका विभिन्न तरिकाहरूको समेत र सकारात्मक रूपले प्रयोग-उपयोग गरेर उच्चारणसम्बन्धी देखिएका कमजोरी तथा समस्याहरूलाई समाधान गर्न सकिन्छ । उच्चारणसम्बन्धी देखिएका समस्याहरूको समाधानका लागि निम्न उपायहरू अपनाउन सकिन्छ :

- मौखिक अभिव्यक्तिका विभिन्न कार्यकलाप (ध्वनि, उच्चारण, कुराकानी, संवाद, प्रश्नोत्तर, वस्तु, प्रतिमूर्ति र चित्रवर्णन, कथाकथन, छलफल, वादविवाद, खास समस्या वा परिस्थितिवर्णन, अभिनय, नाटकीकरण, चिठ्ठाखेल परिचर्चा, भाषण आदि) मा विद्यार्थीलाई सरिक गराउनुपर्दछ ।
- विद्यार्थीलाई उक्त कार्यकलापमा आवश्यक निर्देशन दिई सरिक गराएका बखत उनीहरूको मौखिक अभिव्यक्तिमा देखिएका त्रुटिहरूको सावधानीपूर्वक टिपोट वा रेकर्ड गर्नुपर्छ ।
- सङ्कलित त्रुटिहरूको पहिचान र वर्गीकरण गर्नुपर्छ ।

- सङ्कलित त्रुटिहरूका कारण पहिल्याई त्यसका निराकरणका लागि उच्चारणको अभ्यास गराउन (सार्थक-सार्थक वा सार्थक-निरर्थक शब्द, पदावली, वाक्यांश वाक्य अनुच्छेदहरू) को सङ्कलन वा निर्माण गर्नुपर्छ ।
- विद्यार्थीहरूको वैयक्तिक भिन्नताको पहिचान गरी छुट्टाछुट्टै समूह बनाएर समूहीकृत विद्यार्थीलाई सावधान गराएर शुद्ध र स्पष्ट ढङ्गले ध्वनि, वर्ण, रूप, शब्द, पदावली, वाक्यांश र वाक्यहरूको आदर्श उच्चारण गर्नुपर्छ । उच्चारण गर्दा सम्भव भएसम्म उच्चारक अङ्गहरूको प्रत्यक्ष अवलोकन गराउनुपर्दछ । प्रत्यक्ष अवलोकन गराउन व्यावहारिक रूपमा सम्भव नभए चित्रात्मक प्रस्तुतिद्वारा स्पष्टीकरण दिने प्रयास गर्नुपर्दछ ।
- प्रत्यक्ष वा चित्रात्मक प्रस्तुतिका साथसाथै शुद्ध, स्पष्ट र मानक उच्चारणको सामूहिक र व्यक्तिगत रूपमा अनुकरण गराई उच्चारण अभ्यास गराउनुपर्छ ।
- त्रुटि भएका र नभएका सार्थक-सार्थक, सार्थक-निरर्थक, वर्ण, रूप, शब्द, पदावली, वाक्यांश, वाक्यहरू कालोपाटीमा लेखी उच्चारण गर्ने र उनीहरूलाई उच्चरित भाषिक एकाइ देखाउन लगाउन सकिन्छ ।
- शब्दको आदि, मध्य र अन्त्य सबै भागमा समस्यापूर्ण वर्ण प्रयोग भएका शब्द खोजेर उच्चारण अभ्यास गराउनुपर्छ । एउटै वर्ण तर भाषागत दृष्टिले फरक रूप भएका नमुनाहरू शब्दमा पारेर प्रशस्त उच्चारण अभ्यास गराउनुपर्छ ।
- एउटै वर्णको भिन्नताले अर्थ भेदक र अभेदक हुने शब्दयुग्महरू खोजी श्रुति लेखन गराएर, कक्षामा उच्चारण गरी सुनाउन लगाउनुपर्दछ ।
- उच्चरणमा कठिन हुने संयुक्त र मिश्र अक्षरलाई टुक्र्याएर प्रदर्शन गरी छुट्टाछुट्टै उच्चारण गराउनुपर्दछ र छुट्टाछुट्टै र एकैचोटि उच्चारण गर्दा फरक स्पष्ट पारी सतर्क र सचेत तुल्याउनुपर्छ ।
- उच्चारण शुद्धता र स्पष्टताका लागि गति र यतिको प्रमुख स्थान हुने भएकाले विभिन्न लिखित सामग्रीलाई सस्वर पठन गर्न लगाई गति र यति मिलाउनुपर्ने ठाउँमा विद्यार्थीलाई सचेत गराउनुपर्छ ।

- टुक्रे र प्रारम्भिक सामग्रीका आधारमा आघात, अनुतान, दीर्घता, नासिक्यता आदि खण्डेतर वर्णहरूका उपयुक्त ख्याल राखी उच्चारण गर्ने अभ्यास गराउनुपर्छ । मौखिक अभिव्यक्तिलाई प्रभावकारी बनाउन सचेत तुल्याउनु पर्छ ।
- उच्चारण अभ्यास सामुहिक वा वैयक्तिक दुबै रूपमा गराउनुपर्दछ । सामुहिक अभ्यासले सङ्कोच मान्ने प्रवृत्ति हटाउन सकिन्छ । सामूहिक अभ्यासपछि व्यक्तिगत र पुनः समूह अभ्यास गराई शिक्षण विविधता कायम गर्नुपर्छ ।
- समस्यामूलक वर्ण, रूप, शब्द, वाक्य अनुच्छेदको श्रुतिलेखन गराउन सकिन्छ ।
- प्रस्तुत विषयको शुद्ध, स्पष्ट र मानक उच्चारण र प्रयोग, ‘प्रयोगात्मक नेपाली शब्दकोश’ (अधिकारी र भट्टराई, २०७१) मा खोज्न लगाई कक्षामा प्रस्तुत गराउन सकिन्छ ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययन क्षेत्रीय अनुसन्धान विधिमा आधारित रहेको छ । महोत्तरी जिल्लामा कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूको उच्चारण क्षमताको अध्ययन विश्लेषण गर्नको लागि नमुना छनोट, परीक्षण, सामग्री सङ्कलन र तथ्याङ्कको विश्लेषण गर्नु आवश्यक रहन्छ । त्यसको लागि प्रस्तुत अनुसन्धानमा निम्नलिखित प्रक्रिया अवलम्बन गरिएको छ :

## ३.१ जनसङ्ख्या

प्रस्तुत शोधपत्रको जनसङ्ख्याको रूपमा महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत मैथिली मातृभाषी विद्यार्थीहरू मात्र जनसङ्ख्याको रूपमा रहेका छन् ।

## ३.२ नमुना छनोट

प्रस्तुत शोधपत्रका लागि आवश्यक सामग्री सङ्कलन गर्न नमुनाको रूपमा महोत्तरी जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत गरी जम्मा १० वटा विद्यालयका कक्षा आठमा अध्ययनरत ५०/५० जना छात्र/छात्रा गरी जम्मा १०० जना मैथिलीभाषी छात्रछात्राहरूलाई प्रतिनिधि नमुनाको रूपमा छनोट गरिएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलनका स्रोतहरू

प्रस्तुत अनुसन्धानमा प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ :

### ३.३.१ प्राथमिक स्रोत

प्रस्तुत अध्ययनका लागि प्राथमिक स्रोतका रूपमा पूर्व निर्धारित सङ्ख्याका विद्यार्थीहरूलाई सम्बन्धित कक्षा ८ का नेपाली पाठ्यपुस्तक (नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र) र मैथिली मातृभाषी विद्यार्थीहरूले सबभन्दा बढी उच्चारणमा त्रुटि गर्ने सम्भाव्य विभिन्न शब्दहरूको छनोट र सङ्कलन गरी उच्चारण गर्न लगाइएको छ । उच्चारणका क्रममा विद्यार्थीहरूले सही उच्चारण गरे नगरेको पहिचान गरी सामग्रीको रेकर्ड समेत गरिएको छ ।

### ३.३.२ द्वितीयक स्रोत

प्रस्तुत अध्ययनका लागि द्वितीयक स्रोतका रूपमा शोधपत्र, पत्रपत्रिका, पुस्तकहरू, नेपाली बृहत् शब्दकोश, प्रयोगात्मक शब्दकोश आदिको अवलम्बन गरिएको छ । त्यस्तै शोधकार्यलाई परिणाममुखी बनाउन सम्बन्धित भाषाका विज्ञहरू, गुरूवर्ग तथा शोधनिर्देशकको सल्लाह र मार्गदर्शनलाई पनि अपनाइएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधनहरू

प्रस्तुत अध्ययनको लागि मैथिली मातृभाषी विद्यार्थीहरूले उच्चारणमा त्रुटि गर्न सक्ने सम्भाव्य क्षेत्रहरूबाट र कक्षा आठको नेपाली पाठ्यपुस्तक (नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र) बाट विभिन्न शब्दहरू, वाक्यहरू र श्लोकहरूको छनोट गरिएको छ । ती शब्द, वाक्य र श्लोकहरू प्रश्नावलीको माध्यमबाट विद्यार्थीहरूलाई उच्चारण गर्न लगाई परीक्षण गरी रेकर्ड गरिएको छ । ती शब्दहरूलाई विश्वसनीयता र वैधता प्रदान गर्न विषयविज्ञ र शोधनिर्देशकद्वारा प्रमाणीकरण गरिएको छ । छनोटमा परेका शब्दहरू विद्यार्थीहरूलाई पालैपालो उच्चारण गर्न लगाई रेकर्ड गरिएको छ ।

## ३.५ तथ्याङ्क विश्लेषण

प्राथमिक र द्वितीयक स्रोतबाट प्राप्त सामग्रीहरूको अध्ययन गरी तथ्याङ्क विश्लेषण गरिएको छ । उच्चारणको क्रममा सही र गलत उच्चारण गर्ने छात्र, छात्राको छुट्टाछुट्टै सङ्ख्या र प्रतिशत समेत निकालेर तालिकीकरण गरी निष्कर्षमा पुगिएको छ ।

## ३.६ शोधकार्यको रूपरेखा

शोधपत्रको संरचनालाई सुगठित र सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि आवश्यकतानुसार विभिन्न परिच्छेद वा अध्याय र त्यसअन्तर्गत विभिन्न शीर्षक उपशीर्षकमा निम्नानुसार विभाजन गरिएको छ :

अध्याय एक : शोधपरिचय

प्रस्तुत अध्यायअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको सीमाङ्कन, अध्ययनको सान्दर्भिकता र उपादेयता जस्ता उपशीर्षकहरूलाई समावेश गरिएको छ ।

**अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा**

प्रस्तुत अध्याय दुईमा पूर्वकार्यको पुनरावरलोकन (पुस्तक पुनरावलोकन र शोध पुनरावलोकन), पुनरावलोकनको महत्त्व र उपादेयता, सैद्धान्तिक प्रारूप, उच्चारणको परिचय, उच्चारणको महत्त्व र आवश्यकता, उच्चारणको त्रुटि क्षेत्र, उच्चारण शिक्षणका कार्यकलाप, तरिका, उच्चारण शिक्षणको क्रम, उच्चारणसम्बन्धी कमजोरीका कारणहरू र उच्चारणसम्बन्धी देखिएका समस्याहरूको समाधान उपशीर्षकहरू समावेश गरिएको छ ।

**अध्याय तीन : अध्ययन विधि र प्रक्रिया**

शोधपत्रको अध्याय तीनमा अध्ययन विधि र प्रक्रिया जस्ता शीर्षक राखिएको छ । जसअन्तर्गत जनसङ्ख्या, नमुना छनोट, तथ्याङ्क सङ्कलनका स्रोतहरू (प्राथमिक स्रोत, द्वितीयक स्रोत), तथ्याङ्क सङ्कलनका साधनहरू, तथ्याङ्क विश्लेषण जस्ता उपशीर्षकहरू समावेश गरिएको छ ।

**अध्याय चार : मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको अध्ययन**

प्रस्तुत अध्यायमा मैथिली मातृभाषी विद्यार्थीहरूले उच्चारणमा त्रुटि गर्न सक्ने सम्भाव्य क्षेत्रहरूबाट र कक्षा आठको नेपाली पाठ्यपुस्तक (नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र) बाट विभिन्न शब्दहर, वाक्यहरू र कविताका श्लोकहरूको छनोट गरिएको छ । शब्दहरूअन्तर्गत प्राणत्वसम्बन्धी शब्दहरू, घोषत्वसम्बन्धी शब्द, हलन्त र अजन्त वर्णमुक्त शब्दहरू, संयुक्त 'स' वर्णयुक्त शब्दहरू, य/ए वर्णयुक्त शब्द, ड/ढ वर्णयुक्त शब्दहरू, ब/व वर्ण शब्दहरू, अकार र आकार लागेका शब्दहरू, 'ण' वर्णमुक्त शब्दहरू, 'क्ष' वर्णयुक्त शब्दहरू, संयुक्त वर्णसँगको 'र' का शब्दहरू रेफ ( र्‍ ) लागेका शब्दहरू र वाक्य तथा श्लोकहरू विद्यार्थीहरूलाई उच्चारण गर्न लगाई त्यसबाट आएको नतिजालाई तालिकाबद्ध रूपमा प्रस्तुत गरी व्याख्या गरिएको छ ।

**अध्याय पाँच : विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको उच्चारण क्षमताको अध्ययन**

प्रस्तुत अध्यायमा विद्यार्थीहरूको उच्चारण क्षमतालाई विद्यालय प्रकृति (सामुदायिक, संस्थागत) का आधारमा व्याख्या विश्लेषण र तालिकीकरण गरिएको छ ।

**अध्याय छ : लैङ्गिक आधारमा विद्यार्थीहरूको उच्चारण क्षमताको अध्ययन**

प्रस्तुत अध्यायमा विद्यार्थीहरूको उच्चारण क्षमतालाई लैङ्गिक आधार (छात्रा र छात्र) मा छुट्याई तुलनात्मक रूपमा व्याख्या विश्लेषण र तालिकीकरण गरिएको छ ।

**अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता**

शोधपत्रको अध्याय सातमा समग्र अध्ययनको सारांश, निष्कर्ष, सुझाव र उपयोगितालाई समावेश गरिएको छ । त्यसैगरी शोधपत्रको अन्तमा सन्दर्भसूची, परिशिष्ट र व्यक्तिवृत्त समेत समावेश गरी शोधपत्रलाई अन्तिम रूप दिइएको छ ।

# अध्याय चार

## कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता

प्रस्तुत अध्ययनमा विद्यार्थीहरूको उच्चारण क्षमता पत्ता लगाउनका लागि कक्षा आठको नेपाली पाठ्यपुस्तक (नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र) बाट उच्चारण गर्नका लागि विभिन्न क्षेत्रहरूसँग सम्बन्धित शब्दहरू, वाक्यहरू र कविताका श्लोकहरू छनोट गरी ती शब्दहरू, वाक्यहरू र कविताका श्लोकगत पङ्क्तिहरू महोत्तरी जिल्लाका पाँचओटा संस्थागत र पाँचओटा सामुदायिक विद्यालयका ५०/५० जनामा ५० छात्र/५० छात्रा गरी जम्मा १०० जना कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूलाई उच्चारण गर्न लगाएर प्राप्त नतिजा तथा तथ्याङ्कहरूलाई तालिकामा प्रस्तुत गरी प्राप्त तथ्याङ्कलाई अध्ययन विश्लेषण गरी मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमतालाई अध्ययन विश्लेषण निम्नानुसार गरिएको छ :

### ४.१ प्राणत्वसम्बन्धी शब्दहरू

तालिका १

प्राणत्वसम्बन्धी शब्दहरू

| शब्द | मानक उच्चारण | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | गरिएको गलत उच्चारण |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| साझा | साझा | ९३ | ९३ | ७ | ७ | संझा/सजा |
| चलाख | चलाख् | ८७ | ८७ | १३ | १३ | चालख/चलाक |
| बाघ | बाघ् | ९९ | ९९ | १ | १ | बाग |
| विद्यार्थी | विद्यार्थी/ बिद्द्यार्थि | ४७ | ४७ | ५३ | ५३ | विधार्थी, विधयार्थी |
| साडी | साडि/सारी | १०० | १०० | ० | ० | सारी/साडि |
| उठान | उठान् | ८८ | ८८ | १२ | १२ | उडान |
| माघ | माघ् | ९८ | ९८ | २ | २ | माग |
| विद्यालय | विद्द्यालय/ विद्यालय | ६५ | ६५ | ३५ | ३५ | विधालय, विधयालय |

माथिको तालिकाअनुसार कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको समग्रताका आधारमा परीक्षणका लागि छनोट गरिएका प्राणत्वसम्बन्धी शब्दहरूको तथ्याङ्कलाई अध्ययन विश्लेषण गर्दा 'साडी' शब्दमा १०० प्रतिशत र 'माघ' शब्दमा १०० प्रतिशत शुद्ध उच्चारण गरेको पाइयो । यसैगरी 'विद्यार्थी' शब्दमा ४७ प्रतिशत विद्यार्थीहरूले मात्र शुद्ध उच्चारण गरेको पाइयो । यसरी निष्कर्षमा भन्दा विद्यार्थीहरूले 'विद्यार्थी' शब्दलाई 'विधार्थी' र 'विद्यालय' शब्दलाई 'विधालय' उच्चारण गरेको हुनाले यी शब्दहरूको उच्चारण क्षमता न्यून रहेको देखिन्छ ।

## ४.२ घोषत्वसम्बन्धी शब्दहरू

तालिका २

**घोषत्वसम्बन्धी शब्दहरू**

| शब्द | मानक उच्चारण | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | गरिएको गलत उच्चारण |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| नगद | नगद् | ९३ | ९३ | ७ | ७ | नग्द |
| सदस्य | सदस्स्य | ९० | ९० | १० | १० | सदसय |
| किताब | किताब् | १०० | १०० | ० | ० | किताब् |
| लाग्छ | लाग्‌छ | १०० | १०० | ० | ० | लाग्‌छ |
| कागज | कागज् | ९५ | ९५ | ५ | ५ | कागद / कागत |
| रगत | रगत् | ९० | ९० | १० | १० | रक्त |
| लोग्ने | लोग्‌ने | ८३ | ८३ | १७ | १७ | लागने / लोगने |
| माग्नु | माग्‌नु | ८५ | ८५ | १५ | १५ | माग्नु |

यसरी माथिको तालिकाको तथ्याङ्कलाई अध्ययन विश्लेषण गर्दा घोषत्वसम्बन्धी शब्दहरूमध्ये सबभन्दा बढी 'लाग्छ' शब्दलाई १०० प्रतिशत र 'किताब' शब्दलाई १०० प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइयो भने 'लोग्ने' शब्दमा ८३ प्रतिशत विद्यार्थीहरूले मात्र शुद्ध उच्चारण गरेको पाइयो । 'लोग्ने' शब्दलाई 'लोगने', 'माग्नु' लाई 'माग्नु' भनी उच्चारण गरेका हुनाले यी शब्दहरूमा उच्चारण क्षमता कम रहेको पाइयो ।

## ४.३ हलन्त र अजन्त वर्णयुक्त शब्दहरू

तालिका ३

हलन्त र अजन्त वर्णयुक्त शब्दहरू

| शब्द | मानक उच्चारण | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | गरिएको गलत उच्चारण |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| दुःख | दुःख् | ७१ | ७१ | २९ | २९ | दुख् |
| झ्याल | झ्याल् | ९२ | ९२ | ८ | ८ | झयाल |
| घर | घर | १०० | १०० | ० | ० | घर |
| भगवान् | भगबान् | ९२ | ९२ | ८ | ८ | भागवान् |
| अब | अब | ८८ | ८८ | १२ | १२ | आब |
| काम | काम् | १०० | १०० | ० | ० | काम् |
| पढ्नु | पढ्नु | ९० | ९० | १० | १० | पडनु |
| एवम् | एबम | १०० | १०० | ० | ० | एबम् |

माथिको तालिकाअनुसार विद्यार्थीहरूलाई हलन्त तथा अजन्त वर्णयुक्त शब्दहरूको उच्चारण गराउँदा 'घर' शब्दमा १०० प्रतिशत 'एवम्' शब्दमा १०० प्रतिशत र 'काम' शब्दमा १०० प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइयो । त्यसैगरी दुःख शब्दमा ७१ प्रतिशत विद्यार्थीहरूले मात्र शुद्ध उच्चारण गरेको पाइयो । 'दुःख' शब्दलाई 'दुख्' र हलन्तको ठाउँमा अजन्त र अजन्त उच्चारण गर्नुपर्नेमा हलन्तको उच्चारण गरेको पाइयो ।

## ४.४ संयुक्त 'स' वर्णयुक्त शब्दहरू

तालिका नं. ४

संयुक्त 'स' वर्णयुक्त शब्दहरू

| शब्द | मानक उच्चारण | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | गरिएको गलत उच्चारण |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| स्वस्थ्य | स्वस्थ | ५७ | ५७ | ४३ | ४३ | स्वास्थ्य |
| स्पष्ट | स्पस्ट | ७५ | ७५ | २५ | २५ | सस्पष्ट/असपस्ट |
| स्कुल | स्कुल | ९१ | ९१ | ९ | ९ | सकूल |
| स्थाई | स्थायी | ७३ | ७३ | २७ | २७ | सस्थाई/अस्थाई |
| स्याल | स्याल् | ८३ | ८३ | १७ | १७ | सयाल |
| स्थान | स्थान् | ८२ | ८२ | १८ | १८ | सथान/अस्थान |
| स्तर | स्तर् | ७३ | ७३ | २७ | २७ | सस्तर/सतर/अस्तर |
| अस्थाई | अस्थायी | ८० | ८० | २० | २० | असथाई/स्थाई |

माथिको तालिकाका तथ्याङ्कलाई अध्ययन विश्लेषण गर्दा संयुक्त 'स' वर्णयुक्त शब्दहरूमध्ये 'स्कुल' शब्दमा सबभन्दा बढी ९१ प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइयो । त्यसैगरी 'स्वस्थ्य' शब्दमा ५७ प्रतिशत विद्यार्थीहरूले मात्र शुद्ध उच्चारण गरेको पाइयो । 'स्वस्थ्य' शब्दलाई विद्यार्थीहरूले 'स्वास्थय' उच्चारण गरेको पाइयो । त्यसैगरी संयुक्त 'स' वर्णलाई पूर्ण रूपमा 'स' को रूपमा विद्यार्थीहरूले उच्चारण गरेको पाइयो ।

## ४.५ य/ए वर्णयुक्त शब्दहरू

तालिका ५

य/ए वर्णयुक्त शब्दहरू

| शब्द | मानक उच्चारण | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | गरिएको गलत उच्चारण |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| समय | समय | ८३ | ८३ | १७ | १७ | समए |
| कतिपय | कतिपय | ७१ | ७१ | २९ | २९ | कतिपइ/कतिपेए |
| सजाय | सजाय | ७९ | ७९ | २१ | २१ | सजाए/सजाइ |
| एउटा | एउटा | ९८ | ९८ | २ | २ | यउटा |
| पाए | पाए | ९८ | ९८ | २ | २ | पायो |
| सुकाएर | सुकाएर | ९२ | ९२ | ८ | ८ | सुकाए |
| यथार्थ | यथारथ | ७९ | ७९ | २१ | २१ | अथार्थ/एथार्थ |
| घरायसी | घरायसि | ७१ | ७१ | २९ | २९ | घराइसी/घरायेसी |

माथिको तालिकाअनुसार विद्यार्थीहरूलाई य/ए वर्णयुक्त शब्दहरूको उच्चारण गर्न लगाउँदा प्राप्त तथ्याङ्कको अध्ययन विश्लेषण गर्दा 'एउटा' र 'पाए' शब्दमा ९८/९८ प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइयो भने 'कतिपय' र 'घरायसी' शब्दमा ७१/७१ प्रतिशत विद्यार्थीहरूले मात्र शुद्ध उच्चारण गरेको पाइयो । विद्यार्थीहरूले 'य' को ठाउँमा 'ए', 'अ' र 'ई' उच्चारण गरेको पाइयो । यसरी हेर्दा 'ए' को उच्चारणमा सबभन्दा बढी उच्चारण क्षमता रहेको पाइयो भने 'य' को उच्चारणमा सबभन्दा बढी विद्यार्थीहरूले त्रुटि गरेको हुनाले 'य' उच्चारण हुने शब्दहरूमा उच्चारण क्षमता न्यून रहेको देखियो ।

## ४.६ ड/ढ वर्णयुक्त शब्दहरू

तालिका ६

ड/ढ वर्णयुक्त शब्दहरू

| शब्द | मानक उच्चारण | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | गरिएको गलत उच्चारण |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| गाढा | गाढा | ७६ | ७६ | २४ | २४ | गाडा |
| बाढी | बाढि | ७७ | ७७ | २३ | २३ | बाडी |
| बढी | बढी | ८० | ८० | २० | २० | बडी |
| झगडा | झगडा | ९३ | ९३ | ७ | ७ | झगरा/झगढा |
| सडक | सडक | ९६ | ९६ | ४ | ४ | सरक |
| कपडा | कपडा | ९६ | ९६ | ४ | ४ | कपरा |
| गोडा | गोडा | ८८ | ८८ | १२ | १२ | गोढा |
| पढाउनु | पढाउनु | ८५ | ८५ | १५ | १५ | पडाउनु |

माथिको तालिकालाई अध्ययन विश्लेषण गर्दा विद्यार्थीहरूले ड/ढ वर्णयुक्त शब्दहरूको उच्चारण गर्दा 'सडक' शब्दमा ९६ प्रतिशत, 'कपडा' शब्दमा ९६ प्रतिशत, 'झगडा' शब्दमा ९३ प्रतिशतसम्म शुद्ध उच्चारण गरेको पाइयो । 'गाढा' शब्दमा ७६ प्रतिशत विद्यार्थीले मात्र शुद्ध उच्चारण गरेको पाइयो । त्यसैगरी विद्यार्थीहरूले 'ड/ढ' को उच्चारण गर्दा 'ढ' लाई 'ड' उच्चारण गरेको बढी पाइयो । त्यसैगरी 'ड' लाई 'ढ' र 'र' उच्चारण गरेको पाइयो ।

## ४.७ व/ब वर्णयुक्त शब्दहरू

तालिका ७

व/ब वर्णयुक्त शब्दहरू

| शब्द | मानक उच्चारण | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | गरिएको गलत उच्चारण |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| वाक्य | वाक्क्य/ बाक्क्य | १०० | १०० | ० | ० | वाक्क्य |
| विषय | बिसय | ८५ | ८५ | १५ | १५ | बिसइ |
| विनाश | बिनास् | ८९ | ८९ | ११ | ११ | विनास |
| वन्यजन्तु | बन्न्जन्तु | ७६ | ७६ | २४ | २४ | वनजन्तु/बनजन्तु |
| भावना | भाबना | ८६ | ८६ | १४ | १४ | भवना/भावना |
| किताब | किताब् | १०० | १०० | ० | ० | किताब् |
| साबुन | साबुन् | १०० | १०० | ० | ० | साबुन |
| विचार | बिचार् | ८७ | ८७ | १३ | १३ | विचार/बिचारा |

माथिको तालिकाको तथ्याङ्कलाई अध्ययन विश्लेषण गर्दा विद्यार्थीहरूले व/ब वर्णयुक्त शब्दहरूको उच्चारण गर्दा 'वाक्य' शब्दमा १०० प्रतिशत 'साबुन' शब्दमा १०० प्रतिशत र 'किताब' शब्दमा १०० प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइयो । 'वन्यजन्तु' शब्दमा ७६ प्रतिशत विद्यार्थीहरूले मात्र शुद्ध उच्चारण गरेको पाइयो । त्यस्तै विद्यार्थीहरूले 'व' लाई 'ब' र 'ब' लाई 'व' उच्चारण गरेको र 'वन्यजन्तु' शब्दलाई 'बनजन्तु' उच्चारण गरेको पाइयो ।

## ४.८ अकार र आकार लागेका शब्दहरू

तालिका ८

अकार र आकार लागेका शब्दहरू

| शब्द | मानक उच्चारण | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | गरिएको गलत उच्चारण |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| असहाय | असहाय | ६८ | ६८ | ३२ | ३२ | असहाए/असहाइ |
| अमला | अमला | ९८ | ९८ | २ | २ | आमला |
| पहाड | पहाड् | ९३ | ९३ | ७ | ७ | पाहाड |
| सादा | सादा | ९६ | ९६ | ४ | ४ | सदा |
| सामान | सामान् | ७३ | ७३ | २७ | २७ | समान |
| सामाजिक | सामाजिक् | ७४ | ७४ | २६ | २६ | समाजिक |
| आगामी | आगामि | ८३ | ८३ | १७ | १७ | अगामी/आगमी |
| समाचार | समाचार | ९५ | ९५ | ५ | ५ | सामाचार |

माथिको तालिकाका तथ्याङ्कलाई अध्ययन विश्लेषण गर्दा विद्यार्थीहरूलाई अकार र आकार लागेका शब्दहरूलाई उच्चारण गर्न लगाउँदा 'अमला' शब्दमा ९८ प्रतिशत सबभन्दा बढी विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइयो । यसैगरी सबभन्दा कम उच्चारण क्षमता 'असहाय' शब्दमा ५८ प्रतिशत विद्यार्थीहरूले मात्र शुद्ध उच्चारण गरेको पाइयो । त्यस्तै अन्य शब्दहरूमा ७३ प्रतिशतदेखि ८३ प्रतिशतसम्म शुद्ध उच्चारण क्षमता रहेको पाइयो । विद्यार्थीहरूको आकारलाई अकार र अकारलाई आकार उच्चारण गरी त्रुटि गरेको देखियो ।

## ४.९ 'ण' वर्णयुक्त शब्दहरू

तालिका ९

'ण' वर्णयुक्त शब्दहरू

| शब्द | मानक उच्चारण | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | गरिएको गलत उच्चारण |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| गुण | गुण् | ० | ० | १०० | १०० | गुन |
| ग्रहण | ग्रहण् | ० | ० | १०० | १०० | गरहन / ग्रहन |
| करण | करण् | ० | ० | १०० | १०० | करन |
| कारण | कारण् | ० | ० | १०० | १०० | कारन |
| परिणाम | परिणाम् | ० | ० | १०० | १०० | परिमान / परिनाम |
| द्रोण | द्रोण | ० | ० | १०० | १०० | दोन / द्रोन |
| दक्षिणा | दक्छिणा / दय्छिणा | ० | ० | १०० | १०० | दछिन / दछिना |
| गणेश | गँडोस् / गणेस् | ० | ० | १०० | १०० | गनेस / गनेश |

माथिको तालिकाका तथ्याङ्कलाई अध्ययन विश्लेषण गर्दा विद्यार्थीहरूलाई 'ण' वर्णयुक्त शब्दहरूको उच्चारण गर्न लगाउदा १०० जना विद्यार्थीहरूमध्ये कुनै पनि विद्यार्थीहरूले कुनै पनि शब्दमा शुद्ध उच्चारण गरको पाइएन । 'ण' वर्णको उच्चारणमा विद्यार्थीहरूले 'ण' लाई 'न' उच्चारण गरेको पाइयो । जसले गर्दा 'ण' वर्णयुक्त शब्दहरूमा उच्चारण क्षमता ० प्रतिशत रहेको पाइयो । 'ण' वर्णयुक्त शब्दको उच्चारणमा १०० प्रतिशत विद्यार्थीहरूले त्रुटि गरेको पाइयो ।

## ४.१० 'क्ष' वर्णयुक्त शब्दहरू

तालिका १०

'क्ष' वर्णयुक्त शब्दहरू

| शब्द | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | गरिएको गलत उच्चारण |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| सक्षम | सक्छम्, सच्छ्म | ५८ | ५८ | ४२ | ४२ | सछ्म |
| पक्ष | पक्छय, पच्छ्य | ६० | ६० | ४० | ३० | पछ/पछय |
| विपक्ष | बिपक्छ्य, बिपच्छ्य | ६७ | ६७ | ३३ | ३३ | विपक्ष/विपछय |
| क्षण | छयण् | ३ | ३ | ९७ | ९७ | छन |
| कक्षा | कक्छ्या, कच्छ्या | ५३ | ५३ | ४७ | ४७ | कछया/कछा |
| परीक्षा | परिक्छ्या/परिच्छ्या | ५८ | ५८ | ४२ | ४२ | परीछा/परीछया |
| रक्षा | रक्छ्या/रच्छ्या | ४२ | ४२ | ५८ | ५८ | रछा/रछया |
| क्षेत्र | छेत्र | १०० | १०० | ० | ० | छेत्र |

माथिको तालिकाका तथ्याङ्कलाई अध्ययन विश्लेषण गर्दा विद्यार्थीहरूलाई 'क्ष' वर्णयुक्त शब्दहरूको उच्चारण गर्न लगाउँदा 'क्षेत्र' शब्दमा १०० प्रतिशत सबभन्दा बढी विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइयो । त्यसैगरी 'क्षण' ३ प्रतिशत मात्र शुद्ध उच्चारण क्षमता रहेको पाइयो । त्यसैगरी अन्य बाँकी शब्दहरूमा ४२ प्रतिशतदेखि ६७ प्रतिशतसम्म शुद्ध उच्चारण क्षमता रहेको पाइयो । यसरी हेर्दा 'क्ष' वर्णयुक्त शब्दहरूको उच्चारण क्षमता मध्यम स्तरको रहेको पाइयो । 'क्ष' वर्णको उच्चारणमा विद्यार्थीहरूले 'क्ष' लाई 'छ' उच्चारण गरेको पाइयो । त्यसैगरी 'क्षण' शब्दलाई 'छन्' भनी उच्चारण गरेको पाइयो ।

## ४.११ संयुक्त वर्णसँगको 'र' को उच्चारण हुने शब्दहरू

तालिका ११

संयुक्त वर्णसँगको 'र' को उच्चारण हुने शब्दहरू

| शब्द | मानक उच्चारण | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | गरिएको गलत उच्चारण |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| प्रतिक्षा | प्रतिक्छ्या/प्रतिच्छ्या | ४७ | ४७ | ५३ | ५३ | परतिछया/प्रतिछा |
| प्रतिभा | प्रतिभा | ९४ | ९४ | ६ | ६ | परतिमा |
| प्रदूषण | प्रदुसण | ० | ० | १०० | १०० | प्रदूषण/परदुसन |
| प्रगुन | प्रगुन् | ९१ | ९१ | ९ | ९ | परगुन |
| प्रकाशन | प्रकासन् | ९५ | ९५ | ५ | ५ | परकासन |
| प्रयोग | प्रयोग् | ९३ | ९३ | ७ | ७ | परयोग |
| प्रगति | प्रगति | ९० | ९० | १० | १० | परगति |
| प्रतिष्ठा | प्रतिस्ठा | ८५ | ८५ | १५ | १५ | परतिस्ठा |

माथिको तालिकाका तथ्याङ्कलाई व्याख्या विश्लेषण गर्दा विद्यार्थीहरूलाई संयुक्त वर्णसँगको 'र' को उच्चारण हुने शब्दहरूको उच्चारण गर्न लगाउँदा 'प्रकाशन' शब्दमा ९५ प्रतिशत, 'प्रतिभा' शब्दमा ९४ प्रतिशत, 'प्रगुन' शब्दमा ९३ प्रतिशत, 'प्रयोग' शब्दमा ९३ र 'प्रगति' शब्दमा ९० प्रतिशतसम्म शुद्ध उच्चारण क्षमता रहेको पाइयो । त्यसैगरी 'प्रदूषण' शब्दमा ० प्रतिशत उच्चारण क्षमता रहेको पाइयो । त्यस्तै 'प्रतीक्षा' शब्दमा ४७ प्रतिशत शुद्ध उच्चारण क्षमता रहेको पाइयो । अन्य 'प्रतिष्ठा' शब्दमा ८५ प्रतिशत शुद्ध उच्चारण क्षमता रहेको पाइयो । संयुक्त वर्णसँगको 'र' को उच्चारणमा केही विद्यार्थीहरूले मात्र त्रुटि

गरेको तर संयुक्त वर्णसँग 'र' लागेका शब्दमा 'ण' र 'क्ष' को शब्दमा 'ण' लाई 'न' र 'क्ष' लाई 'छ' उच्चारण गर्दा त्रुटि देखियो ।

## ४.१२ रेफ ( ॅ ) लागेका शब्दहरू

तालिका १२

रेफ ( ॅ ) लागेका शब्दहरू

| शब्द | मानक उच्चारण | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | गरिएको गलत उच्चारण |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| कर्म | कर्‌म | ७३ | ७३ | २७ | २७ | करम |
| धर्म | धर्‌म | ७२ | ७२ | २८ | २८ | धरम |
| गर्व | गर्‌ब | ७४ | ७४ | २६ | २६ | गरब |
| निर्दयी | निर्‌दयी | ६७ | ६७ | ३३ | ३३ | निरदायी/निरदेयी |
| अर्थ | अर्‌थ | ८९ | ८९ | ११ | ११ | अरथ |
| वर्षा | बर्‌सा | ८३ | ८३ | १७ | १७ | वरषा |
| सर्जक | सर्‌जक | ८७ | ८७ | १३ | १३ | सजरक |
| धर्ती | धर्‌ती | १०० | १०० | ० | ० | धर्‌ती |

माथिको तालिकाका तथ्याङ्कलाई व्याख्या विश्लेषण गर्दा विद्यार्थीहरूलाई रेफ ( ॅ ) लागेका शब्दहरूको उच्चारण गर्न लगाउँदा 'धर्ती' शब्दमा १०० प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइयो । त्यसैगरी 'निर्दयी' शब्दमा ६७ प्रतिशत विद्यार्थीहरूले मात्र शुद्ध उच्चारण गरेको पाइयो । त्यसैगरी अन्य बाँकी शब्दहरूमा ७२ प्रतिशतदेखि ८९ प्रतिशतसम्म शुद्ध उच्चारण क्षमता रहेको पाइयो । रेफ ( ॅ ) लागेका शब्दहरूको उच्चारण गर्दा विद्यार्थीहरूले जस्तैः 'कर्म' शब्दलाई 'करम', 'धर्म' शब्दलाई 'धरम' उच्चारण गरेका बढी पाइयो । रेफ लागेको 'निर्दयी' शब्दमा विद्यार्थीहरूले रेफको उच्चारण गर्नुभन्दा बढी 'निर्दयी' शब्दको 'द' लाई 'दा' उच्चारण गरेको पाइयो ।

## ४.१३ वाक्यगत उच्चारण

| क्र.सं. | वाक्य | त्रुटिपूर्ण उच्चारण |
|---|---|---|
| १. | हाम्रो देश हामीलाई प्यारो लाग्छ । | हाम्रो देश हामीलाई पयारो लागछ । |
| २. | आमाले सम्झाउँदै भनिन् । | आमाले सम्झाउँदै भनिन । |
| ३. | देवकुमारीले पुस्तक पढिन् । | देवकुमारीले पुस्तक पढिन । |
| ४. | उसले राम्रो चित्र बनायो । | उसले रामरा चित्र बनायो । |
| ५. | हामीले निकाल्न सकेनौँ । | हामीले निकाल्न सकनौँ । |
| ६. | म तिमीलाई नै दिन्छु । | म तिमीलाई नै दिन्छु । |
| ७. | राम्ररी नपढे पास भइँदैन । | रामरी नपढे पास भइदैन । |
| ८. | भाइ घुम्न गएछ । | भाइ घुम्न गयो । |
| ९. | आज ठूलो पानी पर्ला । | आज ठूलो पानी पार्ला । |
| १०. | उनी अनुशासित भएर पढ्थे । | उनी अनुशासित भएर पढ्छ । |
| ११. | गुरु मञ्चमा आउनुभयो । | गुरु मञ्चमा आउनुभो । |
| १२. | खबरदार ! भाग्ने होइन । | खबरदार ! भाग्ने होइन । |
| १३. | चोर आयो भने मैले के गर्ने ? | चोर आयो भने मैले के गर्नु ? |
| १४. | छि ! कस्ती फोहरी रहेछिन् । | छि ! कसतो फोहरी रहेछिन् । |
| १५. | नेपालमा धेरै पर्वहरू मनाइन्छन् । | नेपालमा धेरै पर्व/पर्वतहरु मनाइन्छ । |
| १६. | म त नाँचे । | म त नाचे । |
| १७. | हामी चाड पर्वमा रमाइलो गर्नेछौँ । | हामी चाड पर्वमा रमइलो गर्छौं । |
| १८. | रमिता मिहिनेती छिन् । | रमिता मेहनती छिन्/छन् । |
| १९. | बाबा घुम्न जानुहुन्छ । | बाबु घुम्न जानुहुन्छ । |
| २०. | विचरा ! श्यामको बुवा हिजो खस्नु भएछ । | बिचारा सयामको बुवा हिजो खस्नो भयो । |

## तालिका १३

## वाक्यगत उच्चारण

| क.सं. | वाक्य | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | हाम्रो देश हामीलाई प्यारो लाग्छ। | ९७ | ९७ | ३ | ३ |
| २. | आमाले सम्झाउँदै भनिन्। | ७९ | ७९ | २१ | २१ |
| ३. | देवकुमारीले पुस्तक पढिन्। | ८४ | ८४ | १६ | १६ |
| ४. | उसले राम्रो चित्र बनायो। | ९३ | ९३ | ७ | ७ |
| ५. | हामीले निकाल्न सकेनौँ। | ८४ | ८४ | १६ | १६ |
| ६. | म तिमीलाई नै दिन्छु। | ९५ | ९५ | ५ | ५ |
| ७. | राम्ररी नपढे पास भइँदैन। | ६३ | ६३ | १७ | १७ |
| ८. | भाइ घुम्न गएछ। | ९३ | ९३ | ७ | ७ |
| ९. | आज ठूलो पानी पर्ला। | ८९ | ८९ | ११ | ११ |
| १०. | उनी अनुशासित भएर पढ्थे। | ९१ | ९१ | ९ | ९ |
| ११. | गुरु मञ्चमा आउनुभयो। | ८८ | ८८ | १२ | १२ |
| १२. | खबरदार ! भाग्ने होइन। | ८६ | ८६ | १४ | १४ |
| १३. | चोर आयो भने मैले के गर्ने ? | ९५ | ९५ | ५ | ५ |
| १४. | छि ! कस्ती फोहरी रहेछिन्। | ७९ | ७९ | २१ | २१ |
| १५. | नेपालमा धेरै पर्वहरू मनाइन्छन्। | ६७ | ६७ | ३३ | ३३ |
| १६. | म त नाँचे। | ९३ | ९३ | ७ | ७ |
| १७. | हामी चाड पर्वमा रमाइलो गर्नेछौँ। | ७८ | ७८ | २२ | २२ |
| १८. | रमिता मिहिनेती छिन्। | ९७ | ९७ | ३ | ३ |
| १९. | बाबा घुम्न जानुहुन्छ। | ८० | ८० | २० | २० |
| २०. | विचरा ! श्यामको बुवा हिजो खस्नु भएछ। | ३९ | ३९ | ६१ | ६१ |

माथिको तालिकाका तथ्याङ्कलाई व्याख्या विश्लेषण गर्दा विद्यार्थीहरूलाई विभिन्न वाक्यहरू पढ्न लगाउँदा 'हाम्रो देश हामीलाई प्यारो लाग्छ' र 'रमिता मिहिनेती छिन'

वाक्यमा ९७/९७ प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइयो । त्यसैगरी 'विचरा, श्यामको बुवा हिजो खस्नुभएछ' वाक्यमा ३९ प्रतिशत विद्यार्थीहरूले मात्र शुद्ध उच्चारण गरेको पाइयो । त्यस्तै अन्य वाक्यहरूमा ६७ प्रतिशतदेखि ९३ प्रतिशतसम्म शुद्ध उच्चारण क्षमता रहेको पाइयो । विद्यार्थीहरूलाई विभिन्न वाक्यहरूको उच्चारण गर्न लगाउँदा विद्यार्थीहरूले बढी जस्तो हतारमा पढेर र मातृभाषाको प्रभावले गर्दा 'बाबा' शब्दलाई 'बाबु', 'जानुभयो' लाई 'जानुभो', 'छिन' शब्दलाई 'छन्', 'विचरा' शब्दलाई 'बिच्रा' र 'बिचारा' उच्चारण गरेको हुनाले बढी त्रुटि गरेको पाइयो ।

## ४.१४ कविताको श्लोकगत पङ्क्तिसम्बन्धी उच्चारण

| क्र.सं. | वाक्य | त्रुटिपूर्ण उच्चारण |
|---|---|---|
| १. | यो मेरो घर, छानामा खर, ढुङ्गाको आँगन<br>मन छ ठुलो दिएरै पुग्छ पर्दैन मागन । | यो मेरो घर, छानामा घर ढुङ्गोको आगन<br>मन छ ठुलो दिएर पुग्छ पर्दैन मागन् । |
| २. | घामले दिन्छ मायालु न्यानो जूनले शीतल<br>मायाले भिजी रसिलो सधैँ मेरो यो भूतल ॥ | घामले दिन्छ मयालु नयानो जुनले सीत्ल<br>मयाले भिजी रसिलो सँधै मेरो यो भूत्ल/भूतला ॥ |
| ३. | फरिया चोली लाएका चेली, छन् मेरा सहेली<br>धान र गहुँ जत्तिकै खेल्छन्, खेतमा बयेली । | फरिया चोली लगाएका चेली छन् मेरी सहेली<br>धान र गहुँ जत्तिकै खेल्छन् खेतमा बहेली । |
| ४. | मारुनी, घाटु, सोरठी, सेलो, सवाई, दोहोरी<br>मान्दैन मन, आनन्दसँग नखेली, नहेरी ॥ | मरुनी घाटु, सोरठी, सेली सवाई, दोहरी<br>मान्दैन मन, अनन्दसँग नखेली नहेरी ॥ |
| ५. | मन्दिर, गुम्बा, मस्जिद, चर्च, सबैमा छरिन्छु<br>पोल्टामा दिन्छन् सबैले माया, यत्तिकै भरिन्छु । | मन्दिर, गुम्बा, महजिद, चर्चा सबैमा छरिन्छ<br>पोल्टीमा दिन्छन् सबैमा माया एत्तिकै भरिन्छ । |
| ६. | तिहार, दसैं, छठ र इद, माघी र ल्होसार<br>साथी छन् धेरै, रमाइलो गर्दै, मनाउँछु चहाड । | तिहार, दसैं, छैठ र इद माघी र लोसार<br>साथी छन् धेरै रमाइलो गर्दै मनाउँछ चाड । |

तालिका १४

कविताको पङ्क्ति

| क.सं. | कविताको पङ्क्ति | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | यो मेरो घर, छानामा खर, ढुङ्गाको आँगन<br>मन छ ठुलो दिएरै पुग्छ पर्दैन मागन । | ५७ | ५७ | ४३ | ४३ |
| २. | घामले दिन्छ मायालु न्यानो जूनले शीतल<br>मायाले भिजी रसिलो सधैँ मेरो यो भूतल ॥ | ७३ | ७३ | २७ | २७ |
| ३. | फरिया चोली लाएका चेली, छन् मेरा सहेली<br>धान र गहुँ जत्तिकै खेल्छन्, खेतमा बयेली । | ६० | ६० | ४० | ४० |
| ४. | मारुनी, घाटु, सोरठी, सेलो, सवाई, दोहोरी<br>मान्दैन मन, आनन्दसँग नखेली, नहेरी ॥ | ७७ | ७७ | २३ | २३ |
| ५. | मन्दिर, गुम्बा, मस्जिद, चर्च, सबैमा छरिन्छु<br>पोल्टामा दिन्छन् सबैले माया, यत्तिकै भरिन्छु । | ५७ | ५७ | ४३ | ४३ |
| ६. | तिहार, दसैं, छठ र इद, माघी र ल्होसार<br>साथी छन् धेरै, रमाइलो गर्दै, मनाउँछु चहाड । | ६३ | ६३ | ३७ | ३७ |

माथिको तालिकाका तथ्याङ्कलाई व्याख्या विश्लेषण गर्दा विद्यार्थीहरूलाई कविताको पङ्क्तिहरू उच्चारण गर्न लगाउँदा विद्यार्थीहरूले कविताको पङ्क्ति ४ को उच्चारण ७७ प्रतिशत शुद्ध उच्चारण क्षमता रहेको पाइयो । त्यस्तै गरी कविताको पङ्क्ति १ र ५ मा ५७/५७ प्रतिशत मात्र शुद्ध उच्चारण क्षमता रहेको पाइयो । त्यसैगरी अन्य कविताको पङ्क्तिहरूमा ६० प्रतिशतसम्म शुद्ध उच्चारण क्षमता रहेको पाइयो । विद्यार्थीहरूले यी कविताका पङ्क्तिहरू उच्चारण गर्दा 'मागन' शब्दलाई 'मागन्', 'ढुङ्गा' शब्दलाई 'ढुङ्गो', 'भूतल' शब्दलाई 'भूतला', 'लाएका' शब्दलाई 'लगाएका', 'मेरा' शब्दलाई 'मेरी', 'छरिन्छु' शब्दलाई 'छरिन्छ', 'भरिन्छु' शब्दलाई 'भरिन्छ', 'मस्जिद' शब्दलाई 'महजिद' र 'चहाड' शब्दलाई 'चाड' उच्चारण गरेको बढी पाइयो ।

# अध्याय पाँच

## विद्यालय प्रकृतिका आधारमा मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता

विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको उच्चारण क्षमताको अध्ययनको लागि पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका ५० जना छात्र र ५० जना छात्रा गरी जम्मा १०० जना कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूको छनोट गरी उच्चारण गर्न लगाइएको थियो । उच्चारण गर्न लगाइएको तथ्याङ्कअनुसार विद्यालय प्रकृतिको आधारमा विद्यार्थीहरूको उच्चारण क्षमताको अध्ययन विश्लेषण निम्नानुसार तालिकाबद्ध रूपमा प्रस्तुत गरिएको छ :

### ५.१ प्राणत्वसम्बन्धी शब्दहरू

तालिका १५

प्राणत्वसम्बन्धी शब्दहरू

| शब्द | संस्थागत विद्यालय | | | | सामुदायिक विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| साझा | ४७ | ९४ | ३ | ६ | ४६ | ९२ | ४ | ८ |
| चलाख | ४४ | ८८ | ६ | १२ | ४३ | ८६ | ७ | १४ |
| बाघ | ५० | १०० | ० | ० | ४९ | ९८ | १ | २ |
| विद्यार्थी | २९ | ५८ | २१ | ४२ | १८ | ३६ | ३२ | ६४ |
| साडी | ५० | १०० | ० | ० | ५० | १०० | ० | ० |
| उठान | ४४ | ८८ | ६ | १२ | ४४ | ८८ | ६ | १२ |
| माघ | ५० | १०० | ० | ० | ४८ | ९६ | २ | ४ |
| विद्यालय | ३९ | ७८ | ११ | २२ | २६ | ५२ | २४ | ४८ |

माथिको तालिकाअनुसार विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको उच्चारण क्षमताको व्याख्या विश्लेषण गर्दा प्राणत्वसम्बन्धी उच्चारण हुने शब्दहरूमा 'साझा'

शब्दलाई संस्थागत विद्यालयका ९४ प्रतिशत र सामुदायिक विद्यालयका ९२ प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइयो । त्यस्तै 'चलाख' शब्दलाई संस्थागत विद्यालयका ८८ प्रतिशत र सामुदायिक विद्यालयका ८६ प्रतिशत विद्यार्थीहरूले र 'बाघ' शब्दलाई संस्थागत विद्यालयका १०० प्रतिशत र सामुदायिक विद्यालयका ९८ प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइयो । त्यस्तै 'साडी' र 'उठान' शब्दमा संस्थागत विद्यालयका क्रमशः ५० प्रतिशत र ४४ प्रतिशत र सामुदायिक विद्यालयका ५० प्रतिशत र ४४ प्रतिशत समान किसिमको उच्चारण क्षमता रहेको पाइयो । समग्रमा बाँकी शब्दहरूको पनि तुलनात्मक रूपमा अध्ययन विश्लेषण गर्दा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको उच्चारण क्षमता शुद्ध रहेको पाइयो ।

## ५.२ घोषत्वसम्बन्धी शब्दहरू

तालिका १६

घोषत्वसम्बन्धी शब्दहरू

| शब्द | संस्थागत विद्यालय | | | | सामुदायिक विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| नगद | ४६ | ९२ | ४४ | ८ | ४७ | ९४ | ३ | ६ |
| सदस्य | ४५ | ९० | ५ | १० | ४५ | ९० | ५ | १० |
| किताब | ५० | १०० | ० | ० | ५० | १०० | ० | ० |
| लाग्छ | ५० | १०० | ० | ० | ५० | १०० | ० | ० |
| कागज | ४८ | ९६ | २ | ४ | ४७ | ९४ | ३ | ६ |
| रगत | ४६ | ९२ | ४ | ८ | ४४ | ८८ | ६ | १२ |
| लोग्ने | ४३ | ८६ | ७ | १४ | ४० | ८० | १० | २० |
| माग्नु | ४३ | ८६ | ७ | १४ | ४२ | ८४ | ८ | १६ |

माथिको तालिकाअनुसार विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको घोषत्वसम्बन्धी उच्चारण हुने शब्दहरूको व्याख्या विश्लेषण गर्दा 'किताब' र 'लाग्छ' शब्दमा संस्थागत

विद्यालयका १००/१०० प्रतिशत र सामुदायिक विद्यालयका १००/१०० प्रतिशत विद्यार्थीहरूको शुद्ध उच्चारण क्षमता रहेको छ। त्यस्तै 'लोग्ने' शब्दमा संस्थागत विद्यालयका ८६ प्रतिशत र सामुदायिक विद्यालयका ८० प्रतिशत विद्यार्थीहरूको शुद्ध उच्चारण क्षमता रहेको पाइयो । यसरी समग्रताका आधारमा संस्थागत विद्यालयका ८६ प्रतिशतदेखि १०० प्रतिशतसम्म र सामुदायिक विद्यालयका ८० प्रतिशतदेखि १०० प्रतिशत विद्यार्थीहरूको शुद्ध उच्चारण क्षमता रहेको छ । यसरी हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको उच्चारण क्षमता राम्रो रहेको पाइन्छ ।

## ५.३ हलन्त र अजन्त वर्णयुक्त शब्दहरू

तालिका १७

हलन्त र अजन्त वर्णयुक्त शब्दहरू

| शब्द | संस्थागत विद्यालय | | | | सामुदायिक विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| दुःख | ४० | ८० | १० | २० | ३१ | ६२ | १९ | ३८ |
| झ्याल | ४८ | ९६ | २ | ४ | ४४ | ८८ | ६ | १२ |
| घर | ५० | १०० | ० | ० | ५० | १०० | ० | ० |
| भगवान् | ४५ | ९० | ५ | १० | ४७ | ९४ | ३ | ६ |
| अब | ४६ | ९२ | ४ | ८ | ४२ | ८४ | ८ | १६ |
| काम | ५० | १०० | ० | ० | ५० | १०० | ० | ० |
| पढ्नु | ४६ | ९२ | ४ | ८ | ४४ | ८८ | ६ | १२ |
| एवम् | ५० | १०० | ० | ० | ५० | १०० | ० | ० |

माथिको तालिकाअनुसार विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको उच्चारण क्षमताको व्याख्या विश्लेषण गर्दा 'घर' र 'एवम्' शब्दमा संस्थागत विद्यालयका १०० प्रतिशत र सामुदायिक विद्यालयका १०० प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइयो । यो शब्दको उच्चारणमा संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको

उच्चारण क्षमता समान देखिन्छ । यसैगरी 'काम' शब्दमा संस्थागत विद्यालयका १०० प्रतिशत र सामुदायिक विद्यालयका १०० प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइन्छ । यो शब्दमा पनि उच्चारण क्षमता समान रहेको पाइयो । यसरी हेर्दा संस्थागत विद्यालयको ९० प्रतिशतदेखि १०० प्रतिशतसम्म र सामुदायिक विद्यालयका ६२ प्रतिशतदेखि १०० प्रतिशत उच्चारण क्षमता रहेको पाइन्छ । समग्रताका आधारमा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयको उच्चारण क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.४ संयुक्त 'स' वर्णयुक्त शब्दहरू

तालिका नं. १८

संयुक्त 'स' वर्णयुक्त शब्दहरू

| शब्द | संस्थागत विद्यालय | | | | सामुदायिक विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| स्वस्थ्य | ३४ | ६८ | १६ | ३२ | २३ | ४६ | २७ | ५४ |
| स्पष्ट | ४१ | ८२ | ९ | १८ | ३४ | ६८ | १६ | ३२ |
| स्कुल | ४७ | ९४ | ३ | ६ | ४४ | ८८ | ६ | १२ |
| स्थाई | ४२ | ८४ | ८ | १६ | ३१ | ६२ | १९ | ३८ |
| स्याल | ४२ | ८४ | ८ | १६ | ४१ | ८२ | ९ | १८ |
| स्थान | ४१ | ८२ | ९ | १८ | ४१ | ८२ | ९ | १८ |
| स्तर | ३९ | ७८ | ११ | २२ | ३४ | ६८ | १६ | ३२ |
| अस्थाई | ४५ | ९० | ५ | १० | ३५ | ७० | १५ | ३० |

माथिको तालिकाका अनुसार विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको उच्चारण क्षमताको व्याख्या विश्लेषण गर्दा संयुक्त 'स' वर्णयुक्त शब्दहरूमा स्कूल शब्दमा संस्थागत विद्यालयका ९४ प्रतिशत र सामुदायिक विद्यालयका ८८ प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइयो । त्यस्तै 'स्वस्थ्य' शब्दमा संस्थागत विद्यालयका ६८ प्रतिशत विद्यार्थीले र सामुदायिक विद्यालयका ४६ प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको

पाइयो । यसरी हेर्दा संस्थागत विद्यालयका ६८ प्रतिशतदेखि ९४ प्रतिशत र सामुदायिक विद्यालयका ४६ प्रतिशतदेखि ८८ प्रतिशतसम्म संयुक्त 'स' वर्णयुक्त शब्दहरूमा विद्यार्थीहरूको उच्चारण क्षमता रहेको पाइन्छ । समग्रमा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयको विद्यार्थीहरूको उच्चारण क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.५ य/ए वर्णयुक्त शब्दहरू

तालिका १९

य/ए वर्णयुक्त शब्दहरू

| शब्द | संस्थागत विद्यालय | | | | सामुदायिक विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| समय | ४२ | ८४ | ८ | १६ | ४१ | ८२ | ९ | १८ |
| कतिपय | ४१ | ८२ | ९ | १८ | ३० | ६० | २० | ४० |
| सजाय | ४१ | ८२ | ९ | १८ | ३८ | ७६ | १२ | २४ |
| एउटा | ५० | १०० | ० | ० | ४८ | ९६ | २ | ४ |
| पाए | ५० | १०० | ० | ० | ४८ | ९६ | २ | ४ |
| सुकाएर | ४७ | ९४ | ३ | ६ | ४५ | ९० | ५ | १० |
| यथार्थ | ४३ | ८६ | ७ | १४ | ३६ | ७२ | १४ | २८ |
| घरायसी | ३९ | ७८ | ११ | २२ | ३२ | ६४ | १८ | ३६ |

माथिको तालिकाअनुसार विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको उच्चारण क्षमताको व्याख्या विश्लेषण गर्दा य/ए वर्णयुक्त शब्दहरूमा 'एउटा' र 'पाए' शब्दमा संस्थागत विद्यालयका क्रमशः १००/१०० प्रतिशत र सामुदायिक विद्यालयका ९६/९६ प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गराके पाइयो । यस्तै 'घरायसी' शब्दमा संस्थागत विद्यालयका ७८ प्रतिशत र सामुदायिक विद्यालयका ६४ प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइयो । अन्य बाँकी शब्दहरूको आधारमा समग्रमा भन्दा सामुदायिक

विद्यालयका तुलनामा संस्थागत विद्यालयको विद्यार्थीहरूको य/ए वर्णयुक्त शब्दहरूको उच्चारण क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.६ ड/ढ वर्णयुक्त शब्दहरू

तालिका २०

ड/ढ वर्णयुक्त शब्दहरू

| शब्द | संस्थागत विद्यालय | | | | सामुदायिक विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| गाढा | ४३ | ८६ | १४ | २८ | ३३ | ६६ | १७ | ३४ |
| बाढी | ४५ | ९० | १० | २० | ३२ | ६४ | १८ | ३६ |
| बढी | ४४ | ८८ | १२ | २४ | ३६ | ७२ | १४ | २८ |
| झगडा | ४६ | ९२ | ८ | १६ | ४७ | ९४ | ३ | ६ |
| सडक | ४९ | ९८ | २ | ४ | ४७ | ९४ | ३ | ६ |
| कपडा | ४८ | ९६ | ४ | ८ | ४८ | ९६ | २ | ४ |
| गोडा | ४४ | ८८ | १२ | २४ | ४४ | ८८ | ६ | १२ |
| पढाउनु | ४५ | ९० | १० | २० | ४० | ८० | १० | २० |

माथिको तालिकाअनुसार विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको व्याख्या विश्लेषण गर्दा ड/ढ वर्णयुक्त शब्दहरूमा 'सडक' शब्दमा संस्थागत विद्यालयका ९८ प्रतिशत र सामुदायिक विद्यालयका ९४ प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइयो । त्यसैगरी 'झगडा' शब्दमा संस्थागत विद्यालयका ९२ प्रतिशत र सामुदायिक विद्यालयका ९४ प्रतिशत विद्यार्थीहरूको उच्चारण क्षमता रहेको पाइयो । त्यसैगरी 'कपडा' र 'गोडा' शब्दमा संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको समान उच्चारण क्षमता रहेको देखिन्छ । समग्रमा अन्य बाँकी शब्दहरूको उच्चारण क्षमतालाई विश्लेषण गर्दा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको उच्चारण क्षमता राम्रो रहेको पाइयो ।

## ५.७ व/ब वर्णयुक्त शब्दहरू

तालिका २१

व/ब वर्णयुक्त शब्दहरू

| शब्द | संस्थागत विद्यालय | | | | सामुदायिक विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| वाक्य | ५० | १०० | ० | ० | ५० | १०० | ० | ० |
| विषय | ४५ | ९० | ५ | १० | ४० | ८० | १० | २० |
| विनाश | ४३ | ८६ | ७ | १४ | ४६ | ९२ | ४ | ८ |
| वन्यजन्तु | ४१ | ८२ | ९ | १८ | ३५ | ७० | १५ | ३० |
| भावना | ४२ | ८४ | ८ | १६ | ४४ | ८८ | ६ | १२ |
| किताब | ५० | १०० | ० | ० | ५० | १०० | ० | ० |
| साबुन | ५० | १०० | ० | ० | ५० | १०० | ० | ० |
| विचार | ४४ | ८८ | ६ | १२ | ४३ | ८६ | ७ | १४ |

माथिको तालिकाअनुसार विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको व्याख्या विश्लेषण गर्दा व/ब वर्णयुक्त शब्दहरूमा सबैभन्दा बढी 'वाक्य', 'किताब' र 'साबुन' शब्दमा संस्थागत विद्यालयका क्रमशः १००/१०० प्रतिशत र सामुदायिक विद्यालयका क्रमशः १००/१०० प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइन्छ । त्यसैगरी 'विनाश' शब्दमा संस्थागत विद्यालयका ८६ प्रतिशत र सामुदायिक विद्यालयका ९२ प्रतिशत विद्यार्थीहरूको उच्चारण क्षमता रहेको पाइन्छ। यसरी अन्य बाँकी शब्दहरूलाई अध्ययन विश्लेषण गर्दा समग्रमा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता राम्रो रहेको देखिन्छ।

## ५.८ अकार र आकार लागेका शब्दहरू

तालिका २२

अकार र आकार लागेका शब्दहरू

| शब्द | संस्थागत विद्यालय | | | | सामुदायिक विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| असहाय | ३६ | ७२ | १४ | २८ | २२ | ४४ | २६ | ५२ |
| अमला | ४९ | ९८ | १ | २ | ४९ | ९८ | १ | २ |
| पहाड | ४८ | ९६ | २ | ४ | ४५ | ९० | ५ | १० |
| सादा | ४८ | ९६ | २ | ४ | ४८ | ९६ | २ | ४ |
| सामान | ४२ | ८४ | ८ | १६ | ३१ | ६२ | १९ | ३८ |
| सामाजिक | ४२ | ८४ | ८ | १६ | ३२ | ६४ | १८ | ३६ |
| आगामी | ४४ | ८८ | ६ | १२ | ३९ | ७८ | ११ | २२ |
| समाचार | ४९ | ९८ | १ | २ | ४६ | ९२ | ४ | ८ |

माथिको तालिकाअनुसार विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको व्याख्या विश्लेषण गर्दा अकार र आकार लागेका शब्दहरूमा 'अमला' र 'सादा' शब्दमा संस्थागत र सामुदायिक विद्यालयका क्रमशः ९८ प्रतिशत र ९६ प्रतिशत विद्यार्थीहरूको उच्चारण क्षमता रहेको पाइयो । त्यसैगरी 'असहाय' शब्दमा संस्थागत विद्यालयका ७२ प्रतिशत र सामुदायिक विद्यालयका ४४ प्रतिशत विद्यार्थीहरूले मात्र शुद्ध उच्चारण गरेको पाइयो । अन्य बाँकी शब्दहरूलाई अध्ययन गर्दा समग्रमा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको उच्चारण क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.९ 'ण' वर्णयुक्त शब्दहरू

तालिका २३

'ण' वर्णयुक्त शब्दहरू

| शब्द | संस्थागत विद्यालय | | | | सामुदायिक विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| गुण | ० | ० | १०० | १०० | ० | ० | १०० | १०० |
| ग्रहण | ० | ० | १०० | १०० | ० | ० | १०० | १०० |
| करण | ० | ० | १०० | १०० | ० | ० | १०० | १०० |
| कारण | ० | ० | १०० | १०० | ० | ० | १०० | १०० |
| परिणाम | ० | ० | १०० | १०० | ० | ० | १०० | १०० |
| द्रोण | ० | ० | १०० | १०० | ० | ० | १०० | १०० |
| दक्षिणा | ० | ० | १०० | १०० | ० | ० | १०० | १०० |
| गणेश | ० | ० | १०० | १०० | ० | ० | १०० | १०० |

माथिको तालिकाअनुसार विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको व्याख्या विश्लेषण गर्दा 'ण' वर्णयुक्त शब्दहरूमा परीक्षणका लागि छनोट गरिएका आठवटै शब्दहरूमा संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको उच्चारण क्षमता ० प्रतिशत रहेको पाइयो । 'ण' वर्णयुक्त शब्दहरूको उच्चारण गर्दा मैथिलीभाषी विद्यार्थीहरूले 'ण' लाई 'न' वर्ण भनी उच्चारण गरेको पाइयो । जसले गर्दा 'ण' वर्णको उच्चारण क्षमतालाई विश्लेषण गर्दा संस्थागत र सामुदीयक दुबै विद्यालयका विद्यार्थीहरूको उच्चारण क्षमता राम्रो नरहेको अवस्था पाइयो ।

## ५.१० ‘क्ष’ वर्णयुक्त शब्दहरू

तालिका २४

‘क्ष’ वर्णयुक्त शब्दहरू

| शब्द | संस्थागत विद्यालय | | | | सामुदायिक विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सक्षम | ३६ | ७२ | १४ | २८ | २२ | ४४ | २६ | ५२ |
| पक्ष | ३७ | ७४ | १३ | २६ | २३ | ४६ | २७ | ५४ |
| विपक्ष | ४० | ८० | १० | २० | २७ | ५४ | २३ | ४६ |
| क्षण | ३ | ६ | ४७ | ९४ | ० | ० | १०० | १०० |
| कक्षा | ३४ | ६८ | १६ | ३२ | १९ | ३८ | ३१ | ६२ |
| परीक्षा | ३२ | ६४ | १८ | ३६ | १६ | ३२ | ३४ | ६८ |
| रक्षा | २८ | ५६ | २२ | ४४ | १४ | २८ | ३६ | ७२ |
| क्षेत्र | ५० | १०० | ० | ० | ५० | १०० | ० | ० |

माथिको तालिकाअनुसार विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको उच्चारण क्षमताको व्याख्या विश्लेषण गर्दा ‘क्ष’ वर्णयुक्त शब्दहरूमा ‘विपक्ष’ शब्दमा संस्थागत विद्यालयका ८० प्रतिशत र सामुदायिक विद्यालयका ५४ प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइन्छ । त्यस्तै ‘सक्षम’ शब्दमा संस्थागत विद्यालयका ७२ प्रतिशत र संस्थागत विद्यालयका ४४ प्रतिशत विद्यार्थीहरूले र ‘क्षण’ शब्दमा संस्थागत विद्यालयका ६ प्रतिशत र सामुदायिक विद्यालयका ० प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइयो । यसरी अन्य बाँकी शब्दहरूको उच्चारण क्षमताको अध्ययन विश्लेषण गर्दा समग्रमा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयको उच्चारण क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.११ संयुक्त वर्णसँगको 'र' को उच्चारण हुने शब्दहरू

तालिका २५

संयुक्त वर्णसँगको 'र' को उच्चारण हुने शब्दहरू

| शब्द | संस्थागत विद्यालय | | | | सामुदायिक विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| प्रतिक्षा | ३२ | ६४ | १८ | ३६ | १५ | ३० | ३५ | ७० |
| प्रतिभा | ४८ | ९६ | २ | ४ | ४६ | ९२ | ४ | ८ |
| प्रदूषण | ० | ० | १०० | १०० | ० | ० | १०० | १०० |
| प्रगुन | ४८ | ९६ | २ | ४ | ४३ | ८६ | ७ | १४ |
| प्रकाशन | ४८ | ९६ | २ | ४ | ४७ | ९४ | ३ | ६ |
| प्रयोग | ४७ | ९४ | ३ | ६ | ४६ | ९२ | ४ | ८ |
| प्रगति | ४५ | ९० | ५ | १० | ४५ | ९० | ५ | १० |
| प्रतिष्ठा | ४४ | ८८ | ६ | १२ | ४१ | ८२ | ९ | १८ |

माथिको तालिकाअनुसार विद्यालय प्रकृतिका आधरामा विद्यार्थीहरूको उच्चारण क्षमताको व्याख्या विश्लेषण गर्दा संयुक्त वर्णसँगको 'र' को उच्चारण हुने शब्दहरूमा प्रकाशन शब्दको संस्थागत विद्यालयका ९६ प्रतिशत र सामुदायिक विद्यालयका ९४ प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइन्छ । यस्तै 'प्रतीक्षा' शब्दमा संस्थागत विद्यालयका ६४ प्रतिशत र सामुदायिक विद्यालयका ३० प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइन्छ । त्यसैगरी 'प्रदुषण' शब्दमा संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको उच्चारण क्षमता ०/० प्रतिशत रहेको पाइयो । यस शब्दको उच्चारण गर्दा संयुक्त वर्णसँगको 'र' को उच्चारण ५० प्रतिशतभन्दा बढी विद्यार्थीहरूले ठीक उच्चारण गरेपनि 'ण' को उच्चारण 'न' गरी त्रुटि गरेका हुनाले यो शब्दमा उच्चारण क्षमता राम्रो नरहेको देखियो । समग्रमा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका उच्चारण क्षमता राम्रो रहेको पाइयो ।

## ५.१२ रेफ ( ि ) लागेका शब्दहरू

तालिका २६

रेफ ( ि ) लागेका शब्दहरू

| शब्द | संस्थागत विद्यालय | | | | सामुदायिक विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| कर्म | ४० | ८० | १० | २० | ३३ | ६६ | १७ | ३४ |
| धर्म | ४१ | ८२ | ९ | १८ | ३१ | ६२ | १९ | ३८ |
| गर्व | ४१ | ८२ | ९ | १८ | ३३ | ६६ | १७ | ३४ |
| निर्दयी | ३८ | ७६ | १२ | २४ | २९ | ५८ | २१ | ४२ |
| अर्थ | ४६ | ९२ | ४ | ८ | ४३ | ८६ | ७ | १४ |
| वर्षा | ४४ | ८८ | ६ | १२ | ३९ | ७८ | ११ | २२ |
| सर्जक | ४६ | ९२ | ४ | ८ | ४१ | ८२ | ९ | १८ |
| धर्ती | ५० | १०० | ० | ० | ५० | १०० | ० | ० |

माथिको तालिकाअनुसार विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको उच्चारण क्षमताको व्याख्या विश्लेषण गर्दा रेफ ( ि ) लागेका शब्दहरूमा 'धर्ती' शब्दको उच्चारणमा सामुदायिक विद्यालयका १०० प्रतिशत र संस्थागत विद्यालयका १०० प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइयो । यसरी हेर्दा 'धर्ती' शब्दको उच्चारणमा संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको उच्चारण क्षमता समान रहेको पाइन्छ । त्यस्तैगरी 'सर्जक' शब्दमा सबभन्दा बढी संस्थागत विद्यालयको उच्चारण क्षमता ९२ प्रतिशत र सामुदायिक विद्यालयका ८२ प्रतिशत विद्यार्थीहरूको शुद्ध उच्चारण क्षमता रहेको देखिन्छ । यसैगरी 'निर्दयी' शब्दमा संस्थागत विद्यालयका ७६ प्रतिशत र सामुदायिक विद्यालयका ५८ प्रतिशत विद्यार्थीहरूले मात्र शुद्ध उच्चारण गरेको पाइन्छ । यसरी समग्रमा हेर्दा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयको विद्यार्थीहरूको उच्चारण क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.१३ वाक्यगत उच्चारण

तालिका २७

वाक्यगत उच्चारण

| क.सं. | वाक्य | संस्थागत विद्यालय | | | | सामुदायिक विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | हाम्रो देश हामीलाई प्यारो लाग्छ । | ४९ | ९८ | १ | २ | ४८ | ९६ | २ | ४ |
| २. | आमाले सम्झाउँदै भनिन् । | ४२ | ८४ | ६ | १२ | ३७ | ७४ | १३ | २६ |
| ३. | देवकुमारीले पुस्तक पढिन् । | ४२ | ८४ | ८ | १६ | ४२ | ८४ | ८ | १६ |
| ४. | उसले राम्रो चित्र बनायो । | ४९ | ९८ | १ | २ | ४४ | ८८ | ६ | १२ |
| ५. | हामीले निकाल्न सकेनौं । | ४५ | ९० | ५ | १० | ३९ | ७८ | ११ | २२ |
| ६. | म तिमीलाई नै दिन्छु । | ४८ | ९६ | २ | ४ | ४७ | ९४ | ३ | ६ |
| ७. | राम्ररी नपढे पास भइँदैन । | ३७ | ७४ | १३ | २६ | २६ | ५२ | २४ | ४८ |
| ८. | भाइ घुम्न गएछ । | ४७ | ९४ | ३ | ६ | ४६ | ९२ | ४ | ८ |
| ९. | आज ठूलो पानी पर्ला । | ४५ | ९० | ५ | १० | ४४ | ८८ | ६ | १२ |
| १०. | उनी अनुशासित भएर पढ्थे । | ४७ | ९४ | ३ | ६ | ४४ | ८८ | ६ | १२ |
| ११. | गुरु मञ्चमा आउनुभयो । | ४५ | ९० | ५ | १० | ४३ | ८६ | ७ | १४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२. | खबरदार ! भाग्ने होइन । | ४३ | ८६ | ७ | १४ | ४३ | ८६ | ७ | १४ |
| १३. | चोर आयो भने मैले के गर्ने ? | ५० | १०० | ० | ० | ४५ | ९० | ५ | १० |
| १४. | छि ! कस्ती फोहरी रहेछिन् । | ४१ | ८२ | ९ | १८ | ३८ | ७६ | १२ | २४ |
| १५. | नेपालमा धेरै पर्वहरू मनाइन्छन् । | ३८ | ७६ | १२ | २४ | ३९ | ७८ | ११ | २२ |
| १६. | म त नाँचे । | ४६ | ९२ | ४ | ८ | ४७ | ९४ | ३ | ६ |
| १७. | हामी चाड पर्वमा रमाइलो गर्नेछौँ । | ४३ | ८६ | ७ | १४ | ३५ | ७० | १५ | ३० |
| १८. | रमिता मिहिनेती छिन् । | ४३ | ८६ | ७ | १४ | ४४ | ८८ | ६ | १२ |
| १९. | बाबा घुम्न जानुहुन्छ । | ४३ | ८६ | ७ | १४ | ३७ | ७४ | १३ | २६ |
| २०. | विचरा ! श्यामको बुवा हिजो खस्नु भएछ । | २५ | ५० | २५ | ५० | १४ | २८ | ३६ | ७२ |

माथिको तालिकाअनुसार विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको उच्चारण क्षमतालाई व्याख्या विश्लेषण गर्दा वाक्यगत उच्चारणमा 'चोर आयो भने मैले के गर्ने' वाक्यमा सबभन्दा बढी संस्थागत विद्यालयका १०० प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइन्छ । यसैगरी 'म त नाँचे' वाक्यमा सबभन्दा बढी सामुदायिक विद्यालयका ९४ प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेका पाइन्छ । समग्रमा हेर्दा वाक्यगत उच्चारणमा केही वाक्यमा दुबै विद्यालयले समान उच्चारण गरेपनि सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको उच्चारण क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.१४ कविताको श्लोकगत पङ्क्तिसम्बन्धी उच्चारण

तालिका २८

कविताको पङ्क्ति

| क्र.सं. | कविताको पङ्क्ति | संस्थागत विद्यालय | | | | सामुदायिक विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | यो मेरो घर, छानामा खर, ढुङ्गाको आँगन<br>मन छ ठुलो दिएरै पुग्छ पर्दैन मागन । | ३५ | ७० | १५ | ३० | २२ | ४४ | २६ | ५२ |
| २. | घामले दिन्छ मायालु न्यानो जूनले शीतल<br>मायाले भिजी रसिलो सधैं मेरो यो भूतल ॥ | ४० | ८० | १० | २० | ३३ | ६६ | १७ | ३४ |
| ३. | फरिया चोली लाएका चेली, छन् मेरा सहेली<br>धान र गहुँ जत्तिकै खेल्छन्, खेतमा बयेली । | ३६ | ७२ | १४ | २८ | २४ | ४८ | २६ | ५२ |
| ४. | मारुनी, घाटु, सोरठी, सेलो, सवाई, दोहोरी<br>मान्दैन मन, आनन्दसँग नखेली, नहेरी ॥ | ४१ | ८२ | ९ | १८ | ३३ | ६६ | १७ | ३४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५. | मन्दिर, गुम्बा, मस्जिद, चर्च, सबैमा छरिन्छु<br>पोल्टामा दिन्छन् सबैले माया, यत्तिकै भरिन्छु । | ३८ | ७६ | १२ | २४ | १९ | ३८ | ३१ | ६२ |
| ६. | तिहार, दसैँ, छठ र इद, माघी र ल्होसार<br>साथी छन् धेरै, रमाइलो गर्दै, मनाउँछु चहाड ॥ | ४२ | ८४ | ८ | १६ | २१ | ४२ | २९ | ५८ |

माथिको तालिकाअनुसार विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको उच्चारण क्षमताको व्याख्या विश्लेषण गर्दा कविताको पङ्क्तिगत उच्चारणमा कविताको पहिलो पङ्क्ति मा संस्थागत विद्यालयका ७० प्रतिशत र सामुदायिक विद्यालयका ४४ प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइन्छ । त्यसैगरी कविताको पाँचौ पङ्क्तिमा संस्थागत विद्यालयका ७६ प्रतिशत र सामुदायिक विद्यालयका ३८ प्रतिशत विद्यार्थीहरूले मात्र शुद्ध उच्चारण गरेको पाइन्छ । यसरी कविताको अन्य पङ्क्तिहरूको उच्चारण क्षमताको विश्लेषण गर्दा समग्रमा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयको उच्चारण क्षमता राम्रो रहेको देखिन्छ ।

# अध्याय छ

## लैङ्गिक आधारमा मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता

लैङ्गिक आधारमा विद्यार्थीहरूको उच्चारण क्षमताको तुलनात्मक विश्लेषण गर्नका लागि महोत्तरी जिल्लाका पाँचओटा सामुदायिक र पाँच ओटा संस्थागत विद्यालयका ५० जना छात्र र ५० जना छात्रा गरी जम्मा १०० जना कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूलाई विभिन्न शब्दहरू, वाक्यहरू र कविताको पङ्क्तिहरू उच्चारण गर्न लगाइयो । परीक्षणबाट प्राप्त तथ्याङ्कको आधारमा छात्रा र छात्रहरूको उच्चारण क्षमतालाई अध्ययन गरी लैङ्गिक आधारमा मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमतालाई निम्नानुसार तालिकाबद्ध रूपमा तुलनात्मक रूपमा व्याख्या विश्लेषण गरिएको छ :

### ६.१ प्राणत्वसम्बन्धी शब्दहरू

तालिका २९

प्राणत्वसम्बन्धी शब्दहरू

| शब्द | छात्रा | | | | छात्र | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| साझा | ४८ | ९६ | २ | ४ | ४५ | ९० | ५ | १० |
| चलाख | ४४ | ८८ | ६ | १२ | ४३ | ८६ | ७ | १४ |
| बाघ | ५० | १०० | ० | ० | ४९ | ९८ | १ | २ |
| विद्यार्थी | २४ | ४८ | २६ | ५२ | २३ | ४६ | २७ | ५४ |
| साडी | ५० | १०० | ० | ० | ५० | १०० | ० | ० |
| उठान | ४५ | ९० | ५ | १० | ४३ | ८६ | ७ | १४ |
| माघ | ५० | १०० | ० | ० | ५० | १०० | ० | ० |
| विद्यालय | ३३ | ६६ | १७ | ३४ | ३२ | ६४ | १८ | ३६ |

माथिको तालिकाअनुसार लैङ्गिक आधारमा विद्यार्थीहरूको उच्चारण क्षमताको व्याख्या विश्लेषण गर्दा प्राणत्वसम्बन्धी शब्दहरूमध्ये 'साझा' शब्दमा ९६ प्रतिशत छात्रा र ९० प्रतिशत छात्रले शुद्ध उच्चारण गरेको पाइन्छ । त्यस्तै 'चलाख' शब्दमा ८८ प्रतिशत छात्रा र ८६ प्रतिशत छात्रले शुद्ध उच्चारण गरेको पाइन्छ । यस्तै 'विद्यार्थी' र 'विद्यालय' शब्दमा छात्रा क्रमशः ४८ प्रतिशत र ६६ प्रतिशत र छात्रको क्रमशः ४६ प्रतिशत र ६४ प्रतिशत उच्चारण क्षमता रहेको पाइन्छ । यसरी अन्य शब्दहरूको उच्चारण क्षमताको तुलनात्मक अध्ययन गर्दा समग्रमा छात्रहरूको तुलनामा छात्राहरूको उच्चारण क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.२ घोषत्वसम्बन्धी शब्दहरू

तालिका ३०

घोषत्वसम्बन्धी शब्दहरू

| शब्द | छात्रा | | | | छात्र | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| नगद | ४७ | ९४ | ३ | ६ | ४६ | ९२ | ४ | ८ |
| सदस्य | ४७ | ९४ | ३ | ६ | ४३ | ८६ | ७ | १४ |
| किताब | ५० | १०० | ० | ० | ५० | १०० | ० | ० |
| लाग्छ | ५० | १०० | ० | ० | ५० | १०० | ० | ० |
| कागज | ४८ | ९६ | २ | ४ | ४७ | ९४ | ३ | ६ |
| रगत | ४७ | ९४ | ३ | ६ | ४३ | ८६ | ७ | १४ |
| लोग्ने | ४४ | ८८ | ६ | १२ | ३९ | ७८ | ११ | २२ |
| माग्नु | ४४ | ८८ | ६ | १२ | ४१ | ८२ | ९ | १८ |

माथिको तालिकाअनुसार लैङ्गिक आधारमा विद्यार्थीहरूको उच्चारण क्षमताको व्याख्या विश्लेषण गर्दा घोषत्वसम्बन्धी शब्दहरूमा 'किताब' र 'लाग्छ' शब्दमा छात्रा र छात्रहरूले १०० प्रतिशत शुद्ध उच्चारण गरेको पाइयो । 'नगद' शब्दमा छात्राले ९४ प्रतिशत

र छात्रले ९२ प्रतिशतले शुद्ध उच्चारण गरेको पाइन्छ । यसैगरी 'सदस्य' शब्दमा छात्राले ९४ प्रतिशत, छात्रले ८६ प्रतिशत, 'कागज' शब्दमा ९६ प्रतिशत छात्रा र ९४ प्रतिशत छात्रले शुद्ध उच्चारण गरेको पाइयो । अन्य बाँकी शब्दहरूको उच्चारण क्षमतालाई तुलनात्मक रूपमा हेर्दा समग्रमा भन्नुपर्दा छात्रहरूको तुलनामा छात्राहरूको नेपाली उच्चारण क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.३ हलन्त र अजन्त वर्णयुक्त शब्दहरू

तालिका ३१

हलन्त र अजन्त वर्णयुक्त शब्दहरू

| शब्द | छात्रा | | | | छात्र | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| दुःख | ४१ | ८२ | ९ | १८ | ३० | ६० | २० | ४० |
| झ्याल | ४८ | ९६ | २ | ४ | ४४ | ८८ | ६ | १२ |
| घर | ५० | १०० | ० | ० | ५० | १०० | ० | ० |
| भगवान् | ४६ | ९२ | ४ | ८ | ४६ | ९२ | ४ | ८ |
| अब | ४७ | ९४ | ३ | ६ | ४१ | ८२ | ९ | १८ |
| काम | ५० | १०० | ० | ० | ५० | १०० | ० | ० |
| पढ्नु | ४६ | ९२ | ४ | ८ | ४४ | ८८ | ६ | १२ |
| एवम् | ५० | १०० | ० | ० | ५० | १०० | ० | ० |

माथिको तालिकाअनुसार लैङ्गिक आधारमा विद्यार्थीहरूको उच्चारण क्षमताको व्याख्या विश्लेषण गर्दा हलन्त र अजन्त वर्णयुक्त शब्दहरूमा 'घर' र 'एवम्' शब्दको

उच्चारणमा छात्रा र छात्रको उच्चारण क्षमता १०० प्रतिशत रहेको देखिन्छ । त्यसैगरी काम शब्दमा छात्राले ९८ प्रतिशत र ९६ प्रतिशत छात्रको उच्चारण क्षमता रहेको पाइन्छ । त्यस्तै 'दुःख' शब्दमा छात्राको ८२ प्रतिशत र ६० प्रतिशत छात्रले मात्र शुद्ध उच्चारण गरेको पाइन्छ । यसरी अन्य शब्दहरूको उच्चारण क्षमतालाई अध्ययन विश्लेषण गर्दा समग्रमा छात्रहरूको तुलनामा छात्राहरूको उच्चारण क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.४ संयुक्त 'स' वर्णयुक्त शब्दहरू

तालिका ३२

संयुक्त 'स' वर्णयुक्त शब्दहरू

| शब्द | छात्रा | | | | छात्र | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| स्वस्थ्य | ३० | ६० | २० | ४० | २७ | ५४ | २३ | ५४ |
| स्पष्ट | ३७ | ७४ | १३ | २६ | ३८ | ७६ | १२ | २४ |
| स्कुल | ४७ | ९४ | ३ | ६ | ४४ | ८८ | ६ | १२ |
| स्थाई | ३६ | ७२ | १४ | २८ | ३७ | ७४ | १३ | २६ |
| स्याल | ४३ | ८६ | ७ | १४ | ४० | ८० | १० | २० |
| स्थान | ४१ | ८२ | ९ | १८ | ४१ | ८२ | ९ | १८ |
| स्तर | ३९ | ७८ | ११ | २२ | ३४ | ६८ | १६ | ३२ |
| अस्थाई | ३९ | ७८ | ११ | २२ | ४१ | ८२ | ९ | १८ |

माथिको तालिकाअनुसार लैङ्गिक आधारमा विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको व्याख्या विश्लेषण गर्दा संयुक्त 'स' वर्णयुक्त शब्दहरूमा 'स्कुल' शब्दमा सबभन्दा

बढी ९४ प्रतिशत छात्रा र ८८ प्रतिशत छात्रले शुद्ध उच्चारण गरेको पाइन्छ भने अस्थाई र 'स्पष्ट' शब्दमा क्रमशः ८२ र ७६ प्रतिशत छात्रले शुद्ध उच्चारण गरेका छन् । त्यस्तै 'स्थान' शब्दमा छात्रा र छात्रको ८२ प्रतिशत समान उच्चारण क्षमता रहेको पाइन्छ । अन्य बाँकी शब्दहरूको उच्चारण क्षमतालाई तुलनात्मक रूपमा हेर्दा समग्रमा भन्नुपर्दा छात्रहरूको तुलनामा छात्राहरूको उच्चारण क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.५ य/ए वर्णयुक्त शब्दहरू

तालिका ३३

य/ए वर्णयुक्त शब्दहरू

| शब्द | छात्रा | | | | छात्र | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| समय | ४४ | ८८ | ६ | १२ | ३९ | ७८ | ११ | २२ |
| कतिपय | ३६ | ७२ | १४ | २८ | ३५ | ७० | १५ | ३० |
| सजाय | ४० | ८० | १० | २० | ३९ | ७८ | ११ | १२ |
| एउटा | ४९ | ९८ | १ | २ | ४९ | ९८ | १ | २ |
| पाए | ४९ | ९८ | १ | २ | ४९ | ९८ | १ | २ |
| सुकाएर | ४६ | ९२ | ४ | ८ | ४६ | ९२ | ४ | ८ |
| यथार्थ | ३८ | ७६ | १२ | २४ | ४१ | ८२ | ९ | १८ |
| घरायसी | ३४ | ६८ | १६ | ३२ | ३७ | ७४ | १३ | २६ |

माथिको तालिकाअनुसार लैङ्गिक आधारमा व्याख्या विश्लेषण गर्दा य/ए वर्णयुक्त शब्दहरूमा 'एउटा' र 'पाए' शब्दमा छात्रा र छात्रहरूले ९८/९८ प्रतिशत शुद्ध उच्चारण गरेको पाइन्छ । त्यसै गरी 'समय' शब्दमा सबभन्दा बढी ८२ प्रतिशत छात्राहरूले शुद्ध उच्चारण गरेको पाइन्छ । यसैगरी घरायसी शब्दमा ७४ प्रतिशत सबभन्दा बढी छात्रहरूले शुद्ध उच्चारण गरेको पाइन्छ । अन्य बाँकी शब्दहरूलाई उच्चारण क्षमतालाई तुलनात्मक

रूपमा हेर्दा समग्रमा छात्रहरूको तुलनामा छात्राहरूको य/ए वर्णयुक्त शब्दहरूमा उच्चारण क्षमता राम्रो रहेको पाइन्छ ।

## ६.६ ड/ढ वर्णयुक्त शब्दहरू

तालिका ३४

ड/ढ वर्णयुक्त शब्दहरू

| शब्द | छात्रा | | | | छात्रा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| गाढा | ३८ | ७६ | १२ | २४ | ३८ | ७६ | १२ | २४ |
| बाढी | ३९ | ७८ | ११ | २२ | ३८ | ७६ | १२ | २४ |
| बढी | ४० | ८० | १० | २० | ४० | ८० | १० | २० |
| झगडा | ४८ | ९६ | २ | ४ | ४५ | ९० | ५ | १० |
| सडक | ४९ | ९८ | १ | २ | ४७ | ९४ | ३ | ६ |
| कपडा | ४९ | ९८ | १ | २ | ४७ | ९४ | ३ | ६ |
| गोडा | ४४ | ८८ | ६ | १२ | ४४ | ८८ | ६ | १२ |
| पढाउनु | ४३ | ८६ | ७ | १४ | ४२ | ८४ | ८ | १६ |

माथिको तालिकाअनुसार लैङ्गिक आधारमा विद्यार्थीहरूको उच्चारण क्षमताको व्याख्या विश्लेषण गर्दा ड/ढ वर्णयुक्त शब्दहरूमा 'सडक' शब्दमा ९८ प्रतिशत छात्राहरू र ९४ प्रतिशत छात्रहरूले शुद्ध उच्चारण गरेको पाइयो । त्यस्तै गाढा शब्दमा ७६ प्रतिशत छात्राहरूले ७६ प्रतिशत छात्रहरूको समान उच्चारण क्षमता रहेको पाइयो । त्यस्तै गरी अन्य

बाँकी शब्दहरूलाई तुलनात्मक आधारमा अध्ययन गर्दा समग्रमा छात्रहरूको तुलनामा छात्राहरूको ड/ढ वर्णयुक्त शब्दहरूका उच्चारण क्षमता राम्रो रहेको देखिन्छ।

## ६.७ व/ब वर्णयुक्त शब्दहरू

तालिका ३५

व/ब वर्णयुक्त शब्दहरू

| शब्द | छात्रा | | | | छात्र | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| वाक्य | ५०० | १०० | ० | ० | ५० | १०० | ० | ० |
| विषय | ४३ | ८६ | ७ | १४ | ४२ | ८४ | ८ | १६ |
| विनाश | ४५ | ९० | ५ | १० | ४४ | ८८ | ६ | १२ |
| वन्यजन्तु | ४० | ८० | १० | २० | ३६ | ७२ | १४ | २८ |
| भावना | ४२ | ८४ | ८ | १६ | ४४ | ८८ | ६ | १२ |
| किताब | ५० | १०० | ० | ० | ५० | १०० | ० | ० |
| साबुन | ५० | १०० | ० | ० | ५० | १०० | ० | ० |
| विचार | ४५ | ९० | ५ | १० | ४२ | ८४ | ८ | १६ |

माथिको तालिकाअनुसार लैङ्गिक आधारमा विद्यार्थीहरूको उच्चारण क्षमताको व्याख्या विश्लेषण गर्दा व/ब वर्णयुक्त शब्दहरूमा 'वाक्य', 'किताब' र 'साबुन' शब्दमा सबभन्दा बढी १०० प्रतिशत छात्रहरू र छात्राहरुले शुद्ध उच्चारण गरेको पाइन्छ। त्यस्तै 'भावना' शब्दमा छात्राहरुभन्दा बढी ८८ प्रतिशत छात्रहरुले शुद्ध उच्चारण गरेको पाइयो।

अन्य बाँकी शब्दहरूको तुलनात्मक अध्ययन गर्दा समग्रमा छात्रहरूको तुलनामा छात्राहरूको अकार र आकार लागको शब्दहरूमा उच्चारण क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.८ अकार र आकार लागेका शब्दहरू

तालिका ३६

अकार र आकार लागेका शब्दहरू

| शब्द | छात्रा | | | | छात्र | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| असहाय | ३५ | ७० | १५ | ३० | ३३ | ६६ | १७ | ३४ |
| अमला | ४८ | ९६ | २ | ४ | ५० | १०० | ० | ० |
| पहाड | ४८ | ९६ | २ | ४ | ४५ | ९० | ५ | १० |
| सादा | ४९ | ९८ | १ | २ | ४७ | ९४ | ३ | ६ |
| सामान | ४३ | ८६ | ७ | १४ | ३० | ६० | २० | ४० |
| सामाजिक | ४४ | ८८ | ६ | १२ | ३० | ६० | २० | ४० |
| आगामी | ४३ | ८६ | ७ | १४ | ४० | ८० | १० | २० |
| समाचार | ४७ | ९४ | ३ | ६ | ४८ | ९६ | २ | ४ |

माथिको तालिकाअनुसार लैङ्गिक आधारमा विद्यार्थीहरूको उच्चारण क्षमताको व्याख्या विश्लेषण गर्दा अकार र आकार लागेका शब्दहरूमा 'अमला' र 'समाचार' शब्दमा छात्राहरूले भन्दा बढी छात्रहरूले क्रमशः १०० प्रतिशत र ९६ प्रतिशत शुद्ध उच्चारण गरेको पाइयो । त्यस्तै 'सामान' र 'सामाजिक' शब्दमा छात्रको तुलनामा छात्राहरूले क्रमशः ८६ प्रतिशत र २२ प्रतिशत शुद्ध उच्चारण गरेको पाइयो । 'सामान', 'सामाजिक' र 'असहाय'

शब्दहरूमा क्रमशः ६०, ६० र ४६ प्रतिशत छात्रहरूको सबभन्दा कम उच्चारण क्षमता रहेको पाइयो । समग्रमा तुलनामा छात्राहरूको उच्चारण क्षमता राम्रो रहेको पाइन्छ ।

## ६.९ 'ण' वर्णयुक्त शब्दहरू

तालिका ३७

'ण' वर्णयुक्त शब्दहरू

| शब्द | छात्रा | | | | छात्र | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| गुण | ० | ० | १०० | १०० | ० | ० | १०० | १०० |
| ग्रहण | ० | ० | १०० | १०० | ० | ० | १०० | १०० |
| करण | ० | ० | १०० | १०० | ० | ० | १०० | १०० |
| कारण | ० | ० | १०० | १०० | ० | ० | १०० | १०० |
| परिणाम | ० | ० | १०० | १०० | ० | ० | १०० | १०० |
| द्रोण | ० | ० | १०० | १०० | ० | ० | १०० | १०० |
| दक्षिणा | ० | ० | १०० | १०० | ० | ० | १०० | १०० |
| गणेश | ० | ० | १०० | १०० | ० | ० | १०० | १०० |

माथिको तालिकाअनुसार लैङ्गिक आधारमा विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको व्याख्या विश्लेषण गर्दा 'ण' वर्णयुक्त शब्दहरूमा परीक्षणका लागि छनोट गरिएका आठवटै शब्दहरूमा छात्र र छात्रा विद्यार्थीहरूको उच्चारण क्षमता ० प्रतिशत रहेको पाइयो । 'ण' वर्णयुक्त शब्दहरूको उच्चारण गर्दा मैथिलीभाषी विद्यार्थीहरूले 'ण' लाई 'न' वर्ण भनी उच्चारण गरेको पाइयो । जसले गर्दा 'ण' वर्णको उच्चारण क्षमतालाई विश्लेषण गर्दा छात्र र छात्रा दुबै विद्यार्थीहरूको उच्चारण क्षमता राम्रो नरहेको अवस्था देखिन्छ ।

## ६.१० 'क्ष' वर्णयुक्त शब्दहरू

तालिका ३८

'क्ष' वर्णयुक्त शब्दहरू

| शब्द | छात्रा | | | | छात्र | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सक्षम | ३१ | ६२ | १९ | ३८ | २७ | ५४ | २३ | ४६ |
| पक्ष | ३१ | ६२ | १९ | ३८ | २९ | ५८ | २१ | ४२ |
| विपक्ष | ३४ | ६८ | १६ | ३२ | ३३ | ६६ | १७ | ३४ |
| क्षण | २ | ४ | ४८ | ९६ | १ | २ | ४९ | ९८ |
| कक्षा | २७ | ५४ | २३ | ४६ | २६ | ५२ | २४ | ४८ |
| परीक्षा | २५ | ५० | २५ | ५० | २३ | ४६ | २७ | ५४ |
| रक्षा | २३ | ४६ | २७ | ५४ | १९ | ३८ | ३१ | ६२ |
| क्षेत्र | ५० | १०० | ० | ० | ५० | १०० | ० | ० |

माथिको तालिकाअनुसार लैङ्गिक आधारमा विद्यार्थीहरूको उच्चारण क्षमतालाई व्याख्या विश्लेषण गर्दा 'क्षेत्र' शब्दमा १०० प्रतिशत छात्रा र १०० प्रतिशत छात्रले शुद्ध उच्चारण गरेको पाइन्छ। त्यस्तै 'क्ष' वर्णयुक्त शब्दहरूमा 'विपक्ष' शब्दमा ६८ प्रतिशत छात्रा र ६६ प्रतिशत छात्रले शुद्ध उच्चारण गरेको पाइन्छ । अन्य बाँकी शब्दहरूको उच्चारण क्षमतालाई तुलनात्मक रूपमा हेर्दा समग्रमा छात्रहरूको तुलनामा छात्राहरूको 'क्ष' वर्णयुक्त शब्दहरूमा उच्चारण क्षमता राम्रो रहेको पाइन्छ ।

## ६.११ संयुक्त वर्णसँगको 'र' को उच्चारण हुने शब्दहरू

तालिका ३९

संयुक्त वर्णसँगको 'र' को उच्चारण हुने शब्दहरू

| शब्द | छात्रा | | | | छात्र | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| प्रतिक्षा | २४ | ४८ | २६ | ५२ | २३ | ४६ | २७ | ५४ |
| प्रतिभा | ४९ | ९८ | १ | २ | ४५ | ९० | ५ | १० |
| प्रदूषण | ० | ० | १०० | १०० | ० | ० | १०० | १०० |
| प्रगुन | ४७ | ९४ | ३ | ६ | ४४ | ८८ | ६ | १२ |
| प्रकाशन | ४७ | ९४ | ३ | ६ | ४८ | ९६ | २ | ४ |
| प्रयोग | ४७ | ९४ | ३ | ६ | ४६ | ९२ | ४ | ८ |
| प्रगति | ४६ | ९२ | ४ | ८ | ४४ | ८८ | ६ | १२ |
| प्रतिष्ठा | ४५ | ९० | ५ | १० | ४० | ८० | १० | २० |

माथिको तालिकाअनुसार लैङ्गिक आधारमा व्याख्या विश्लेषण गर्दा संयुक्त वर्णसँगको 'र' को उच्चारण हुने शब्दहरूमा 'प्रकाशन' शब्दमा सबभन्दा बढी ९८ प्रतिशत छात्रहरूको उच्चारण क्षमता रहेको देखिन्छ । त्यस्तै 'प्रतिभा' शब्दमा सबभन्दा बढी ९८ प्रतिशत छात्राहरूले शुद्ध उच्चारण गरेको पाइन्छ । त्यस्तै 'प्रदूषण' शब्दमा छात्रा र छात्र दुबै विद्यार्थीहरूको उच्चारण क्षमता ० प्रतिशत रहेको पाइयो । छात्रा र छात्रहरूले संयुक्त 'र' को उच्चारण ठिक गरे पनि 'ण' वर्णको उच्चारण 'न' गरेको पाइयो । अन्य बाँकी शब्दहरूको उच्चारण क्षमतालाई तुलनात्मक रूपमा हेर्दा समग्रमा छात्रहरूको तुलनामा छात्राहरूको उच्चारण क्षमता राम्रो रहेको पाइन्छ ।

## ६.१२ रेफ ( ॅ ) लागेका शब्दहरू

तालिका ४०

रेफ ( ॅ ) लागेका शब्दहरू

| शब्द | छात्रा | | | | छात्र | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| कर्म | ३६ | ७२ | १४ | २८ | ३७ | ७४ | १३ | २६ |
| धर्म | ३८ | ७६ | १२ | २४ | ३४ | ६८ | १६ | ३२ |
| गर्व | ३६ | ७२ | १४ | २८ | ३८ | ७६ | १२ | २४ |
| निर्दयी | ३५ | ७० | १५ | ३० | ३२ | ६४ | ८ | ३६ |
| अर्थ | ४४ | ८८ | ६ | १२ | ४५ | ९० | ५ | १० |
| वर्षा | ४३ | ८६ | ७ | १४ | ४० | ८० | १० | २० |
| सर्जक | ४३ | ८६ | ७ | १४ | ४४ | ८८ | ६ | १२ |
| धर्ती | ५० | १०० | ० | ० | ५० | १०० | ० | ० |

माथिको तालिकाअनुसार लैङ्गिक आधारमा विद्यार्थीहरूको उच्चारण क्षमताको व्याख्या विश्लेषण गर्दा रेफ ( ॅ ) लागेका शब्दहरूमा 'धर्ती' शब्दको उच्चारणमा छात्र र छात्राहरूको समान १००/१०० प्रतिशत उच्चारण क्षमता रहेको पाइयो । त्यसैगरी 'अर्थ', 'सर्जक' र 'कर्म' शब्दमा क्रमशः ९०, ८८ र ७४ प्रतिशत छात्रहरूको उच्चारण क्षमता राम्रो रहेको देखिन्छ । अन्य बाँकी शब्दहरूको 'धर्म', 'निर्दयी' शब्दहरूमा क्रमशः ७६ प्रतिशत ७० प्रतिशत छात्राहरूको उच्चारण क्षमता राम्रो रहेको पाइन्छ । समग्रमा छात्राहरूको तुलनामा छात्रहरूको उच्चारण क्षमता राम्रो रहेको पाइन्छ ।

## ६.१३ वाक्यगत उच्चारण

तालिका ४१

वाक्यगत उच्चारण

| क.सं. | वाक्य | छात्रा | | | | छात्र | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | हाम्रो देश हामीलाई प्यारो लाग्छ । | ५० | १०० | ० | ० | ४७ | ९४ | ३ | ६ |
| २. | आमाले सम्झाउँदै भनिन् । | ४० | ८० | १० | २० | ३९ | ७८ | ११ | २२ |
| ३. | देवकुमारीले पुस्तक पढिन् । | ४१ | ८२ | ९ | १८ | ४३ | ८६ | ७ | १४ |
| ४. | उसले राम्रो चित्र बनायो । | ४६ | ९२ | ४ | ८ | ४७ | ९४ | ३ | ६ |
| ५. | हामीले निकाल्न सकेनौँ । | ४० | ८० | १० | २० | ४४ | ८८ | ६ | १२ |
| ६. | म तिमीलाई नै दिन्छु । | ४८ | ९६ | २ | ४ | ४७ | ९४ | ३ | ६ |
| ७. | राम्ररी नपढे पास भइँदैन । | ३३ | ६६ | १७ | ३४ | ३० | ६० | २० | ४० |
| ८. | भाइ घुम्न गएछ । | ४६ | ९२ | ४ | ८ | ४७ | ९४ | ३ | ६ |
| ९. | आज ठूलो पानी पर्ला । | ४३ | ८६ | ७ | १४ | ४६ | ९२ | ४ | ८ |
| १०. | उनी अनुशासित भएर पढ्थे । | ४५ | ९० | ५ | १० | ४६ | ९२ | ४ | ८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११. | गुरु मञ्चमा आउनुभयो । | ४४ | ८८ | ६ | १२ | ४४ | ८८ | ६ | १२ |
| १२. | खबरदार ! भाग्ने होइन । | ४६ | ९२ | ४ | ८ | ४० | ८० | १० | २० |
| १३. | चोर आयो भने मैले के गर्ने ? | ४६ | ९२ | ४ | ८ | ४९ | ९८ | १ | २ |
| १४. | छि ! कस्ती फोहरी रहेछिन् । | ४३ | ८६ | ७ | १४ | ३६ | ७२ | १४ | २८ |
| १५. | नेपालमा धेरै पर्वहरू मनाइन्छन् । | ३८ | ७६ | १२ | २४ | २९ | ५८ | २१ | ४२ |
| १६. | म त नाँचे । | ४८ | ९६ | २ | ४ | ४५ | ९० | ५ | १० |
| १७. | हामी चाड पर्वमा रमाइलो गर्नेछौँ । | ३७ | ७४ | १३ | २६ | ४१ | ८२ | ९ | १८ |
| १८. | रमिता मिहिनेती छिन् । | ४५ | ९० | ५ | १० | ४२ | ८४ | ८ | १६ |
| १९. | बाबा घुम्न जानुहुन्छ । | ४० | ८० | १० | २० | ४० | ८० | १० | २० |
| २०. | विचरा ! श्यामको बुवा हिजो खस्नु भएछ । | २६ | ५२ | २४ | ४८ | १३ | २६ | ३७ | ७४ |

माथिको तालिकाअनुसार लैङ्गिक आधारमा विद्यार्थीहरूको उच्चारण क्षमताको व्याख्या विश्लेषण गर्दा वाक्यहरूको उच्चारणमा 'हाम्रो देश हामीलाई प्यारो लाग्छ' । वाक्यमा १०० प्रतिशत छात्राहरूले सबभन्दा बढी शुद्ध उच्चारण गरेको पाइन्छ । त्यसैगरी 'चोर आयो भने मैले के गर्ने' वाक्यमा सबभन्दा बढी छात्रहरूको ९८ प्रतिशत उच्चारण क्षमता रहेको पाइन्छ । त्यसैगरी 'उसले राम्रो बनायो' र 'भाइ घुम्न गएछ' वाक्यमा क्रमश: ९४, ९४ प्रतिशत छात्रहरूले शुद्ध उच्चारण गरेको पाइन्छ । त्यसैगरी अन्य बाँकी वाक्यहरूलाई तुलनात्मक रूपमा हेर्दा समग्रमा छात्रहरूको तुलनामा छात्राहरूको वाक्यगत उच्चारण क्षमता राम्रो रहेको पाइन्छ ।

## ६.१४ कविताको श्लोकगत पङ्क्तिसम्बन्धी उच्चारण

तालिका ४२

कविताको पङ्क्ति

| क.सं. | कविताको पङ्क्ति | छात्रा | | | | छात्र | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | | शुद्ध उच्चारण | | त्रुटिपूर्ण उच्चारण | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | यो मेरो घर, छानामा खर, ढुङ्गाको आँगन<br>मन छ ठुलो दिएरै पुग्छ पर्दैन मागन । | ३५ | ७० | १५ | ३० | २२ | ४४ | २८ | ५६ |
| २. | घामले दिन्छ मायालु न्यानो जूनले शीतल<br>मायाले भिजी रसिलो सधैँ मेरो यो भूतल ॥ | ४० | ८० | १० | २० | ३३ | ६६ | १७ | ३४ |
| ३. | फरिया चोली लाएका चेली, छन् मेरा सहेली<br>धान र गहुँ जत्तिकै खेल्छन्, खेतमा बयेली । | ३५ | ७० | १५ | ३० | २५ | ५० | २५ | ५० |
| ४. | मारुनी, घाटु, सोरठी, सेलो, सवाई, दोहोरी<br>मान्दैन मन, आनन्दसँग नखेली, नहेरी ॥ | ४० | ८० | १० | २० | ३७ | ७४ | १३ | २६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५. | मन्दिर, गुम्बा, मस्जिद, चर्च, सबैमा छरिन्छु<br>पोल्टामा दिन्छन् सबैले माया, यत्तिकै भरिन्छु । | ३२ | ६४ | १८ | ३६ | २५ | ५० | २५ | ५० |
| ६. | तिहार, दसैँ, छठ र इद, माघी र ल्होसार<br>साथी छन् धेरै, रमाइलो गर्दै, मनाउँछु चहाड ॥ | ३४ | ६८ | १६ | ३२ | २९ | ५८ | २१ | ४२ |

माथिको तालिकाअनुसार लैङ्गिक आधारमा विद्यार्थीहरूको उच्चारण क्षमताको व्याख्या विश्लेषण गर्दा कविताको पङ्क्ति १ मा छात्राहरूले ७० प्रतिशत र छात्रहरूले ४४ प्रतिशत शुद्ध उच्चारण गरेको पाइन्छ । यसैगरी कविताको पङ्क्ति २ मा छात्राहरूले ८० प्रतिशत र छात्रले ६६ प्रतिशत शुद्ध उच्चारण गरेको देखिन्छ । यसरी अन्य बाँकी कविताका पङ्क्तिहरूको उच्चारण क्षमता हेर्दा समग्रमा छात्रहरूको तुलनामा छात्राहरूको उच्चारण क्षमता राम्रो रहेको पाइन्छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

मानव जीवनको सम्पूर्ण क्रियाकलाप, चिन्तन मनन् तथा अभिव्यक्तिहरूको सशक्त माध्यम भाषा हो । त्यस कारण भाषा मानवीय साधन हो । यसको उपयोग समाजमा नै हुन्छ । भाषाको चार ओटा सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइमध्ये बोलाइ सीप एक महत्त्वपूर्ण सीप हो । बोलाइ सीपअन्तर्गत उच्चारण पर्दछ । मानवीय विचारलाई ध्वन्यात्मक रूपमा प्रकट गर्ने प्रक्रियाको मौखिक स्वरूपलाई उच्चारण भनिन्छ ।

महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत मैथिली मातृभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता शीर्षकको प्रस्तुत शोधपत्रलाई पहिलो, दोस्रो, तेस्रो, चौँथो, पाँचौ, छैठौ र सातौं गरी जम्मा सात ओटा अध्यायमा विभाजन गरिएको छ । प्रत्येक अध्यायलाई विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ ।

यस शोधकार्यमा अध्याय एकमा शोधको परिचयमा अध्ययनको पृष्ठभूमि, अध्ययनको समस्या, अध्ययनको उद्देश्य, अध्ययनको सान्दर्भिकता र उपादेयता (औचित्य) र सीमाङ्कन जस्ता शीर्षकहरू रहेका छन् । कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता, लैङ्गिकताका आधारमा कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता र विद्यालय प्रकृतिको आधारमा कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता पत्ता लगाउनु जस्ता प्रस्तुत शोधकार्यको अध्ययनको उद्देश्य रहेका छन् । मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता पत्ता लगाउनु र तिनको व्याख्या विश्लेषण गरी आवश्यक सुझाव प्रस्तुत गर्नु जस्ता प्रस्तुत शोधपत्रको उद्देश्य रहेका छन् । भाषा शिक्षणलाई नेपाली भाषाको उच्चारणमा शुद्धता ल्याउनका निम्ति अध्ययनको औचित्य निर्धारण गरिएको छ ।

अध्याय दुईमा पूर्वकार्यको समीक्षा जसअन्तर्गत पुस्तक समीक्षा र शोध समीक्षाको बारेमा उल्लेख गरी शोधसमीक्षाअन्तर्गत शीर्षक, उद्देश्य, विधि/प्रक्रिया र निष्कर्ष निकाीलएको छ । सैद्धान्तिक अवधारणाअन्तर्गत उच्चारणको परिचय, उच्चारण शिक्षणको महत्त्व र आवश्यकता, उच्चारणको त्रुटिका क्षेत्र, उच्चारण शिक्षणका कार्यकलाप र तरिका,

उच्चारण शिक्षणको क्रम, उच्चारणसम्बन्धी कमजोरीका कारणहरू र उच्चारण सम्बन्धी समस्याहरूको समाधानका लागि उपायहरूका बारेमा चर्चा गरिएको छ । यसलाई पहिले उठाइएका समस्याहरूको बारेमा जानकारी हुनुका साथै शोधपत्र तयार पार्नलाई सहयोग पुऱ्याइएको देखिन्छ ।

अध्याय तीनमा अध्ययन विधि र प्रक्रियाअन्तर्गत जनसङ्ख्या, नमुना छनोट, तथ्याङ्क सङ्कलनका स्रोतहरू (प्राथमिक स्रोतहरू र द्वितीयक स्रोतहरू), तथ्याङ्क सङ्कलनका साधनहरू, तथ्याङ्क विश्लेषण र शोधकार्यको रूपरेखा उल्लेख गरिएको छ । यसअन्तर्गत महोत्तरी जिल्लाका पाँचवटा संस्थागत र पाँचवटा सामुदायिक विद्यालयका ५० जना छात्र र ५० जना छात्राहरू गरी जम्मा १०० जना कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूलाई नमुना छनोटका रूपमा लिइएको छ । त्यसैगरी सस्वरपठन अन्तर्गत शब्द उच्चारण, वाक्य उच्चारण र कविताको पङ्क्ति उच्चारण आदिलाई तथ्याङ्क सङ्कलनका साधनको रूपमा प्रस्तुत गरिएको छ ।

अध्याय चारमा उच्चारण क्षमताको व्याख्या र विश्लेषणमा विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको अध्ययन विश्लेषण गरिएको छ । यसअन्तर्गत प्राणत्वसम्बन्धी शब्दहरू, घोषत्वसम्बन्धी शब्दहरू, हलन्त र अजन्त वर्णयुक्त शब्दहरू, संयुक्त 'स' वर्णयुक्त शब्दहरू, य/ए वर्णयुक्त शब्दहरू, ड/ढ वर्णयुक्त शब्दहरू, व/ब वर्णयुक्त शब्दहरू, अकार र आकार लागेका शब्दहरू, 'ण' वर्णयुक्त शब्दहरू, 'क्ष' वर्णयुक्त शब्दहरू, संयुक्त वर्णसँगको र को उच्चारण हुने शब्दहरू, रेफ ( ̕ ) लागेका शब्दहरू, वाक्यहरू र कविताको पङ्क्तिका उच्चारण क्षमताको व्याख्या तालिकीकरण गरी विश्लेषण गरिएको छ । समग्रमा मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको व्याख्या र विश्लेषण गरिएको छ ।

अध्याय पाँचमा विद्यालय प्रकृतिका आधारमा मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको तालिकीकरण गरी व्याख्या र विश्लेषण गरिएको छ । यसअन्तर्गत पाँचवटा संस्थागत र पाँचवटा सामुदायिक विद्यालयका विद्यार्थीहरूको उच्चारण क्षमताको व्याख्या र विश्लेषण गरिएको छ ।

अध्याय छमा लैङ्गिकताका आधारमा मैथिलीभाषी विद्यार्थीहरूको उच्चारण क्षमताको तालिकीकरण गरी व्याख्या र विश्लेषण गरिएको छ । यस अन्तर्गत ५० जना छात्रा र ५० जना छात्र विद्यार्थीहरूको उच्चारण क्षमताको अध्ययन गरिएको छ ।

अध्याय सातमा सारांश, निष्कर्ष, सुझाब र उपयोगिताअन्तर्गत नीतिगत तह, प्रयोगगत तह र भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू रहेको छ । अन्त्यमा सन्दर्भसूची, परिशिष्ट र व्यक्तिवृत्त अभिलेख रहेको छ ।

## ७.२ निष्कर्ष

प्रस्तुत शोधकार्यमा महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूको उच्चारण क्षमताको परीक्षण गरी व्याख्या, विश्लेषण र तालिकीकरण गरिएको छ । उक्त व्याख्या र विश्लेषणबाट प्राप्त निष्कर्षहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- मैथिली भाषी विद्यार्थीहरूले प्राणत्वसम्बन्धी शब्दहरूको उच्चारण गर्दा 'बाघ' शब्दमा ९९ प्रतिशत र 'माघ' शब्दमा ९८ प्रतिशत शुद्ध उच्चारण गरेको पाइयो । विद्यार्थीहरूले प्राणत्वसम्बन्धी शब्दहरूमध्ये 'विद्यार्थी' शब्दलाई 'विधार्थी र विधयार्थी' र 'विद्यालय' शब्दलाई 'विधालय' र 'विधयाल' उच्चारण गरेको हुनाले यी शब्दहरूको उच्चारण क्षमता कम रहेको पाइयो ।
- मैथिली भाषी विद्यार्थीहरूले घोषत्वसम्बन्धी शब्दहरूको उच्चारण गर्दा 'किताब' र 'लाग्छ' शब्दमा १०० प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइयो । घोषत्वसम्बन्धी शब्दहरूमध्ये केही शब्दहरूजस्तै 'लोग्ने' र 'माग्नु' शब्दलाई विद्यार्थीहरूले 'लोगने/लागने' र 'माग्नु' उच्चारण गरी अशुद्ध उच्चारण गरेको पाइयो ।
- मैथिली भाषी विद्यार्थीहरूले हलन्त र अजन्त वर्णयुक्त शब्दहरूमध्ये 'घर' र 'एवम्' शब्दमा १०० प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइयो । हलन्त र अजन्त वर्णयुक्त शब्दहरूको उच्चारण गर्दा विद्यार्थीहरू हलन्तलाई अजन्त र अजन्तलाई हलन्त गरी उच्चारण गरेको पाइयो । विद्यार्थीहरूले 'दु:ख' शब्दलाई 'दुख्' उच्चारण गरेको बढी पाइयो ।
- मैथिली भाषी विद्यार्थीहरूले संयुक्त 'स' वर्णयुक्त शब्दहरूको उच्चारण गर्दा 'स्कुल' शब्दमा ९७ प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइयो भने 'स्वस्थ्य' शब्दमा ५७ प्रतिशत विद्यार्थीहरूले मात्र शुद्ध उच्चारण गरेको पाइयो । संयुक्त 'स' वर्णयुक्त शब्दको उच्चारण गर्दा पूर्ण रूपमा 'स' को उच्चारण गरेको र 'स्थाई'

शब्दलाई 'अस्थाई/स्थाई', 'अस्थाई' शब्दलाई 'स्थाई', 'अस्थायी', 'स्पष्ट' शब्दलाई 'अस्पष्ट' र 'स्तर' शब्दलाई 'अस्तर/स्तर' उच्चारण गरेको पाइयो ।

- मैथिली भाषी विद्यार्थीहरूले य/ए वर्णयुक्त शब्दहरूको उच्चारण गर्दा 'पाए' र 'एउटा' शब्दको उच्चारण ९८ प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइयो । विद्यार्थीहरूले य र ए वर्णको उच्चारण गर्दा 'य' वर्णको उच्चारण 'ए' 'ई', 'अ' र 'ए' वर्णको उच्चारण 'य, अ' गरेको पाइयो ।
- मैथिली भाषी विद्यार्थीहरूले ड/ढ वर्णयुक्त शब्दहरूको उच्चारण गर्दा 'सडक', 'कपडा' र 'साबुन' शब्दमा ९६ प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइयो । विद्यार्थीहरूले ड/ढ वर्णयुक्त शब्दहरूको उच्चारण गर्दा 'ड' वर्णलाई 'ढ' र 'ढ' वर्णलाई 'ड' उच्चारण गरेको पाइयो । जस्तै 'पढाउनु' शब्दलाई 'पडाउनु' र 'गाढा' शब्दलाई 'गाडा' उच्चारण गरेको पाइयो ।
- मैथिली भाषी विद्यार्थीहरूले व/ब वर्णयुक्त शब्दहरूको उच्चारण गर्दा 'वाक्य' र 'किताब' शब्दको उच्चारण १०० प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइयो । विद्यार्थीहरूले 'व' वर्णको ठाउँमा 'ब' र 'ब' वर्णको ठाउँमा 'व' को उच्चारण गरेको पाइयो । त्यस्तै 'वन्यजन्तु' शब्दलाई 'बनजन्तु र वनजन्तु' उच्चारण गरी त्रुटि गरेको पाइयो ।
- अकार र आकार लागेका शब्दहरूको उच्चारणमा मैथिली भाषी विद्यार्थीहरूले 'अमला' शब्दमा ९८ प्रतिशत शुद्ध उच्चारण गरेको पाइयो भने 'सामान' र सामाजिक शब्दको उच्चारणमा 'सामान' शब्दलाई 'समान' र 'सामाजिक' शब्दलाई समाजिक उच्चारण गरी त्रुटि गरेको पाइयो । विद्यार्थीहरूले 'अकार' को उच्चारण 'आकार' र 'आकार' को उच्चारण 'अकार' गरेको पाइयो ।
- मैथिली भाषी विद्यार्थीहरूले 'ण' वर्णयुक्त शब्दहरूको उच्चारण गर्दा सबभन्दा बढी त्रुटि गरेको पाइयो । 'ण' वर्णयुक्त शब्दहरूको उच्चारण क्षमता ० प्रतिशत देखियो । मैथिली भाषी विद्यार्थीहरूलाई 'ण' वर्णको उच्चारण गर्न कठिन भएको पाइयो । विद्यार्थीहरूले 'ण' वर्णलाई 'न' उच्चारण गरेको पाइयो ।
- 'क्ष' वर्णयुक्त शब्दहरूको उच्चारण गर्दा मैथिली भाषी विद्यार्थीहरूले 'क्षेत्र' शब्दमा १०० प्रतिशत शुद्ध उच्चारण गरेको पाइयो भने अन्य 'क्ष' वर्णयुक्त शब्दहरूको

उच्चारण गर्दा 'क्ष' वर्णलाई 'छ' उच्चारण गरेको पाइयो । जस्तैः 'कक्षा' शब्दको उच्चारण 'कछया' र 'कछा' र 'पक्ष' शब्दको उच्चारण 'पछय' र 'पछ' उच्चारण गरेको पाइयो ।

- संयुक्त वर्णसँगको 'र' को उच्चारण हुने शब्दहरूमा मैथिली भाषी विद्यार्थीहरूले 'प्रकाशन' शब्दमा ९५ प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइयो । मैथिली भाषी विद्यार्थीहरूले संयुक्त वर्णसँगको 'र' को उच्चारण गर्दा केही विद्यार्थीहरूले मात्र संयुक्त 'र' को उच्चारण पूर्ण 'र' गरी गरेको जस्तैः 'प्रयोग' शब्दलाई 'परयोग', त्यस्तै 'प्रतिक्षा' र 'प्रदूषण' शब्दमा विद्यार्थीहरूले बढी त्रुटि गरेको पाइयो । 'प्रतिक्षा' शब्दलाई 'प्रतिछा/परतिछा' र 'प्रदूषण' शब्दलाई सबै विद्यार्थीहरूले प्रदूषणको 'ण' वर्णको उच्चारण 'न' गरी त्रुटि गरेको पाइयो ।
- रेफ ( र्) लागेका शब्दहरूको उच्चारण गर्दा मैथिली भाषी विद्यार्थीहरूले 'धर्ती' शब्दको १०० प्रतिशत शुद्ध उच्चारण गरेको पाइयो । अन्य शब्दहरूको उच्चारण गर्दा 'धर्म' शब्दलाई 'धरम', 'कर्म' शब्दलाई 'करम' र 'गर्व' शब्दलाई 'गरब' उच्चारण गरेको पाइयो ।
- मैथिली भाषी विद्यार्थीहरूले वाक्यहरूको उच्चारण गर्दा 'म तिमीलाई नै दिन्छु' वाक्यमा ९५ प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइयो भने 'विचरा ! श्यामको बुवा हिजो खस्नु भएछ ।' वाक्यमा ३९ प्रतिशत विद्यार्थीहरूले मात्र शुद्ध उच्चारण गरेको पाइयो । यस वाक्यको उच्चारण गर्दा 'विचरा' शब्दलाई 'बिचारा', 'श्याम' शब्दलाई 'सयाम' र 'भएछ' शब्दलाई 'भयो' भनी उच्चारण गर्दा बढी त्रुटि गरेको पाइयो ।
- कविताको श्लोकबाट पङ्क्तिको उच्चारण गर्दा मैथिली भाषी विद्यार्थीहरूले कविताको पङ्क्ति ४ मा ७७ प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइयो । त्यस्तै अन्य पङ्क्तिहरूको उच्चारण गर्दा विद्यार्थीहरूले कविताको पङ्क्तिमा भएका शब्दगत उच्चारणहरूमा त्रुटि गरी पङ्क्तिगत उच्चारणमा त्रुटि गरेको पाइयो ।
- विद्यालय प्रकृतिका आधारमा कक्षा आठमा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको तुलनात्मक व्याख्या विश्लेषण गर्दा सामुदायिक

विद्यालयका विद्यार्थीहरूका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता शुद्ध रहेको पाइयो ।

- लैङ्गिकताका आधारमा कक्षा आठमा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको व्याख्या विश्लेषण गर्दा छात्रहरूको तुलनामा छात्रहरूको नेपाली उच्चारण क्षमता शुद्ध रहेको पाइयो भने रेफ ( र्‍ ) लागेका वर्णयुक्त शब्दहरूको उच्चारणमा छात्राहरूको भन्दा छात्रहरूको नेपाली उच्चारण क्षमता राम्रो रहेको पाइयो ।

## ७.३ सुझाब

भाषा शिक्षण भनेको भाषिक सिपको शिक्षण गर्नु हो । जसले भाषा शिक्षणको अर्थ वास्तविक अर्थ बुझ्दैन उसले भाषा शिक्षण नगरी विषयवस्तुको शिक्षण गर्न पुग्दछ । भाषिक सिपको प्रयोग गर्न सिपालु बनाउनु नै वास्तविक अर्थमा भाषा शिक्षण हो । भाषाको शुद्ध, स्पष्ट र मानक प्रयोग सम्बन्धी क्षमता बढाउनु नै भाषा शिक्षण हो ।

भाषा शिक्षण एक जटिल कार्य हो । त्यसैले कुनै पनि भाषाको शिक्षण गर्दा विद्यार्थीहरूको वास्तविक भाषिक पृष्ठभूमिको पहिचान गरेर मात्र भाषा शिक्षण गर्नुपर्दछ । त्यस्तै दोस्रो भाषाका रूपमा नेपाली भाषा शिक्षण गर्नु पनि एक जटिल कार्य हो । किनभने दोस्रो भाषा सिकाइका क्रममा पहिलो भाषाले प्रत्यक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । यसकारण दोस्रो भाषाका रूपमा नेपाली सिकाउँदा विद्यार्थीहरूको पहिलो भाषा कुन भनी ख्याल गरी शिक्षण गर्नुपर्दछ । दोस्रो भाषाका रूपमा नेपाली सिक्नै मैथिली मातृभाषी भएका विद्यार्थीहरूले पनि विभिन्न रूपमा त्रुटि गरेको पाइन्छ । मैथिली भाषी विद्यार्थीहरूले विशेष गरी कुनै पनि वर्ण, अक्षर र शब्दको स्तरीय उच्चारण गर्नमा त्रुटि गरेको पाइन्छ अर्थात् विभिन्न अध्ययन अनुसन्धानको प्राप्त तथ्याङ्कबाट के जानकारी हुन्छ भने मैथिली भाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमतामा कमजोरी रहेको पाइन्छ । त्यसकारण मैथिलीभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको पहिचान, वर्गीकरण, विश्लेषण गरी त्यस्ता त्रुटिहरू सुधार र निराकरण गर्नका लागि निम्नलिखित सुझाबहरू अपनाउन सकिन्छ :

- नेपाली विषय शिक्षण गर्ने शिक्षक दक्ष र तालिम प्राप्त हुनु पर्दछ ।

- नेपाली विषयको पाठ्यक्रम र पाठ्यपुस्तक विद्यार्थीहरूको स्तर र क्षमतानुसार निर्माण गर्नुपर्दछ र आवश्यकतानुसार परिमार्जन गर्नुपर्दछ ।
- नेपाली विषयको शिक्षण गर्दा स्तरीय रूपमा नेपाली सिकाउने प्रयास गर्नुपर्दछ ।
- नेपाली भाषा शिक्षण गर्ने शिक्षकमा दुई वा दुईभन्दा बढी भाषा र स्थानीय भाषाको ज्ञान हुनु जरुरी देखिन्छ ।
- नेपाली भाषा वा विषयको शिक्षण गर्दा आवश्यकतानुसार शिक्षण विधि र विभिन्न पाठ्यपुस्तकसँग सम्बन्धित सन्दर्भ तथा अभ्यास पुस्तकहरूको प्रयोग गरी शिक्षण गर्नुपर्ने व्यवस्था गर्नुपर्दछ ।
- नेपाली भाषाको शिक्षण गर्दा भाषाका चारवटै सिपलाई महत्त्व दिँदै उच्चारण ( बोलाइ) सिपलाई बढी  केन्द्रित गरी शिक्षण गर्न जरुरी देखिन्छ । किनभने जस्तो उच्चारण गऱ्यो, त्यस्तो सुनिने, बोलिने र लेख्ने गर्दछ ।
- नेपाली विषयको शिक्षकको छनोट मूल विषयको रूपमा नेपाली विषय लिएर पढेका र उपयुक्त शैक्षिक योग्यता प्राप्त शिक्षकलाई मात्र नेपाली विषय पढाउनु दिनुपर्दछ ।
- राजनैतिक कारणले देखिएको जुनसुकै शिक्षकले नेपाली पढाउने प्रवृत्तिलाई हटाउनुपर्दछ ।
- नेपाली विषय शिक्षण गर्दा पाठ्यपुस्तकमा दिएको शुद्धसँग उच्चारण गर्नुहोस् भन्ने अभ्यासलाई वास्तविक रूपमा प्रयोगमा ल्याउन आवश्यक देखिन्छ । किनभने यो पक्षलाई बेवास्ता गरी शिक्षण गरेको देखिन्छ ।
- कुनै पनि वर्ण, शब्द र अक्षरको उच्चारण गराउँदा प्रयोगात्मक नेपाली शब्दकोश ( अधिकारी र भट्टराई, २०७१) को उच्चारणगत प्रयोग पक्षलाई आधार मानी उच्चारण शिक्षण गर्नुपर्दछ ।
- तराईतिरका जिल्लाहरूमा मातृभाषामा नेपाली विषय पढाउने प्रवृत्तिलाई हटाउनुपर्दछ ।
- शिक्षण सिकाइका क्रममा विद्यार्थीहरूले कुनै पनि शब्द वा वाक्यको उच्चारणमा त्रुटि गरेमा शिक्षकले सुधार गर्दै लैजानुपर्दछ ।

- भाषालाई शुद्ध र व्यवस्थित बनाउनमा व्याकरणको महत्त्वपूर्ण भूमिका हुन्छ । त्यसैले व्याकरण शिक्षण गर्दा निगमन भन्दा आगमन विधिको प्रयोग गरी शिक्षण गर्नुपर्दछ ।
- उच्चारणमा पछिसम्म शुद्धता ल्याउन सानै कक्षादेखि नै विद्यार्थीहरूलाई शुद्ध, स्पष्ट र स्तरीय रूपमा वर्ण, अक्षर र शब्दको उच्चारणमा ध्यान दिनुपर्ने हुन्छ ।
- वर्तमान संरचनानुसार रहेको आधारभूत तहमा जुनसुकै विषय लिएर पढेको शिक्षकले तल्लो तहमा सबै विषय पढाउने प्रवृत्तिलाई हटाएर तल्लो तहमा पनि विषयानुसारको शिक्षक नियुक्ति गर्नुपर्ने आवश्यकता देखिन्छ ।
- मैथिली भाषी विद्यार्थीहरूलाई मुख्य रूपमा उच्चारणमा कठिनाइ हुने शब्दहरूको छनोट गरी ती शब्दहरूको उच्चारणमा पनि बढी केन्द्रित हुनुपर्ने जरुरी रहेको देखिन्छ ।
- उच्चारण शिक्षण गर्दा के कसरी गर्ने भन्ने पूर्व जानकारी शिक्षकमा नभएको कारण बढी त्रुटि गरेको पाइयो । त्यसकारण शिक्षकलाई आवश्यकतानुसार तालिमको व्यवस्था सरकारी निकायले गर्नुपर्दछ ।
- नेपाली विषयको शिक्षण गर्दा नेपाली भाषालाई ध्यान दिँदै विद्यार्थीहरूलाई विभिन्न क्रियाकलाप (संवाद, वादविवाद, घटना वर्णन, वस्तु (चित्रवर्णन) जस्ता कार्यमा सरिक गराएर शिक्षण गर्नुपर्दछ, जसले गर्दा विद्यार्थीहरूको उच्चारण क्षमता के कस्तो रहेछ थाहा पाई सुधार गर्दै जानुपर्दछ ।
- शिक्षण सिकाइ कार्यमा निर्णयात्मक प्रवृत्तिलाई हटाउँदै निर्माणात्मक र निरन्तर मूल्याङ्कन प्रक्रियाको ढाँचा अपनाउनुपर्ने देखिन्छ ।
- कक्षामा अध्ययन गर्न आएका अन्य मातृभाषी भएका विद्यार्थीहरूलाई विद्यालय परिसरमा शिक्षक र साथीहरूसँग नेपाली भाषामै बोल्न लगाउनुपर्दछ ।
- उच्चारण शिक्षण सामूहिक र व्यक्तिगत दुबै रूपमा गर्नुपर्ने देखिन्छ ।
- शब्दहरू घोकाएर भन्दा अक्षर संरचनाको ज्ञान दिई प्रायोगिक पक्षलाई बढी ध्यान दिएर उच्चारण अभ्यास गराउनु आवश्यक देखिन्छ ।
- निजी विद्यालयहरूमा प्राय अङ्ग्रेजीलाई बढी महत्त्व दिएको हुन्छ, त्यहाँ नेपाली विषय बाहेक अरू समयमा नेपाली बोलेमा दण्ड दिने जस्ता नियम पनि देखिन्छ ।

तसर्थ यस्ता नियममा सुधार ल्याई अङ्ग्रेजी जतिकै नेपाली भाषालाई पनि महत्त्व दिनुपर्ने हुन्छ ।

- शुद्ध उच्चारण गराउनको लागि शिक्षकले बढीभन्दा बढी कक्षामा विद्यार्थीहरूलाई सस्वरवाचन गर्न लगाई कठिन शब्दहरूको उच्चारण गर्न लगाउने जस्ता क्रियाकलापहरू गराउनुपर्छ ।
- मैथिलीभाषी विद्यार्थीहरूलाई तल्लो तहदेखि ध्वनि, वर्ण र उच्चारणमा विशेष अभ्यास गराउनु पर्छ ।
- उच्चारण सम्बन्धी अभ्यास गराउँदा विशेष गरी शब्द तहमा जोड दिनु पर्ने देखिन्छ ।
- वर्तमान मूल्याङ्कन प्रणालीलाई परिमार्जन गरी उच्चारण क्षमताको मूल्याङ्कनका लागि मौखिक परीक्षाको व्यवस्था गर्नु आवश्यक देखिन्छ ।
- आवश्यकताअनुसार विद्यार्थीलाई पुनर्बलन स्वरूप पुरस्कारको व्यवस्था गरी उच्चारणगत सिकाइ प्रभावकारी बनाउन सकिने देखिन्छ ।
- महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताभन्दा पनि पठनशक्ति कमजोर रहेको देखिन्छ । मैथिली भाषी विद्यार्थीहरूले प्रायजसो शुद्धसँग पढ्न नजानेर त्रुटि गरेको पाइन्छ । तसर्थ विद्यार्थीहरूलाई शुद्ध उच्चारण गराउनको लागि पठन शक्तिको विकास गराउनुपर्दछ ।

## ७.४ उपयोगिता

शोधको शैक्षणिक उपयोगितालाई नीतिगत र प्रयोगगत उपयोगिता गरी दुई तहमा विभाजन गरी निम्नानुसार प्रस्तुत गरिएको छ :

### ७.४.१ नीतिगत तह

१. पाठ्यपुस्तकको उपयुक्तता र अनुपयुक्तताका आधारमा पाठ्यपुस्तकको मूल्याङ्कन गर्न सहयोग पुऱ्याउँछ ।

२. प्रस्तुत शोधपत्रले भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गर्न महत्त्वपूर्ण स्थान दिई पाठ्यपुस्तकमा अभ्यासका रूपमा परीक्षामा प्रश्नपत्रका रूपमा समेत अनिवार्य रूपले समावेश गराउन सहयोग गर्दछ ।

३. शैक्षिक नीति निर्माताहरूलाई शैक्षिक नीति निर्माणका क्रममा सम्बन्धित विषयमा उपयुक्त आधार प्रदान गर्न सहयोग गर्दछ ।

४. प्रस्तुत शोधपत्रले भाषा पाठ्यपुस्तकमा भाषाका चारवटै सीपहरूको विकास गर्दै लैजान सहयोग गर्दछ ।

५. पाठ्यपुस्तकको चयन गर्दा क्षेत्र, वर्ग, भाषिक पृष्ठभूमि, उमेर, समूह जस्ता विविध पक्षलाई ध्यानमा राखी पाठ्यपुस्तकको छनोट र स्तरण गर्न सहयोग गर्दछ ।

६. यस अध्ययनले उच्चारण क्षमतासँग सम्बन्धित अध्ययन अनुसन्धानका लागि आधार प्रदान गर्नेछ ।

७. यस अध्ययनले कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले शब्द, वाक्य र कविताको पङ्क्तिगत केकस्ता शब्दहरूको उच्चारण गर्दा त्रुटि गरेका छन्, भनी पहिचान गरी शिक्षकलाई मार्गनिर्देशन गर्दछ ।

८. उच्चारण शिक्षणको सैद्धान्तिक अवधारणा बारे थाहा पाउन र जानकारी पाउन सहयोग पुग्नेछ ।

९. यस अध्ययनले दोस्रो भाषाका रूपमा नेपाली बोल्ने विद्यार्थीहरूका लागि प्रारम्भिक कक्षादेखि नै उच्चारण शिक्षण कार्यकलापको आवश्यकताको बोध गराउने हुनाले पाठ्यक्रम परिस्कार र परिमार्जन गर्न सहयोग मिल्नेछ ।

### ७.४.२ प्रयोगगत तह

प्रयोगगत उपयोगितालाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

१. प्रस्तुत शोधअध्ययनले मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता के कस्तो छ भन्ने कुराको जानकारी पाउन सहयोग पुऱ्याउने छ ।

२. उच्चारणका क्रममा विद्यार्थीहरूले कस्ता त्रुटिहरू गर्दछन् र ती त्रुटिहरू के कारणले गर्दा भएको हो भनी पहिचान गरी निराकरणका उपायहरू अवलम्बन गर्न सहयोग पुऱ्याउने छ ।

३. नेपाली भाषा शिक्षण गर्दा विषय शिक्षकलाई भाषिक सचेतताका बारेका थप सहयोग गर्नेछ ।

४. यस अध्ययनले विद्यार्थीको स्तर, क्षमता र आवश्यकतानुसार दोस्रो भाषा शिक्षणका शिक्षण सामग्री, विधि तथा पद्धतिको खोजी गर्न सहयोग पुऱ्याउने छ ।

५. यस अध्ययनले शिक्षक र विद्यार्थी दुबैलाई पृष्ठपोषण प्रदान गर्दछ ।

६. यस अध्ययनबाट विद्यालय तहमा नेपाली भाषा पाठ्यक्रम परिमार्जन गर्न सहयोग मिल्नेछ ।

७. प्रस्तुत अध्ययनले विद्यार्थीको उच्चारण क्षमताको मूल्याङ्कन गरी कक्षा शिक्षण गर्दा अपनाउनुपर्ने क्रियाकलापको बोध गराउने छ ।

## ७.५ भावी अध्ययनका लागि सम्भाव्य शीर्षकहरू

अनुसन्धान आफैँमा व्यापक र जटिल कार्य हो । आजको बदलिँदो परिस्थितिमा एउटै विषयलाई पनि विभिन्न दृष्टिकोणबाट प्रस्तुत गर्न सकिन्छ । यस अध्ययनबाट अन्य विभिन्न शीर्षकहरूमा समेत अध्ययन गर्न सकिने हुन्छ । अतः त्यस्ता अध्ययन गर्ने सम्भावित शीर्षकहरू निम्नानुसार छन् :

१. महोत्तरी जिल्लामा बोलिने मैथिली भाषा सम्बन्धी एक अध्ययन

२. मैथिलीभाषी विद्यार्थीहरूलाई दोस्रो भाषाका रूपमा नेपाली शिक्षण गर्दा आइपर्ने समस्याहरूको अध्ययन

३. माध्यमिक तहमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको अध्ययन

४. मैथिलीभाषी ग्रामीण र शहरी क्षेत्रमा विद्यार्थीहरूको उच्चारण क्षमताको अध्ययन

५. महोत्तरी जिल्लाका आधारभूत तहमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन

६. मैथिली भाषा र भाषिकाको अध्ययन

७. मैथिली र नेपाली भाषाको वाक्य गठनको तुलनात्मक अध्ययन

# सन्दर्भ सामग्री सूची


अधिकारी, विष्णुप्रसाद (२०७३), *माध्यमिक शिक्षक स्रोत सामग्री,* काठमाडौँ : आशिष बुक हाउस प्रा.लि. ।

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (२०७१), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

अर्याल, बबिता (२०७४), 'धादिङ जिल्लाका कक्षा आठमा अध्ययनरत तामाङ्भाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

खत्री, हर्कबहादुर (२०७२), 'उदयपुर जिल्लाका कक्षा आठमा अध्ययनरत थारुभाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

घलान, विद्यारत्न (२०७३), 'मकवानपुर जिल्लाका कक्षा छमा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६९), *नेपाली भाषा शिक्षण परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन ।

ढकाल, शान्तिप्रसाद र केशवराज पोखरेल (२०६५), *साधारण नेपाली,* काठमाडौँ : प्रधान बुक हाउस ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७०), *सामान्य र प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७२), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

तिमल्सिना, शुभद्रा (२०७३), 'सर्लाही जिल्लाका तामाङ भाषी विद्यार्थीहरूको नेपाली भाषा उच्चारण क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

दाहाल, दुर्गाप्रसाद (२०७२), *स्नातक अनिवार्य नेपाली,* काठमाडौंः एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स ।

दाहाल, दुर्गाप्रसाद र निरौला, कृष्णप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स ।

न्यौपाने, टङ्कप्रसाद र अन्य (२०६९), *सामान्य भाषाविज्ञान,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

नुगो, कमल प्रकाश (२०७०), 'कक्षा पाँचमा अध्ययनरत लिम्बु मातृभाषी विद्यार्थीहरूले नेपाली उच्चारण गर्ने त्रुटिहरूको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

पंडित, पिंकीकुमारी (२०७३), 'सुनसरी जिल्लाका कक्षा नौमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटि', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

भण्डारी, सीताकुमारी (२०७२), 'बर्दिया जिल्लाका कक्षा आठमा अध्ययनरत थारुभाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

भुसाल, केशव (२०७०), *सामान्य भाषाविज्ञान,* काठमाडौँ : पाठशाला पब्लिकेसन ।

महर्जन, दिलशोभा (२०७२), 'कक्षा पाँचमा अध्ययनरत नेवार भाषी विद्यार्थीहरूले नेपाली शब्दोच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

यादव, कमली कुमारी (२०७४), 'कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

यादव, रेखाकुमारी (२०६९), 'सप्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिकाइमा गर्ने उच्चारणगत त्रुटिको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

लम्साल, रामचन्द्र र ज्ञवाली, रामप्रसाद (२०७२), *नेपाली,* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

लामा, विना (२०७३), 'धादिङ जिल्लाका कक्षा छमा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

लामिछाने, यादवप्रकाश (२०६५), *सामान्य र प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल, खगेन्द्रप्रसाद (२०७४), *नेपाली वर्णविन्यास (नियम, समस्या र समाधान),* काठमाडौँ : आठराई पब्लिकेसन प्रा.लि. ।

## परिशिष्ट (क)

## महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग अन्तर्गतका एम.एड चौथो सत्रको शोधपत्र लेख्ने प्रयोजनका लागि निर्मित प्रश्नावली

### (क) उच्चारणका लागि उपयोग गरिने शब्दहरूको सूची

१. तल दिइएका प्राणत्वसम्बन्धी शब्दहरूको उच्चारण गर्नुहोस् ।

| | |
|---|---|
| साझा | साडी |
| चलाख | उठान |
| बाघ | माघ |
| विद्यार्थी | विद्यालय |

२. तल दिइएका घोषत्वसम्बन्धी शब्दहरूको उच्चारण गर्नुहोस् ।

| | |
|---|---|
| नगद | कागज |
| सदस्य | रगत |
| किताब | लोग्ने |
| लाग्छ | माग्नु |

३. तल दिइएका हलन्त र अजन्त वर्णयुक्त शब्दहरूको उच्चारण गर्नुहोस् ।

| | |
|---|---|
| दुःख | अब |
| झ्याल | काम |
| घर | पढ्नु |
| भगवान | एवम् |

४. तल दिइएका संयुक्त ‘स’ वर्णयुक्त उच्चारण गर्नुहोस् ।

| | |
|---|---|
| स्वस्थ्य | स्याल |
| स्पष्ट | स्थान |
| स्कुल | स्तर |
| स्थाई | अस्थाई |

५. तल दिइएका य/ए वर्णयुक्त शब्दहरूको उच्चारण गर्नुहोस् ।

| | |
|---|---|
| समय | पाए |
| कतिपय | क्राएर |
| सजाय | यथार्थ |
| एउटा | घरायसी |

६. तल दिइएका ड/ढ वर्णयुक्त शब्दहरूको उच्चारण गर्नुहोस् ।

| | |
|---|---|
| गाढा | सडक |
| बाढी | कपडा |
| बढी | गोडा |
| झगडा | पढाउनु |

७. तल दिइएका व/ब वर्णयुक्त शब्दहरूको उच्चारण गर्नुहोस् ।

| | |
|---|---|
| वाक्य | भावना |
| विषय | किताब |
| विनाश | साबुन |
| वन्यजन्तु | विचार |

८. तल दिइएका अकार र आकार लागेका शब्दहरूको उच्चारण गर्नुहोस् ।

| | |
|---|---|
| असहाय | सामान |
| अमला | सामाजिक |
| पहाड | आगामी |
| सादा | समाचार |

९. तल दिइएका ण वर्णयुक्त शब्दहरूको उच्चारण गर्नुहोस् ।

| | |
|---|---|
| गुण | परिणाम |
| ग्रहण | द्रोण |
| करण | दक्षिणा |
| कारण | गणेश |

१०. तल दिइएका क्ष वर्णयुक्त शब्दहरूको उच्चारण गर्नुहोस् ।

| | |
|---|---|
| सक्षम | कक्षा |
| पक्ष | परीक्षा |
| विपक्ष | रक्षा |
| क्षण | क्षेत्र |

११. तल दिइएका संयुक्त वर्णसँगको ‘र’ को उच्चारण गर्नुहोस् ।

| | |
|---|---|
| प्रतिक्षा | प्रकाशन |
| प्रतिभा | प्रयोग |
| प्रदुषण | प्रगति |
| प्रगुन | प्रतिष्ठा |

१२. तल दिइएका रेफ ( ^र् ) लागेका शब्दहरूको उच्चारण गर्नुहोस् ।

| | |
|---|---|
| कर्म | अर्थ |
| धर्म | वर्षा |
| गर्व | सर्जक |
| निर्दयी | धर्ती |

**(ख) तल दिइएका वाक्यहरू पढ्नुहोस् ।**

२१. हाम्रो देश हामीलाई प्यारो लाग्छ ।

२२. आमाले सम्झाउँदै भनिन् ।

२३. देवकुमारीले पुस्तक पढिन् ।

२४. उसले राम्रो चित्र बनायो ।

२५. हामीले निकाल्न सकेनौँ ।

२६. म तिमीलाई नै दिन्छु ।

२७. राम्ररी नपढे पास भइँदैन ।

२८. भाइ घुम्न गएछ ।

२९. आज ठूलो पानी पर्ला ।

३०. उनी अनुशासित भएर पढ्थे ।

३१. गुरु मञ्चमा आउनुभयो ।

३२. खबरदार ! भाग्ने होइन ।

३३. चोर आयो भने मैले के गर्ने ?

३४. छि ! कस्ती फोहरी रहेछिन् ।

३५. नेपालमा धेरै पर्वहरू मनाइन्छन् ।

३६. म त नाँचे ।

३७. हामी चाड पर्वमा रमाइलो गर्नेछौँ ।

३८. रमिता मिहिनेती छिन् ।

३९. बाबा घुम्न जानुहुन्छ ।

४०. विचरा ! श्यामको बुवा हिजो खस्नु भएछ ।

**(ग) तल दिइएका कविताका श्लोकहरू लय मिलाएर पढ्नुहोस् ।**

मेरो घर

- प्रभा भट्टराई

यो मेरो घर, छानामा खर, ढुङ्गाको आँगन
मन छ ठुलो दिएरै पुग्छ पर्दैन मागन ।
घामले दिन्छ मायालु न्यानो जूनले शीतल
मायाले भिजी रसिलो सधैँ मेरो यो भूतल ॥

फरिया चोली लाएका चेली, छन् मेरा सहेली
धान र गहुँ जत्तिकै खेल्छन्, खेतमा बयेली ।
मारुनी, घाटु, सोरठी, सेलो, सवाई, दोहोरी
मान्दैन मन, आनन्दसँग नखेली, नहेरी ॥

मन्दिर, गुम्बा, मस्जिद, चर्च, सबैमा छरिन्छु
पोल्टामा दिन्छन् सबैले माया, यत्तिकै भरिन्छु ।
तिहार, दसैँ, छठ र इद, माघी र ल्होसार
साथी छन् धेरै, रमाइलो गर्दै, मनाउँछु चहाड ॥

## परिशिष्ट (ख)

## छनोट परेका विद्यालय विद्यार्थीहरूको नामावली

शोधकार्यमा समाविष्ट सामुदायिक विद्यालयका विद्यार्थीहरूको नामावली

१. श्री ने.रा. नारायणी आधारभूत (०-८) विद्यालय, बर्दिबास नगरपालिका-१२, चल्की, विजलपुरा, प्रदेश नं. २

| क्र.सं. | छात्रा | क्र.सं. | छात्र |
|---|---|---|---|
| १ | पुनिता कुमारी महतो | १ | विषूण कुमार महतो |
| २ | अमृता कुमारी साह | २ | रीयाज बैठा |
| ३ | उम्मति खातुन | ३ | राजेश कुमार महतो |
| ४ | असमा खातुन | ४ | कमाल हसन |
| ५ | पुजा कुमारी राउत | ५ | नन्दलाल कुमार महतो |

२. श्री त्रिभुवन माध्यमिक (०-१२) विद्यालय गौशाला बजार, महोत्तरी

| क्र.सं. | छात्रा | क्र.सं. | छात्र |
|---|---|---|---|
| १ | सोनिया कुमारी पण्डित | १ | रविन्द्र देव महतो |
| २ | विभा कुमारी महतो | २ | शेष इरफान हसन |
| ३ | चाँदनी कुमारी महतो | ३ | आदित्य ठाकुर |
| ४ | नगीना कुमारी ठाकुर | ४ | चन्दन महरा |
| ५ | प्रेरणा कुमारी सिंह | ५ | रामु साह |

३. श्री जनता माध्यमिक विद्यालय, डाँडाटोल, विजलपुरा, बर्दिबास न.पा.-१३, महोत्तरी

| क्र.सं. | छात्रा | क्र.सं. | छात्र |
|---|---|---|---|
| १ | वीष्णा कुमारी महतो | १ | आभितोष राउत |
| २ | पुष्पा कुमारी महतो | २ | सुरेश कुमार महतो |
| ३ | अर्चना कुमारी लोहार | ३ | अमन कुमार महतो |
| ४ | राधा कुमारी सिंह | ४ | नविन साह |
| ५ | प्रमिला कुमारी महतो | ५ | विजय चौधरी |

४.	श्री जनता माध्यमिक विद्यालय, गौशाला न.पा.-४ (रजखोर), महोत्तरी

| क्र.सं. | छात्रा | क्र.सं. | छात्र |
|---|---|---|---|
| १ | आरती कुमारी गुप्ता | १ | विकास कुमार साह |
| २ | राधा कुमारी महतो | २ | अजय कुमार सहनी |
| ३ | सबनम महतो | ३ | मुकेश कुमार साह |
| ४ | चन्द्रिका सिँह | ४ | श्याम कुमार साह |
| ५ | मनिषा कुमारी सहनी | ५ | राज कुमार साह |

५.	वीरेन्द्र माध्यमिक विद्यालय, गौशाला न.पा.-८, बेलगाछी (महोत्तरी)

| क्र.सं. | छात्रा | क्र.सं. | छात्र |
|---|---|---|---|
| १ | सुस्मिता साह | १ | मुकेश साह |
| २ | रेणु साह | २ | महेश  साह |
| ३ | मनिषा महतो | ३ | रूपेश महतो |
| ४ | चन्द्रिका साह | ४ | श्याम साह |
| ५ | विनिता साह | ५ | रामपुकार महतो |

संस्थागत विद्यालयको नाम र विद्यार्थीको नामावली

१. रूपेक्स एकेडेमी इङ्लिस मेडियम स्कुल, गौशाला-५, महोत्तरी

| क्र.सं. | छात्रा | क्र.सं. | छात्र |
|---|---|---|---|
| १ | पुजा कुमरी साह | १ | पंकज कुमार गुप्ता |
| २ | राखी कुमारी साह | २ | शत्रुधन साह |
| ३ | विपाशा साह | ३ | सुलभ कुमरा साह |
| ४ | इस्तिा शर्मा | ४ | बिट्टु साह |
| ५ | निकि साह | ५ | मुकेश कुमार महतो |

२. नव क्षितिज सेकेन्डरी स्कुल, गौशाला बजार -५, महोत्तरी

| क्र.सं. | छात्रा | क्र.सं. | छात्र |
|---|---|---|---|
| १ | आरुषी कुमारी | १ | रञ्जित यादव |
| २ | मनिषा कुमारी यादव | २ | वीरेन्द्र यादव |
| ३ | स्नेहा अधिकारी | ३ | नीतिश कुमार यादव |
| ४ | पुजा कुमरी चौधरी | ४ | रामबिबेक यादव |
| ५ | आरती कुमारी साह | ५ | नवीन कुमार यादव |

३. श्री सरस्वती ज्ञानोदय इङ्लिस बोर्डिङ स्कुल, गौशाला बजार-५, महोत्तरी

| क्र.सं. | छात्रा | क्र.सं. | छात्र |
|---|---|---|---|
| १ | रूपाञ्जली यादव | १ | मनिष कुमार महतो |
| २ | स्वेता साह | २ | कुनाल कुमार चौधरी |
| ३ | स्नेहा गुप्ता | ३ | प्रभात कुमार यादव |
| ४ | पुष्पा यादव | ४ | रिशाद अनसारी |
| ५ | नेहा झा | ५ | कृष्णा कुमार साह |

४.	श्री शान्ति निकेतन इङ्लिस बोर्डिङ स्कुल, गौशाला-२, महोत्तरी

| क्र.सं. | छात्रा | क्र.सं. | छात्र |
|---|---|---|---|
| १ | सोनु सिंह | १ | पंकज सिँह |
| २ | बबिता साह | २ | कृष्णा साह |
| ३ | चाँदनी साह | ३ | आदित्य राउत |
| ४ | रविता साह | ४ | राहुल, गोसाइँ |
| ५ | पुजा साह | ५ | समिर चौधरी |

५.	भानुभक्त मेमोरियल सेकेण्डरी इङ्लिस बोर्डिङ स्कुल, गौशाला-१, रामनगर, महोत्तरी

| क्र.सं. | छात्रा | क्र.सं. | छात्र |
|---|---|---|---|
| १ | वर्षा कुमारी महतो | १ | त्रिवेन्द्र यादव |
| २ | कविता सिँह | २ | अनिश कुमार यादव |
| ३ | सुधा साह | ३ | बजरङ्गी साह |
| ४ | मान्ती महतो | ४ | सुनिल सादा |
| ५ | किरण कुशवाहा | ५ | विबेक कुमार महतो |

# व्यक्तिवृत्त



| | | |
|---|---|---|
| नाम | : | मञ्जु कुमारी साह |
| ठेगाना | : | गौशाला बजार-५, महोत्तरी, नेपाल |
| बुवाको नाम | : | जयनारायण साह |
| आमाको नाम | : | शैलीदेवी साह |
| तह | : | स्नातकोत्तर तह (एम.एड.) |
| भाषा | : | नेपाली, मैथिली, हिन्दी |
| धर्म | : | हिन्दु |
| राष्ट्रियता | : | नेपाली |
| सम्पर्क नं. | : | ९८६०४६२९४२ |

**शैक्षिक योग्यता**

| तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी.) | श्री त्रिभुवन मा.वि., महोत्तरी | २०६२ | द्वितीय |
| प्रवीणता प्रमाणपत्र तह (१०+२) | श्री त्रिभुवन उ.मा.वि., महोत्तरी | २०६५ | द्वितीय |
| स्नातक तह (बी.एड.) | महेन्द्ररत्न क्याम्पस, ताहाचल, काठमाडौँ | २०७१ | द्वितीय |
| स्नातकोत्तर तह (एम.एड.) | विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर | २०७५ | |